उनीहरूको मूल सिद्धान्तहरूमध्ये एक हो: कियामतको इन्कार गर्नु, स्वर्ग र नरकलाई अस्वीकार गर्नु र सबै धर्महरूलाई इन्कार गर्नु। जसले उनीहरूका पुस्तकहरू हेर्छ र उनीहरूको विचारधारा अध्ययन गर्छ, उसले यो कुरा निश्चित रूपमा जान्दछ। यसमा कुनै शंका छैन यो विश्वास समस्त ईश्वरीय धर्महरूको विपरीत छ र यसका अनुयायीहरूलाई यस संसार र परलोकमा सबैभन्दा खराब परिणामहरूतर्फ डोऱ्याउछ।

इस्लामविरोधी आस्थाहरूमध्ये केही सूफी सम्प्रदायसँग सम्बन्धित भनाइहरू पनि उल्लेख गरिन्छ। उनीहरूको केही मान्यता अनुसार केही 'औलिया' (सन्त) हरूले यस संसारको व्यवस्थापन र सञ्चालन गर्छन्, जसलाई उनीहरूले अक्ताब, औताद र गौस जस्ता नामहरू दिन्छन्। यो रूबुबियत (प्रभुत्व र ईश्वरत्व) मा शिर्क हो र यसलाई अल्लाहको महानता र सर्वोच्चताको विरुद्धमा गरिने अत्यन्त गम्भीर साझेदारी (शिर्क) मानिन्छ।

जसले इस्लामपूर्व युगका प्रारम्भिक मानिसहरूको बहुदेववादलाई विचार गर्छ र यसलाई पछिल्ला पुस्ताहरूमा व्याप्त बहुदेववादसँग तुलना गर्छ, उसले पछिल्ला पुस्ताहरूको बहुदेववाद ठूलो र गम्भीर भएको पाउनेछ। यसलाई निम्नानुसार व्याख्या गरिएको छ: जाहिलियत (इस्लामपूर्व) का काफिरहरू दुई कुराले विशेष रूपमा चिनिन्थे: पहिलो कुरा: उनीहरूले रबूबियत (प्रभुत्व) मा शिर्क गर्दैनथे, बरु उनीहरूको शिर्क इबादतमा थियो। उनीहरूले अल्लाह तआला एक्लै रब

(पालनकर्ता) हुनुहुन्छ भन्ने स्वीकार गर्थे, जसरी अल्लाह तआलाले भन्नुभएको छ:

﴿وَلَئِن سَأَلۡتَهُم مَّنۡ خَلَقَهُمۡ لَيَقُولُنَّ ٱللَّهُ...﴾

"यदि तपाईंले उनीहरूलाई 'तिमीहरूलाई कसले सृष्टि गऱ्यो?' भनी सोध्नुभयो भने, उनीहरूले अवश्य भन्नेछन्: 'अल्लाहले'...।" [अज्जुख्रुफ: ८७]

अल्लाहले भन्नुभएको छ:

﴿قُلۡ مَن يَرۡزُقُكُم مِّنَ ٱلسَّمَآءِ وَٱلۡأَرۡضِ أَمَّن يَمۡلِكُ ٱلسَّمۡعَ وَٱلۡأَبۡصَٰرَ وَمَن يُخۡرِجُ ٱلۡحَيَّ مِنَ ٱلۡمَيِّتِ وَيُخۡرِجُ ٱلۡمَيِّتَ مِنَ ٱلۡحَيِّ وَمَن يُدَبِّرُ ٱلۡأَمۡرَۚ فَسَيَقُولُونَ ٱللَّهُۚ فَقُلۡ أَفَلَا تَتَّقُونَ ٣١﴾

"(हे नबी!) तपाईं सोध्नुहोस्: 'कसले तिमीहरूलाई आकाश र पृथ्वीबाट जीविका दिन्छ? तिमीहरूको श्रवणशक्ति र दृष्टिमाथि कसको अधिकार छ? कसले निर्जीवबाट सजीवलाई निकाल्छ र सजीवबाट निर्जीवलाई निकाल्छ? अनि कसले सम्पूर्ण सृष्टिको व्यवस्था चलाउँछ?' उनीहरूले निःसन्देह भन्नेछन्: 'अल्लाह।' तब तपाईं भन्नुहोस्: 'त्यसो भए तिमीहरू किन डराउँदैनौ?"

[यूनुसः ३१] यस अर्थका धेरै अन्य आयतहरू पनि छन्।

दोस्रो कुरा: उनीहरूको इबादतमा गरिएको शिर्क सधैं हुने खालको थिएन; बरु त्यो केवल सुख–सुविधा (आराम) को अवस्थामा मात्र हुन्थ्यो। तर कठिनाइ र संकटको अवस्थामा उनीहरू अल्लाहका लागि

मात्र इबादतलाई शुद्ध बनाउँथे, जसरी अल्लाह तआलाले भन्नुभएको छ:

﴿فَإِذَا رَكِبُواْ فِي ٱلۡفُلۡكِ دَعَوُاْ ٱللَّهَ مُخۡلِصِينَ لَهُ ٱلدِّينَ فَلَمَّا نَجَّىٰهُمۡ إِلَى ٱلۡبَرِّ إِذَا هُمۡ يُشۡرِكُونَ ۝٦٥﴾

"जब उनीहरू डुंगामा चढ्छन्, तब उनीहरू धर्मलाई शुद्ध गर्दै केवल अल्लाहलाई पुकार्छन्; तर जब उहाँले उनीहरूलाई बचाएर स्थलमा ल्याउनुहुन्छ, त्यसपछि उनीहरू फेरि शिर्क गर्न थाल्छन्।"

[अन्कबूत: ६५]

तर पछिल्ला बहुदेववादीहरूले दुई तरिकाले अघिल्लाहरूलाई उछिनेका छन्: पहिलो पक्ष: उनीहरूमध्ये केहीले रबूबियत (अल्लाहको प्रभुत्व) मा पनि शिर्क गरेका छन्। दोस्रो पक्ष: उनीहरूको शिर्क सुख–दुःख दुवै अवस्थामा हुने गर्छ। यो कुरा उनीहरूसँग बस्ने, उनीहरूको अवस्था बुझ्ने र उनीहरूले विभिन्न प्रसिद्ध कबर र मजारहरूमा गर्ने कार्यहरू अवलोकन गर्नेहरूले प्रष्ट रूपमा थाहा पाउँछन्। मिश्रमा हुसेन र बदवीका कबरहरूमा, अदनमा ईदरोस, यमनमा हादी, शाम (सिरिया) मा इब्न अरबी, इराकमा शेख अब्दुल कादिर जिलानी तथा यस्तै अन्य प्रसिद्ध चिहानहरूमा सर्वसाधारणले गर्ने क्रियाकलापहरूबाट यो कुरा प्रष्ट देखिन्छ।

तिनीहरूले यस्ता कबरहरूमा विभिन्न प्रकारका इबादत गर्छन्, जसमा अल्लाह तआलाको अधिकार अरूतर्फ फर्काइन्छ। तर थोरै मात्र मानिस छन्, जसले उनीहरूलाई यसबाट रोक्छन् र अल्लाहले आफ्ना

नबी मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) तथा उहाँअघिका रसूलहरू मार्फत पठाउनुभएको शुद्ध तौहीदको वास्तविकता स्पष्ट पार्छन्।

त्यसैले हामी भन्छौँ: "इन्ना लिल्लाही व इन्ना इलैहि राजिऊन" — निश्चय नै हामी अल्लाहकै हौँ र उहाँतर्फ नै फर्किनेछौँ।

अल्लाहका नाम र गुण (अस्मा व सिफात) सम्बन्धी सही आस्थाको विपरीत पर्ने आस्थाहरूमध्ये जहमिय्या, मुताजिला र उनीहरूको मार्ग अनुसरण गर्नेहरूको आस्था पनि पर्दछ। उनीहरूले अल्लाह तआलाका गुणहरूलाई अस्वीकार गर्छन्, उहाँमा कुनै पनि विशेषता नभएको दाबी गर्छन् र यसरी उहाँलाई अस्तित्वहीन वा निर्जीव वस्तुजस्तो रूपमा प्रस्तुत गर्ने प्रयास गर्छन्। अल्लाह उनीहरूको भनाइभन्दा अत्यन्त उच्च र महान् हुनुहुन्छ।

यसमा ती मानिसहरू पनि पर्छन्, जसले अल्लाहका केही गुणहरूलाई स्वीकार गर्छन् र केहीलाई अस्वीकार गर्छन्; जस्तै अशाएराहरूको आस्था। उनीहरूले स्वीकार गरेका गुणहरूको विषयमा पनि त्यही प्रश्न उठ्छ, जसबाट बच्न उनीहरूले अस्वीकार गरेका गुणहरूको व्याख्या (तावील) गरेका हुन्छन्। यसरी उनीहरूले श्रवणीय (कुरआन–हदीसका) र बौद्धिक प्रमाणहरूको विरोध गर्छन् र यस विषयमा स्पष्ट रूपमा विरोधाभासमा परेका छन्।

जहाँसम्म अह्लुस्सुन्नह वल-जमाअतको कुरा छ, उनीहरूले अल्लाह तआला प्रति ती सबै नाम र गुणहरूलाई स्वीकार गरेका छन्, जुन

अल्लाहले आफ्नो लागि प्रमाणित गर्नुभएको छ वा उहाँका रसूल मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) ले उहाँका लागि प्रमाणित गर्नुभएको छ, पूर्णता (कम्माल) को रूपमा। साथै उनीहरूले अल्लाहलाई उहाँका सृष्टिसँग तुलना गर्ने कुराबाट पवित्र र मुक्त ठानेका छन्—त्यस्तो पवित्रता जसमा कुनै पनि प्रकारको नकार (तअतील) को मिश्रण हुँदैन।

यसरी उनीहरूले सबै प्रमाणहरूलाई स्वीकार गरे, न त तिनलाई विकृत (तह्रीफ) गरे, न त नकारे (तअतील) गरे। यसरी उनीहरू अरूमा देखिएको विरोधाभासबाट सुरक्षित रहे—जसको चर्चा पहिले नै भइसकेको छ।

यो नै मुक्ति र सुखको मार्ग हो—दुनिया र आखेरत दुवैमा। यही सोझो मार्ग (सिरातुल मुस्तकीम) हो, जसमा यस उम्मतका सलफ (पूर्वज) र इमामहरूले अवलम्बन गरेका थिए।

अन्तिम पुस्ता पनि त्यही मार्गबाट मात्र सुधारिनेछ, जसबाट पहिलो पुस्ता सुधारिएको थियो। त्यो भनेको कुरआन र सुन्नहको अनुसरण गर्नु र ती दुवैको विपरीत जाने कुराहरूलाई त्याग्नु हो। हामी महान् अल्लाहसँग यस राष्ट्रलाई फेरि सही मार्गदर्शन गर्न, उपदेशकहरूको संख्या बढाउन, यसका नेताहरू र विद्वानहरूलाई बहुदेववादसँग लड्न, यसलाई उन्मूलन गर्न र यसको माध्यमहरू विरुद्ध चेतावनी दिन सफलता प्रदान गर्न प्रार्थना गर्दछौं...। निश्चय नै उहाँ सर्वश्रोता र अत्यन्त नजिक हुनुहुन्छ। अल्लाह नै सफलताको मालिक हुनुहुन्छ। उहाँ नै हाम्रो लागि पर्याप्त हुनुहुन्छ र उत्तम भरोसा योग्य हुनुहुन्छ। उहाँबिना कुनै शक्ति र कुनै

सामर्थ्य छैन। अल्लाहले आफ्ना दास र रसूल, हाम्रा नबी मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) तथा उहाँका परिवार र उहाँका सहाबाहरूमाथि शान्ति र बरकत प्रदान गरून्।

***

بِسْمِ اللهِ الرَّحمَنِ الرَّحِيمِ

## दोस्रो पत्र:

## नबी (सल्लल्लाहु अलैहि वसल्लम) सँग मद्दत माग्ने सम्बन्धी हुकुम

समस्त प्रशंसा अल्लाहका लागि हुन्। दरूद र सलाम (शान्ति र कृपा) अल्लाहका रसूल, उहाँका परिवार, सबै सहाबा तथा उहाँको मार्गदर्शन अनुसरण गर्नेहरूमाथि अवतरित होस्।

“अम्मा बअ्द: कुवेती पत्रिका ‘अल-मुज्तमा’ ले आफ्नो १५औं अंक (मिति १९/४/१३९० हिजरी) मा ‘पैगम्बरको जन्मजयन्ती’ शीर्षकअन्तर्गत केही कविताहरू प्रकाशित गरेको छ। ती कविताहरूमा नबी ﷺ सँग सहायता (इस्तिगाथा) माग्ने र उहाँबाट मद्दत चाहिने विषय समेटिएको थियो, ताकि उम्मतलाई सम्हाल्न, सहयोग गर्न र उनीहरूलाई आपसी विभाजन तथा मतभेदबाट जोगाउन सकियोस्। उक्त कविता ‘आमिना’ नाम गरेकी एक महिलाको नामबाट प्रकाशित गरिएको थियो। यहाँ ती कविताको अंश प्रस्तुत छ:

हे अल्लाहका रसूल, यस संसारलाई बचाउनुहोस्, ...जसमा युद्धको आगो सल्किरहेको छ र स्वयं त्यो त्यसैको ज्वालामा जलिरहेको छ।

हे अल्लाहका रसूल, उम्मतको उद्धार गर्नुहोस्, ....जसको यात्रा शङ्काको अन्धकारमा लामो भइसकेको छ।

हे अल्लाहका रसूल, उम्मतको उद्धार गर्नुहोस्, ...जसका लक्ष्यहरू

शोकको भुलभुलैयामा हराएका छन्।

त्यसपछि उनले भनिन्:

हे नबी! छिटो विजय प्रदान गर्नुहोस्, ...जसरी तपाईंले बद्रको दिन छिटो विजय दिलाउनुभयो, जब तपाईंले अल्लाहलाई पुकार्नुभयो।

तब अपमान एक शानदार विजयमा परिणत भयो, ...निश्चय नै अल्लाहका यस्ता सेनाहरू छन् जसलाई देख्न सकिँदैन।

यसरी यस लेखिकाले बिर्सेर वा अनजानमा रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई गुहार माग्दै उहाँसँग शीघ्र विजयद्वारा उम्मतको उद्धार गर्न आग्रह गरेकी छिन्। तर विजय केवल अल्लाहकै हातमा छ, नबी ﷺ वा अन्य कुनै सृष्टिको हातमा होइन। जस्तो कि अल्लाहले आफ्नो स्पष्ट किताबमा भन्नुभएको छ:

﴿...وَمَا النَّصْرُ إِلَّا مِنْ عِنْدِ اللَّهِ الْعَزِيزِ الْحَكِيمِ﴾

"...विजय केवल अल्लाहबाट आउँछ, जो सर्वशक्तिमान र बुद्धिमान् हुनुहुन्छ।" [आले इम्रानः १२६] अल्लाहले भन्नुभएको छः

﴿إِنْ يَنْصُرْكُمُ اللَّهُ فَلَا غَالِبَ لَكُمْ وَإِنْ يَخْذُلْكُمْ فَمَنْ ذَا الَّذِي يَنْصُرُكُمْ مِنْ بَعْدِهِ...﴾

“यदि अल्लाहले तिमीहरूलाई सहायता गर्नुभयो भने, तिमीहरूमाथि कसैले पनि विजय प्राप्त गर्न सक्दैन। यदि उहाँले तिमीहरूलाई त्याग्नुभयो भने, उहाँपछि तिमीहरूलाई सहायता गर्ने अरू

को छ?" [आले इमरान: १६०]

प्रार्थना र गुहार (इस्तिगासा) जस्ता कार्यहरू वास्तवमा उपासना (इबादत) का विशेष प्रकार हुन्, जसलाई अल्लाह बाहेक अरू कसैप्रति समर्पित गर्नु जायज हुँदैन। यसो गर्नु जायज छैन भन्ने कुरा स्पष्ट प्रमाण तथा सर्वसम्मति (इज्मा) द्वारा प्रमाणित छ। महान् अल्लाहले मानिसहरूलाई आफ्नो उपासना (इबादत) का लागि सृष्टि गर्नुभयो। र उहाँले त्यही उपासनाको व्याख्या गर्न, त्यसतर्फ आमन्त्रण गर्न र मार्गदर्शन दिनका लागि रसूलहरू (सन्देशवाहकहरू) पठाउनुभयो तथा पुस्तकहरू अवतरण गर्नुभयो, जस्तै अल्लाहले भन्नुभएको छ:

﴿وَمَا خَلَقْتُ الْجِنَّ وَالْإِنْسَ إِلَّا لِيَعْبُدُونِ۝٥٦﴾

"मैले जिन्न र मानवलाई केवल आफ्नो उपासनाको लागि सृष्टि गरेको छु।" [अज्जारियात: ५६] अल्लाहले भन्नुभएको छ:

﴿وَلَقَدْ بَعَثْنَا فِي كُلِّ أُمَّةٍ رَسُولًا أَنِ اعْبُدُوا اللَّهَ وَاجْتَنِبُوا الطَّاغُوتَ...﴾

"निश्चय नै हामीले प्रत्येक समुदायमा एक रसूल (सन्देशवाहक) पठायौं, ताकि तिनीहरूले केवल अल्लाहको उपासना गरून् र तागूतबाट टाढा रहून्..।" [अन्नहलः ३६] अल्लाहले भन्नुभएको छः

﴿وَمَا أَرْسَلْنَا مِنْ قَبْلِكَ مِنْ رَسُولٍ إِلَّا نُوحِي إِلَيْهِ أَنَّهُ لَا إِلَٰهَ إِلَّا أَنَا فَاعْبُدُونِ۝٢٥﴾

"हामीले तिमीभन्दा अघि कुनै पनि रसूल पठाएनौं, तर हामीले उनलाई यही 'वह्य' (प्रकाश) गर्यौं: 'म बाहेक अरू कोही पूज्य छैन, त्यसैले मेरो मात्र इबादत गर।" [अल् अम्बियाः २५] अल्लाहले

भन्नुभएको छः

﴿الر كِتَابٌ أُحْكِمَتْ آيَاتُهُ ثُمَّ فُصِّلَتْ مِنْ لَدُنْ حَكِيمٍ خَبِيرٍ۝ أَلَّا تَعْبُدُوا إِلَّا اللَّهَ إِنَّنِي لَكُمْ مِنْهُ نَذِيرٌ وَبَشِيرٌ۝﴾

"अलिफ-लाम-रा। यो एउटा यस्तो पुस्तक हो, जसका आयतहरू सुदृढ बनाइएका छन्, त्यसपछि सर्वज्ञ, तत्वदर्शी अल्लाहबाट विस्तृत रूपमा व्याख्या गरिएका छन्।

तिमीहरूले अल्लाह बाहेक अरू कसैको इबादत नगर। निश्चय नै, म तिमीहरूलाई उहाँकै तर्फबाट चेतावनी दिने र शुभसूचना सुनाउने व्यक्ति हुँ।" [हूदः १-२]

यी स्पष्ट (मोहकम) आयतहरूमा अल्लाह तआलाले प्रस्ट पार्नुभएको छ, उहाँले जिन्न र मानव (दुई समुदाय) लाई केवल आफ्नो एक्लै इबादत गर्नका लागि सृष्टि गर्नुभएको हो जसमा उहाँको कोही पनि साझेदार छैन। उहाँले रसूलहरू (अलैहिमुस्सलाम) लाई यही इबादतको आदेश दिन र यसको विपरीत कुराबाट रोक्न पठाउनुभएको हो भन्ने कुरा पनि स्पष्ट गर्नुभयो। साथै, उहाँले आफ्ना पवित्र ग्रन्थका आयतहरूलाई अत्यन्त सुदृढ र विस्तृत रूपमा बयान गर्नुभएको छ, ताकि उहाँ बाहेक अरू कसैको इबादत नगरियोस्।

यो स्पष्ट रूपमा ज्ञात छ कि उपासनाको अर्थ हो: अल्लाहको एकत्व (तौहीद) स्वीकार गर्नु र उहाँको आज्ञापालन गर्नु—उहाँका आदेशहरूको पालना गरेर र उहाँका निषेधहरूबाट टाढा रहेर। अल्लाहले हामीलाई धेरै आयतहरूमा यसबारे आदेश दिनुभएको छ,

जसमा उहाँको यो कथन पनि समावेश छ:

﴿وَمَا أُمِرُوا إِلَّا لِيَعْبُدُوا اللَّهَ مُخْلِصِينَ لَهُ الدِّينَ حُنَفَاءَ...﴾

"उनीहरूलाई केवल अल्लाहकै उपासना गर्न, उहाँप्रति धर्ममा निष्ठावान रहन र सत्यतर्फ एकनिष्ठ (एकाग्र) हुन मात्र आदेश दिइएको थियो..।" [अल्-बय्यिना: ५] अल्लाहले भन्नुभएको छ:

﴿وَقَضَى رَبُّكَ أَلَّا تَعْبُدُوا إِلَّا إِيَّاهُ...﴾

"तिम्रा पालनकर्ताले आदेश दिनुभएको छ कि तिमीहरूले उहाँ बाहेक अरू कसैको उपासना नगर...।" [अल् इस्राः २३] अल्लाहले भन्नुभएको छ:

﴿إِنَّآ أَنزَلۡنَآ إِلَيۡكَ ٱلۡكِتَٰبَ بِٱلۡحَقِّ فَٱعۡبُدِ ٱللَّهَ مُخۡلِصٗا لَّهُ ٱلدِّينَ ۝٢ أَلَا لِلَّهِ ٱلدِّينُ ٱلۡخَالِصُۚ وَٱلَّذِينَ ٱتَّخَذُواْ مِن دُونِهِۦٓ أَوۡلِيَآءَ مَا نَعۡبُدُهُمۡ إِلَّا لِيُقَرِّبُونَآ إِلَى ٱللَّهِ زُلۡفَىٰٓ إِنَّ ٱللَّهَ يَحۡكُمُ بَيۡنَهُمۡ فِي مَا هُمۡ فِيهِ يَخۡتَلِفُونَۗ إِنَّ ٱللَّهَ لَا يَهۡدِي مَنۡ هُوَ كَٰذِبٞ كَفَّارٞ ۝٣﴾

"निस्सन्देह, हामीले तिमीलाई सत्यताका साथ ग्रन्थ अवतरित गरेका छौं। त्यसैले अल्लाहको उपासना गर, उहाँप्रति निष्ठावान (एकनिष्ठ) भएर।

जानिराख, धर्म केवल अल्लाहकै लागि हो। जसले उहाँ बाहेक अरूलाई संरक्षक बनाएका छन्, उनीहरू भन्छन्: 'हामी उनीहरूको उपासना केवल यस कारण गर्छौं कि उनीहरूले हामीलाई अल्लाहको नजिक ल्याइदिऊन्।' निश्चय नै, अल्लाहले उनीहरूबीच भएको विवादको निर्णय गर्नुहुन्छ। निश्चय नै, अल्लाह झूटो र कृतघ्न काफिरलाई

मार्गदर्शन गर्नुहुन्न।" [अज्जुमर: २-३]

यस विषयमा धेरै आयतहरू छन् र ती सबैले केवल अल्लाहको मात्र उपासना गर्ने तथा उहाँ बाहेक अरू सबैको उपासना त्याग्नुपर्ने कुरालाई प्रमाणित गर्दछन्—चाहे ती सन्देशवाहकहरू हुन् वा अन्य कुनै पनि व्यक्ति।

निस्सन्देह, प्रार्थना (दुआ) उपासनाका सबैभन्दा महत्त्वपूर्ण र व्यापक रूपहरूमध्ये एक हो, त्यसैले यो केवल अल्लाहकै लागि निष्कपट रूपमा गर्नुपर्छ, जस्तै सर्वशक्तिमान अल्लाहले भन्नुभएको छ:

﴿فَادْعُوا اللَّهَ مُخْلِصِينَ لَهُ الدِّينَ وَلَوْ كَرِهَ الْكَافِرُونَ﴾

"त्यसैले अल्लाहलाई पुकार, आफ्नो उपासनालाई उहाँकै लागि निष्ठापूर्वक बनाउँदै, चाहे काफिरहरूलाई यो मन नपरोस्।" [गाफिर: १४] अल्लाहले भन्नुभएको छ :

﴿وَأَنَّ الْمَسَاجِدَ لِلَّهِ فَلَا تَدْعُوا مَعَ اللَّهِ أَحَدًا﴾

"मस्जिदहरू केवल अल्लाहका लागि हुन्, त्यसैले अल्लाहसँगै कसैलाई नपुकार।" [अल-जिन्न : १८] दुआलाई केवल अल्लाहतर्फ समर्पित गर्ने यो निर्देशन नबीहरू लगायत सम्पूर्ण सृष्टिलाई समेट्छ; जस्तै उहाँको भनाइ:

﴿وَلَا تَدْعُ مِنْ دُونِ اللَّهِ مَا لَا يَنْفَعُكَ وَلَا يَضُرُّكَ فَإِنْ فَعَلْتَ فَإِنَّكَ إِذًا مِنَ الظَّالِمِينَ﴾

"अल्लाह बाहेक त्यस्तालाई नपुकार, जसले तिमीलाई न त फाइदा

पुऱ्याउन सक्छ न त हानि नै। यदि तिमीले त्यसो गऱ्यौ भने, निश्चय नै तिमी अत्याचारीहरू (जालिमहरू) मध्ये हुनेछौ।" [यूनुसः १०६] यो सम्बोधन नबी ﷺ का लागि हो, र अल्लाह सुब्हानहुले उहाँलाई शिर्कबाट सुरक्षित राख्नुभएको कुरा सर्वविदित छ। तर यसको उद्देश्य अरूलाई चेतावनी दिनु हो। त्यसपछि उहाँ (अल्लाह) ले भन्नुभयो:

﴿وَلَا تَدۡعُ مِن دُونِ ٱللَّهِ مَا لَا يَنفَعُكَ وَلَا يَضُرُّكَ فَإِن فَعَلۡتَ فَإِنَّكَ إِذٗا مِّنَ ٱلظَّٰلِمِينَ ١٠٦﴾

"अल्लाहबाहेक त्यस्तालाई नपुकार, जसले तिमीलाई न लाभ पुऱ्याउन सक्छ न हानि। यदि तिमीले त्यसो गऱ्यौ भने, निश्चय नै तिमी अत्याचारीहरूमध्ये हुनेछौ।" [यूनुसः १०६] यो सम्बोधन नबी ﷺ लाई गरिएको हो, तर यसको उद्देश्य अरू मानिसहरूलाई चेतावनी दिनु हो; किनकि अल्लाहले आफ्ना रसूललाई शिर्क (बहुदेववाद) बाट सुरक्षित राख्नुभएको कुरा सर्वविदितै छ। त्यसपछि अल्लाह تعالى ले निषेध र चेतावनीलाई अझ कडा पार्दै भन्नुभयो:

﴿...فَإِنْ فَعَلْتَ فَإِنَّكَ إِذًا مِنَ الظَّالِمِينَ﴾

"...यदि तिमीले त्यसो गर्यौ भने, तिमी निश्चय नै अत्याचारीहरूमध्ये हुनेछौ।" जब 'जुल्म' (अत्याचार/अन्याय) सामान्य रूपमा प्रयोग गरिन्छ, त्यसको अर्थ ठूलो शिर्क (अल्लाहसँग साझेदार ठहराउने) हुन्छ, जसरी अल्लाह तआलाले भन्नुभएको छ:

﴿...وَالْكَافِرُونَ هُمُ الظَّالِمُونَ﴾

"...काफिरहरू नै अत्याचारी (जालिम) हरू हुन्।"

[अल्-बकरह: २५४] अल्लाहले भन्नुभएको छ:

﴿...إِنَّ الشِّرْكَ لَظُلْمٌ عَظِيمٌ﴾

"...निश्चय नै शिर्क (बहुदेववाद) ठूलो अत्याचार हो।" [लुकमानः १३] यदि मानवजातिका नायक हाम्रा नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले पनि अल्लाह बाहेक अरूलाई पुकार्नुभयो भने उहाँ पनि अत्याचारी (जालिम) मध्ये पर्नुहुनेछ भने, उहाँ बाहेक अरूको अवस्था कस्तो होला?!

यी र यस्तै अन्य आयतहरूबाट स्पष्ट हुन्छ कि अल्लाह बाहेक अरूलाई (जस्तै: मृतकहरू, रूखहरू, मूर्तिहरू आदि) पुकार्नु अल्लाहसँग शिर्क गर्नु हो। यो अल्लाहको उपासनामा एकत्व (तौहीद) को विपरीत हो, जसका लागि अल्लाहले जिन्न र मानवलाई सृष्टि गर्नुभयो, रसूलहरू पठाउनुभयो र किताबहरू अवतरित गर्नुभयो। साथै, यो 'ला इलाहा इल्लल्लाह' को अर्थ र अभिप्रायको पनि विपरीत छ, किनकि यसको अर्थ अल्लाह बाहेक अरूको उपासनालाई अस्वीकार गर्नु र केवल अल्लाहकै लागि उपासनालाई स्थापित गर्नु हो। जसरी अल्लाहले भन्नुभएको छ:

﴿ذَٰلِكَ بِأَنَّ ٱللَّهَ هُوَ ٱلۡحَقُّ وَأَنَّ مَا يَدۡعُونَ مِن دُونِهِۦ هُوَ ٱلۡبَٰطِلُ وَأَنَّ ٱللَّهَ هُوَ ٱلۡعَلِيُّ ٱلۡكَبِيرُ ۝٦٢﴾

"किनभने अल्लाह नै सत्य हुनुहुन्छ र उहाँ बाहेक जसलाई

उनीहरूले पुकार्छन् ती सबै असत्य हुन्। निश्चय नै अल्लाह सर्वोच्च र महान हुनुहुन्छ।" [अल्-हज: ६२]

यो नै धर्मको मूल आधार र दीन (धर्म) को जग हो। यो मूल आधार सही नभएसम्म कुनै पनि उपासना मान्य हुँदैन। अल्लाहले भन्नुभएको छ:

﴿وَلَقَدْ أُوحِيَ إِلَيْكَ وَإِلَى الَّذِينَ مِنْ قَبْلِكَ لَئِنْ أَشْرَكْتَ لَيَحْبَطَنَّ عَمَلُكَ وَلَتَكُونَنَّ مِنَ الْخَاسِرِينَ﴿٦٥﴾﴾

"निश्चय नै तिमीतर्फ र तिमीभन्दा अघिका (रसूलहरू) तर्फ पनि यही वहि गरिएको छ; यदि तिमीले शिर्क गर्यौ भने अवश्य नै तिम्रा कर्महरू नष्ट हुनेछन् र तिमी घाटामा पर्नेहरूमध्ये हुनेछौ।" [अज्जुमर: ६५] अल्लाहले भन्नुभएको छ:

﴿...وَلَوْ أَشْرَكُوا لَحَبِطَ عَنْهُمْ مَا كَانُوا يَعْمَلُونَ﴾

"... यदि उनीहरूले शिर्क गरे भने, तिनीहरूले गरेका सबै कर्महरू निश्चय नै नष्ट हुनेछन्।" [अल् अनआम: ८८]

माथि उल्लेख गरिएका कुराहरूबाट स्पष्ट हुन्छ कि इस्लाम धर्म र 'ला इलाहा इल्लल्लाह' भन्ने शहादतका दुई महान आधारहरू छन्:

पहिलो: केवल एक अल्लाहको उपासना गर्नु र उहाँको उपासनामा अरू कसैलाई साझेदार नगर्नु। त्यसैले जसले नबीहरू वा अन्य मृतकहरूलाई पुकार्छ, वा मूर्तिहरू, रूखहरू, ढुङ्गाहरू वा अन्य सृष्टिहरूलाई पुकार्छ, वा उनीहरूबाट सहायता माग्छ, वा बलिदान र नज्र

(भाकल) मार्फत उनीहरूको नजिक हुन खोज्छ, वा उनीहरूका लागि नमाज पढ्छ, वा उनीहरूका लागि सज्दा गर्छ—त्यो व्यक्तिले उनीहरूलाई अल्लाह बाहेक आफ्ना प्रभु बनाएको हुन्छ, र उनीहरूलाई अल्लाहका समकक्ष ठहराएको हुन्छ। यसरी उसले 'ला इलाहा इल्लल्लाह' को अर्थलाई उल्लङ्घन गरेको र त्यसको विपरीत काम गरेको हुन्छ।

दोस्रो: अल्लाह तआलाको उपासना केवल उहाँका नबी र रसूल ﷺ को शरीअतअनुसार मात्र गरिनु पर्छ। त्यसैले जसले धर्ममा त्यस्तो कुरा आविष्कार (बिदअत) गर्छ जसको अनुमति अल्लाहले दिएको छैन, उसले "मुहम्मद ﷺ अल्लाहका रसूल हुन्" भन्ने शहादतको अर्थ पूरा गरेको हुँदैन, र उसको कर्म न त उसलाई फाइदा दिन्छ न त स्वीकार गरिन्छ। अल्लाहले भन्नुभएको छ:

﴿وَقَدِمْنَا إِلَى مَا عَمِلُوا مِنْ عَمَلٍ فَجَعَلْنَاهُ هَبَاءً مَنْثُورًا۝٢٣﴾

"हामी उनीहरूले गरेका कर्महरूतर्फ अघि बढ्छौं, अनि ती सबैलाई उडिरहेको धुलो जस्तै (व्यर्थ) बनाइदिन्छौं।" [अल् फुर्कानः २३] यस आयतमा उल्लेख गरिएका कर्महरूको अभिप्राय ती व्यक्तिहरूका कर्म हुन् जो अल्लाहसँग शिर्क गर्दै मरेका हुन्छन्।

यसमा ती बिदअत कर्महरू पनि पर्छन् जसको अनुमति अल्लाहले दिनुभएको छैन। कियामतको दिन ती कर्महरू धुलोझैँ उडेर जानेछन्, किनभने ती अल्लाहको पवित्र शरीअतसँग मेल खाँदैनन्। जस्तै नबी ﷺ ले भन्नुभयो:

«مَنْ أَحْدَثَ فِي أَمْرِنَا هَذَا مَا لَيْسَ مِنْهُ فَهُوَ رَدٌّ».

"जसले हाम्रो यस धर्ममा कुनै पनि नयाँ कुरा निकाल्छ जुन धर्मको भाग होइन, त्यो अस्वीकार्य हो।" (बुखारी र मुस्लिम)

निष्कर्षमा भन्नुपर्दा: उक्त लेखिकाले आफ्ना सम्पूर्ण गुहार र प्रार्थनाहरू रसूल ﷺ तर्फ लक्षित गरेकी छिन् र संसारका पालनहारलाई पूर्ण रूपमा बेवास्ता गरेकी छिन्, जबकि विजय, हानि र लाभ केवल उहाँकै हातमा छन् र उहाँ बाहेक अरू कसैको हातमा यस्ता कुनै कुरा छैनन्।

निस्सन्देह, यो अत्यन्त ठूलो र गम्भीर अत्याचार हो। अल्लाहले केवल आफ्नै उपासना गर्न आदेश दिनुभएको छ। उहाँले आफूलाई पुकार्नेहरूको दुआ स्वीकार गर्ने वाचा गर्नुभएको छ। साथै, जसले उहाँको इबादत तथा दुआबाट अहंकार गर्छ, त्यसलाई जहन्नममा प्रवेश गराइने चेतावनी पनि दिनुभएको छ। अल्लाहले भन्नुभएको छः

﴿وَقَالَ رَبُّكُمُ ادْعُونِي أَسْتَجِبْ لَكُمْ إِنَّ الَّذِينَ يَسْتَكْبِرُونَ عَنْ عِبَادَتِي سَيَدْخُلُونَ جَهَنَّمَ دَاخِرِينَ ۝٦٠﴾

"तिमीहरूका पालनहारले भन्नुभएको छ: 'मलाई पुकार, म तिमीहरूको पुकार स्वीकार गर्नेछु। निश्चय नै जो मानिसहरू मेरो इबादतबाट अहंकार गर्छन्, तिनीहरू चाँडै अपमानित अवस्थामा जहन्नममा प्रवेश गर्नेछन्।" [गाफिर: ६०] अर्थात्: अपमानित, तुच्छ र अत्यन्त हीन अवस्थामा। यस पवित्र आयतले प्रमाणित गर्दछ कि दुआ (प्रार्थना) पनि एक प्रकारको इबादत (उपासना) हो। जसले दुआ गर्नमा

अहङ्कार गर्छ, उसको बासस्थान नर्क हुनेछ। यदि अल्लाहसँग दुआ गर्न अहङ्कार गर्ने व्यक्तिको अवस्था यस्तो हुन्छ भने, अल्लाहलाई छोडेर अरूलाई पुकार्ने र उहाँबाट विमुख हुने व्यक्तिको अवस्था कस्तो होला? जबकि अल्लाह सबैभन्दा नजिक हुनुहुन्छ, हरेक वस्तुको मालिक हुनुहुन्छ र सबै कुरामाथि पूर्ण सामर्थ्य राख्नुहुन्छ। जस्तै उहाँले भन्नुभएको छ:

﴿وَإِذَا سَأَلَكَ عِبَادِي عَنِّي فَإِنِّي قَرِيبٌ أُجِيبُ دَعْوَةَ الدَّاعِ إِذَا دَعَانِ فَلْيَسْتَجِيبُوا لِي وَلْيُؤْمِنُوا بِي لَعَلَّهُمْ يَرْشُدُونَ ١٨٦﴾

“जब मेरा भक्तहरूले तिमीलाई मेरो बारेमा सोध्छन्, तब निःसन्देह म अत्यन्त नजिक छु। जब कुनै पुकार्नेले मलाई पुकार्छ, तब म उसको पुकारको उत्तर दिन्छु। अतः उनीहरूले पनि मेरो आदेश पालन गरून् र ममाथि ईमान राखून्, ताकि उनीहरू सही मार्ग प्राप्त गर्न सकून्।” [अल्-बकरह: १८६] रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले सही हदीसमा बताउनुभएको छ कि दुआ नै इबादत हो। साथै उहाँले आफ्ना छोरा अब्दुल्लाह बिन अब्बास (रजियल्लाहु अन्हुमा) लाई भन्नुभयो:

«احْفَظِ اللهَ يَحْفَظْكَ، احْفَظِ اللهَ تَجِدْهُ تُجَاهَكَ، إِذَا سَأَلْتَ فَاسْأَلِ اللهَ، وَإِذَا اسْتَعَنْتَ فَاسْتَعِنْ بِاللهِ».

“अल्लाहका आदेशहरूको रक्षा गर, अल्लाहले तिमीलाई रक्षा गर्नुहुनेछ। अल्लाहका हकहरूको रक्षा गर, तिमीले उहाँलाई आफ्नो अगाडि पाउनेछौ। जब तिमी केही माग्छौ भने केवल अल्लाहसँग माग र जब तिमी सहायता चाहन्छौ भने केवल अल्लाहसँग सहायता माग।”

यसलाई तिर्मिजी लगायत अन्य विद्वानहरूले रिवायत गरेका छन्।

उहाँ (सल्लल्लाहु अलैहि वसल्लम) ले अर्को हदीसमा भन्नुभएको छ:

«مَنْ مَاتَ وَهُوَ يَدْعُو لِلَّهِ نِدًّا؛ دَخَلَ النَّارَ».

"जो व्यक्ति अल्लाहसँगै अरूलाई पुकारिरहेको अवस्थामा मर्छ, ऊ आगो (जहन्नम) मा प्रवेश गर्नेछ।" (बुखारी) बुखारी र मुस्लिमको हदीसमा छ, नबी (सल्लल्लाहु अलैहि वसल्लम) लाई सोधियोः "सबैभन्दा ठूलो पाप कुन हो?" उहाँले भन्नुभयोः

«أَنْ تَجْعَلَ لِلَّهِ نِدًّا وَهُوَ خَلَقَكَ».

"तिमीले अल्लाहका लागि साझेदार ठहराउनु, जबकि उहाँले नै तिमीलाई सृष्टि गर्नुभएको हो।" "निद्द" भन्नाले समान, समकक्ष वा साझेदार भन्ने अर्थ हुन्छ। त्यसैले जसले अल्लाह बाहेक अरूलाई पुकार्छ, वा उनीहरूसँग सहायता माग्छ, वा उनीहरूको नाममा नज्र (भाकल) गर्छ, वा उनीहरूको लागि बलि चढाउँछ, वा उनीहरूका लागि कुनै प्रकारको इबादत गर्छ, उसले तिनीहरूलाई अल्लाहको साझेदार बनाएको ठहरिन्छ; चाहे त्यो कुनै नबी होस्, कुनै वली होस्, कुनै फरिश्ता होस्, कुनै जिन्न होस्, कुनै मूर्ति होस् वा अन्य कुनै सृष्टि।

यहाँ कसैले भन्न सक्छः उपस्थित जीवित व्यक्तिसँग उसले गर्न सक्ने कामको अनुरोध गर्नु, वा उसबाट त्यस्ता सांसारिक तथा भौतिक कामहरूमा सहायता लिनु जसको उसमा क्षमता छ—यसको हुक्म के हो? जवाफः यो शिर्क होइन, बरु मुसलमानहरूबीच जायज र सामान्य

व्यवहारहरूमध्ये पर्दछ। जस्तै अल्लाहले मुसा (अलैहिस्सलाम) को कथामा भन्नुभएको छ:

﴿...فَاسْتَغَاثَهُ الَّذِى مِنْ شِيعَتِهِ عَلَى الَّذِى مِنْ عَدُوِّهِ...﴾

"...त्यसपछि उनका पक्षका व्यक्तिले उनका शत्रु विरुद्ध उनीसँग सहायता मागे...।" [अल् कससः १५] जस्तै अल्लाहले मुसा (अलैहिस्सलाम) कै कथामा अर्को ठाउँमा भन्नुभएको छः

﴿فَخَرَجَ مِنْهَا خَائِفًا يَتَرَقَّبُ...﴾

"त्यसपछि उनी त्यहाँबाट डराउँदै र चिन्तित अवस्थामा निस्किए...।" [अल् कससः २१] जसरी मानिसले युद्धको समयमा आफ्ना साथीहरूसँग सहायता माग्छ, त्यसैगरी अन्य त्यस्ता कामहरूमा पनि जहाँ मानिसहरूलाई एकअर्काको आवश्यकता पर्दछ र आपसमा सहयोग लिनुपर्छ।

अल्लाहले आफ्नो नबी (सल्लल्लाहु अलैहि वसल्लम) लाई आफ्नो उम्मतलाई यो बताउन आदेश दिनुभएको छ कि उहाँ स्वयं कसैको लागि लाभ वा हानिको मालिक हुनुहुन्न। महान् अल्लाहले भन्नुभएको छ:

﴿قُلْ إِنَّمَا أَدْعُو رَبِّي وَلَا أُشْرِكُ بِهِ أَحَدًا ﴿٢١﴾ قُلْ إِنِّي لَا أَمْلِكُ لَكُمْ ضَرًّا وَلَا رَشَدًا ﴿٢٢﴾﴾

"भनिदेऊः म त केवल आफ्ना पालनकर्तालाई पुकार्छु र उहाँसँग कसैलाई साझेदार बनाउँदिनँ।

भनिदेऊः निश्चय नै म तिमीहरूका लागि न कुनै हानि गर्ने अधिकार राख्छु, न त सही मार्गदर्शन गर्ने।" [अल-जिन्नः २१-२२] अल्लाहले भन्नुभएको छः

﴿قُلْ لَا أَمْلِكُ لِنَفْسِي نَفْعًا وَلَا ضَرًّا إِلَّا مَا شَاءَ اللَّهُ وَلَوْ كُنْتُ أَعْلَمُ الْغَيْبَ لَاسْتَكْثَرْتُ مِنَ الْخَيْرِ وَمَا مَسَّنِيَ السُّوءُ إِنْ أَنَا إِلَّا نَذِيرٌ وَبَشِيرٌ لِقَوْمٍ يُؤْمِنُونَ ۝١٨٨﴾

"भनिदेऊः म आफ्नै लागि पनि कुनै लाभ वा हानिको अधिकार राख्दिनँ, बाहेक जुन अल्लाहले चाहनुहुन्छ। यदि मलाई ग़ैब (अदृश्य) को ज्ञान भएको भए, म धेरै भलाइ संकलन गर्ने थिएँ र मलाई कुनै दुःख पनि पुग्ने थिएन। म त केवल ईमान ल्याउने समुदायका लागि चेतावनी दिने र शुभसूचना सुनाउने व्यक्ति हुँ।" [अल् अअराफः १८८]

यस अर्थका आयतहरू धेरै छन्।

यो कुरा सर्वविदितै छ कि नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले केवल आफ्ना पालनकर्तालाई मात्र पुकार्नुहुन्थ्यो। सही रिवायतमा आएको छ कि बद्रको युद्धको दिन उहाँले अल्लाहसँग सहायता र आफ्ना शत्रुमाथि विजयको प्रार्थना गरिरहनुभएको थियो, र बारम्बार विनती गर्दै भन्नुहुन्थ्योः "हे मेरो पालनकर्ता! तपाईंले मलाई दिनुभएको वाचा पूरा गरिदिनुहोस्।" यहाँसम्म कि सबैभन्दा सत्यनिष्ठ अबु बकर (रज़ियल्लाहु अन्हु) ले भन्नुभयोः "हे अल्लाहका रसूल! तपाईंका लागि यति पर्याप्त छ, किनकि अल्लाहले तपाईंलाई दिनुभएको वाचा अवश्य पूरा गर्नुहुनेछ।" त्यसपछि यस सम्बन्धमा अल्लाहले यो आयत अवतरण गर्नुभयोः

﴿إِذْ تَسْتَغِيثُونَ رَبَّكُمْ فَاسْتَجَابَ لَكُمْ أَنِّي مُمِدُّكُم بِأَلْفٍ مِّنَ الْمَلَائِكَةِ مُرْدِفِينَ ۝٩﴾

"जब तिमीहरू आफ्ना पालनकर्तासँग सहायता मागिरहेका थियौ, तब उहाँले तिमीहरूको प्रार्थना स्वीकार गर्दै भन्नुभयो: 'निश्चय नै म तिमीहरूलाई क्रमिक रूपमा एक हजार स्वर्गदूतहरूद्वारा सहयोग गर्नेछु।" [अल्-अन्फाल:९] त्यसैले अल्लाहले यी आयतहरूमा उनीहरूको पुकार र बिन्तीको उल्लेख गर्नुभएको छ। उहाँले उनीहरूको प्रार्थना स्वीकार गर्नुभयो र उनीहरूलाई फरिश्ताहरूद्वारा सहायता गर्नुभयो, ताकि विजयको शुभसन्देश प्राप्त होस् र उनीहरूको मनमा शान्ति तथा ढुक्कता पैदा होस्। साथै, अल्लाहले स्पष्ट पार्नुभयो कि विजय फरिश्ताहरूको तर्फबाट होइन, बरु वास्तविक विजय त केवल उहाँकै तर्फबाट हुन्छ। त्यसैले अल्लाह तआलाले भन्नुभयो:

﴿وَمَا النَّصْرُ إِلَّا مِنْ عِنْدِ اللَّهِ...﴾

"विजय त केवल अल्लाहकै तर्फबाट हुन्छ...।" [आले इम्रान: १२६] अल्लाहले भन्नुभएको छ:

﴿وَلَقَدْ نَصَرَكُمُ اللَّهُ بِبَدْرٍ وَأَنْتُمْ أَذِلَّةٌ فَاتَّقُوا اللَّهَ لَعَلَّكُمْ تَشْكُرُونَ ۝١٢٣﴾

"निश्चय नै अल्लाहले बद्रको युद्धमा तिमीहरूलाई सहायता गर्नुभएको थियो, जबकि तिमीहरू कमजोर अवस्थामा थियौ। त्यसैले अल्लाहसँग डर मान, ताकि तिमीहरू कृतज्ञ बन्न सक।" [आले इमरान: १२३] यस आयतमा अल्लाह तआलाले स्पष्ट पार्नुभएको छ कि बद्रको दिन उहाँ नै उनीहरूको वास्तविक सहायक हुनुहुन्थ्यो। यसबाट थाहा

हुन्छ कि उहाँले उनीहरूलाई प्रदान गर्नुभएको हतियार, शक्ति तथा फरिश्ताहरूको सहायता — यी सबै विजयका साधनहरू, शुभसन्देश र मनको शान्तिका माध्यम मात्र थिए। वास्तविक विजय भने तिनबाट होइन, बरु केवल अल्लाहकै तर्फबाट थियो। त्यसो भए, यी लेखिका वा उनीजस्ता अन्य मानिसहरूले कसरी यस्तो साहस गर्छन् कि उनीहरूले आफ्नो सहायता र विजयको याचना नबी ﷺ सँग गर्छन्, जबकि उनीहरू समस्त संसारका पालनकर्ता — हरेक वस्तुका मालिक र सबै कुरामाथि सामर्थ्य राख्ने अल्लाहबाट विमुख हुन्छन्?!

निस्सन्देह, यो अत्यन्त घोर अज्ञानता हो, बरु यो त सबैभन्दा ठूलो शिर्क हो। त्यसैले यस लेखिकाले महान् अल्लाहसमक्ष साँचो तौबा (पश्चात्ताप) गर्नुपर्दछ। साँचो तौबाका केही महत्वपूर्ण सर्तहरू यस प्रकार छन्: पहिलो: आफूबाट भएको कर्मप्रति पश्चात्ताप गर्नु। दोस्रो: आफूले गरेको त्यस कार्यलाई पूर्ण रूपमा त्याग्नु। तेस्रो: अल्लाहको महानताको सम्मान गर्दै, उहाँप्रति निष्कपट भई, उहाँका आदेशहरूको पालन गर्ने र उहाँले निषेध गर्नुभएको कुराबाट टाढा रहने उद्देश्यले, फेरि त्यसतर्फ नफर्किने दृढ संकल्प गर्नु। यही नै सच्चा तौबा हो। चौथोः यदि गल्ती मानिसहरूको हकसँग सम्बन्धित छ भने, त्यसको अधिकार त्यसको हकदारलाई फिर्ता गर्नु, वा उससँग क्षमा मागेर आफूलाई जिम्मेवारीबाट मुक्त गराउनु।

अल्लाहले आफ्ना बन्दाहरूलाई तौबा गर्न आदेश दिनुभएको छ र उनीहरूको तौबा स्वीकार गर्ने वाचा पनि गर्नुभएको छ। जस्तै अल्लाह तआलाले भन्नुभएको छः

﴿...وَتُوبُوا إِلَى اللَّهِ جَمِيعًا أَيُّهَ الْمُؤْمِنُونَ لَعَلَّكُمْ تُفْلِحُونَ﴿٣١﴾﴾

"हे मुमिनहरू! तिमीहरू सबै अल्लाहसँग तौबा गर, ताकि तिमीहरू सफल हुन सक।" [अन्नूरः ३१] अल्लाहले ईसाईहरूको बारेमा भन्नुभएको छः

﴿أَفَلَا يَتُوبُونَ إِلَى اللَّهِ وَيَسْتَغْفِرُونَهُ وَاللَّهُ غَفُورٌ رَحِيمٌ﴿٧٤﴾﴾

"के उनीहरू अल्लाहतर्फ तौबा गर्दैनन् र उहाँसँग क्षमा माग्दैनन्? जबकि अल्लाह अत्यन्त क्षमाशील र अत्यन्त दयालु हुनुहुन्छ।" [अल् माइदाः ७४] अल्लाहले भन्नुभएको छः

﴿وَالَّذِينَ لَا يَدْعُونَ مَعَ اللَّهِ إِلَهًا آخَرَ وَلَا يَقْتُلُونَ النَّفْسَ الَّتِي حَرَّمَ اللَّهُ إِلَّا بِالْحَقِّ وَلَا يَزْنُونَ وَمَنْ يَفْعَلْ ذَلِكَ يَلْقَ أَثَامًا﴿٦٨﴾ يُضَاعَفْ لَهُ الْعَذَابُ يَوْمَ الْقِيَامَةِ وَيَخْلُدْ فِيهِ مُهَانًا﴿٦٩﴾ إِلَّا مَنْ تَابَ وَآمَنَ وَعَمِلَ عَمَلًا صَالِحًا فَأُولَئِكَ يُبَدِّلُ اللَّهُ سَيِّئَاتِهِمْ حَسَنَاتٍ وَكَانَ اللَّهُ غَفُورًا رَحِيمًا﴿٧٠﴾﴾

"ती व्यक्तिहरू, जसले अल्लाहसँगै अरू कसैको उपासना गर्दैनन्, न त कुनै त्यस्तो व्यक्तिको हत्या गर्छन् जसको हत्या अल्लाहले निषेध गर्नुभएको छ — न्यायोचित कारणबाहेक — र न त व्यभिचार गर्छन्। अनि जसले यस्ता कर्म गर्छ, उसले कठोर दण्ड भोग्नेछ।

कयामतको दिन उसलाई दोब्बर सजाय दिइनेछ र ऊ त्यसमा अपमानित अवस्थामा सधैंभरि रहनेछ।

तर जसले तौबा गर्‍यो, ईमान ल्यायो र सत्कर्म गर्‍यो, तिनका नराम्रा कर्महरूलाई अल्लाहले राम्रा कर्महरूमा परिवर्तन गरिदिनुहुनेछ। अनि

अल्लाह अत्यन्त क्षमाशील र अत्यन्त दयालु हुनुहुन्छ।” [अल्-फुरकान: ६८-७०] अल्लाहले भन्नुभएको छः

﴿وَهُوَ الَّذِى يَقْبَلُ التَّوْبَةَ عَنْ عِبَادِهِ وَيَعْفُو عَنِ السَّيِّئَاتِ وَيَعْلَمُ مَا تَفْعَلُونَ﴾

“उहाँ नै आफ्ना बन्दाहरूको तौबा स्वीकार गर्नुहुन्छ, नराम्रा कर्महरूलाई माफ गर्नुहुन्छ र तिमीहरूले जे गर्छौं, त्यो सबै जान्नुहुन्छ।” [अश्शूराः २५]

अल्लाहका रसूल (सल्लल्लाहु अलैहि व सल्लम) बाट प्रमाणित छ, उहाँले भन्नुभएको छ:

«الإِسْلَامُ يَهْدِمُ مَا كَانَ قَبْلَهُ، وَالتَّوْبَةُ تَجُبُّ مَا كَانَ قَبْلَهَا».

“इस्लामले आफूभन्दा अघिका सबै (पापहरू) मेटाइदिन्छ र तौबाले पनि आफूअघिका सबै (पापहरू) समाप्त गरिदिन्छ।”

शिर्कको ठूलो खतरा र यो सबैभन्दा ठूलो पाप भएकोले, साथै यस लेखिकाबाट निस्किएको कुराबाट मानिसहरू भ्रमित नहोऊन् भनेर मैले यी संक्षिप्त शब्दहरू लेखेको हुँ। साथै, अल्लाह र उहाँका बन्दाहरूप्रति सच्चा सदुपदेश गर्नु अनिवार्य भएकाले पनि। म अल्लाहसँग प्रार्थना गर्छु: हे अल्लाह! यसबाट हामीलाई लाभ प्रदान गरिदिनुहोस्, हाम्रो अवस्था र सबै मुस्लिमहरूको अवस्था सुधारिदिनुहोस्, हामी सबैलाई धर्मको सही समझ (फिक्ह) र त्यसमा स्थिरता प्रदान गरिदिनुहोस्, हामी तथा सबै मुस्लिमहरूलाई हाम्रो आत्माको दुष्टता र हाम्रा खराब कर्महरूको नराम्रो परिणामबाट सुरक्षित राखिदिनुहोस्। निश्चय नै उहाँ नै यसको संरक्षक हुनुहुन्छ र उहाँ सबै कुरामा पूर्ण सामर्थ्यवान हुनुहुन्छ।

अल्लाहले हाम्रा नबी मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) माथि, उहाँका परिवार र उहाँका सम्पूर्ण साथीहरू (सहाबा) माथि दया र शान्ति अवतरित गरून्।

***

بِسْمِ اللهِ الرَّحمَنِ الرَّحِيمِ

## तेस्रो पत्र:

## जिन र शैतानहरूसँग सहायता माग्नु तथा उनीहरूका लागि भाकल (नजर) गर्नुको हुक्म

अब्दुल अजीज बिन अब्दुल्लाह बिन बाजको तर्फबाट, यो पत्र पढ्ने सम्पूर्ण मुसलमानहरूका लागि। अल्लाहले मलाई र उनीहरूलाई आफ्नो धर्मलाई दृढ रूपमा समात्न र त्यसमा स्थिर रहन तौफिक प्रदान गरून्, आमीन।

अस्सलामु अलैकुम व रहमतुल्लाहि व बरकातुहु

(तिमीहरूमाथि अल्लाहको शान्ति, दया र बरकत होस्।)

अम्मा बअ्दु: केही भाइहरूले मलाई केही अज्ञानी मानिसहरूले गर्ने कार्यहरूको बारेमा सोधे, जसमा उनीहरू अल्लाह बाहेक अरूलाई पुकार्छन् र कठिन परिस्थितिहरूमा उनीहरूसँग सहायता माग्छन्। जस्तै: जिन्नहरूलाई पुकार्नु, उनीहरूसँग गुहार माग्नु, उनीहरूका नाममा नज्र (भाकल) मान्नु तथा उनीहरूका लागि बलि चढाउनु। त्यसैगरी, केही मानिसहरूको यो भनाइ: “या सबअह (हे सात जना)!” अर्थात् जिन्नहरूको सात जना अगुवाहरूलाई पुकार्दै यसो भन्ने: “यसलाई समात, यसको हड्डीहरू भाँचिदेऊ, यसको रगत पिउ, यसलाई विकृत बनाइदेऊ। हे सात जना! यससँग यस्तो–यस्तो गर।” वा केही मानिसहरूको यस्तो भनाइ: “हे दिउँसोका जिन्नहरू! हे अपराह्नका

जिन्नहरू! यसलाई समात।” यस्ता कुराहरू विशेषगरी केही दक्षिणी क्षेत्रहरूमा धेरै पाइन्छन्। त्यसैसँग सम्बन्धित अर्को कुरा भनेको मरेका मानिसहरूलाई पुकार्नु हो, चाहे उनीहरू नबी हुन्, सत्पुरुष हुन् वा अन्य कोही; साथै फरिश्ताहरूसँग पनि गुहार माग्नु हो। यी सबै र यस्तै अन्य कार्यहरू आफूलाई मुस्लिम भन्ने धेरै मानिसहरूबाट भइरहेको पाइन्छ। यसको कारण अज्ञानता तथा आफूभन्दा अघिकाहरूको अन्धानुकरण हो। कतिपयले यस विषयलाई हल्का रूपमा लिँदै यस्तो तर्क पनि गर्छन्: “यो त जिब्रोबाट निस्कने सामान्य कुरा मात्र हो, हामी यसको अभिप्राय राख्दैनौँ र यसमा विश्वास पनि गर्दैनौँ।”

उनले मलाई यसबारे पनि सोधे: यस्ता कार्यहरू गर्ने मानिसहरूसँग विवाह गर्ने हुक्म के हो? उनीहरूले गरेको जबिहा (बलि) को हुक्म के हो? उनीहरूमाथि जनाजाको नमाज पढ्ने वा उनीहरूको पछाडि नमाज पढ्ने हुक्म के हो? साथै झारफुक गर्ने, जादु–टोना गर्ने र भविष्यवाणी गर्ने दाबी गर्ने व्यक्तिहरूलाई साँचो ठान्ने हुक्म के हो? जस्तै: कुनै व्यक्तिले बिरामीले प्रयोग गरेको वस्तु—जस्तै पगडी, सुरुवाल, ओढ्ने कपडा आदि—हेरेर मात्र रोग र त्यसको कारण थाहा पाउने दाबी गर्नु।

जवाफः समस्त प्रशंसा अल्लाहकै लागि हुन्, जो सम्पूर्ण संसारका पालनकर्ता हुनुहुन्छ। दरुद र सलाम अवतरित होस् सर्वश्रेष्ठ नबी तथा अन्तिम सन्देष्टा मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) माथि, उहाँको परिवार, उहाँका सहाबाहरू र कियामतको दिनसम्म उनीहरूको मार्ग अनुसरण गर्ने सबैमाथि पनि।

अम्मा बअ्दु: निःसन्देह अल्लाहले जिन्न र मानवलाई केवल आफ्नै

उपासना गर्न र उहाँ बाहेक अरू कसैको उपासना नगर्नका लागि सृष्टि गर्नुभएको हो। दुआ लगायत, बलि, नज्र (भाकल) मान्न तथा सम्पूर्ण इबादतहरू उहाँकै लागि गर्नु पर्छ। उहाँले यही उद्देश्यका साथ रसूलहरू पठाउनुभयो, उनीहरूलाई सोही कुराको आदेश दिनुभयो र आकाशीय किताबहरू अवतरण गर्नुभयो। तीमध्ये सबैभन्दा महान् पवित्र कुरआन हो, जसमा यस विषयको स्पष्ट व्याख्या गरिएको छ, मानिसहरूलाई यसतर्फ आह्वान गरिएको छ, र अल्लाहसँग साझेदारी (शिर्क) गर्न तथा उहाँ बाहेक अन्यको उपासना गर्नबाट सचेत गराइएको छ। यही सबै मूल सिद्धान्तहरूको आधार र दीनको जग हो। यही "ला इलाहा इल्लल्लाह" भन्ने शाहादतको वास्तविक अर्थ हो। अर्थात्: अल्लाह बाहेक कुनै पनि साँचो रूपमा उपासना योग्य छैन। यसले अल्लाह बाहेक अरू सबैबाट उलूहियत (देवत्व) र इबादतलाई अस्वीकार गर्छ र इबादतलाई उहाँका सम्पूर्ण सृष्टिहरूमध्ये केवल एक अल्लाहका लागि मात्र स्थापित गर्छ। अल्लाहको किताब (कुरआन) र उहाँका रसूल ﷺ को सुन्नतमा यसका धेरै प्रमाणहरू छन्। तीमध्ये केही यसप्रकार छन्: अल्लाह तआलाको यो भनाइ:

﴿وَمَا خَلَقْتُ الْجِنَّ وَالْإِنْسَ إِلَّا لِيَعْبُدُونِ ۝٥٦﴾

"मैले जिन्न र मानवजातिलाई केवल मेरो उपासना गर्नका लागि मात्र सृष्टि गरेको हुँ।" [अज्जारियात: ५६] अल्लाहले भन्नुभएको छ:

﴿وَقَضَى رَبُّكَ أَلَّا تَعْبُدُوا إِلَّا إِيَّاهُ...﴾

"तिम्रो पालनकर्ताले आदेश गर्नुभएको छ कि उहाँ बाहेक अरू

कसैको उपासना नगर...।" [अल् इस्रा: २३] अल्लाहले भन्नुभएको छ:

﴿وَمَا أُمِرُوا إِلَّا لِيَعْبُدُوا اللَّهَ مُخْلِصِينَ لَهُ الدِّينَ حُنَفَاءَ...﴾

“उनीहरूलाई केवल यही आदेश दिइएको थियो कि उनीहरूले निष्ठापूर्वक धर्मलाई अल्लाहप्रति समर्पित गर्दै एकाग्र भई उहाँकै मात्र उपासना गरून्।” [अल्-बय्यिना: ५] अल्लाहले भन्नुभएको छ:

﴿وَقَالَ رَبُّكُمُ ادْعُونِي أَسْتَجِبْ لَكُمْ إِنَّ الَّذِينَ يَسْتَكْبِرُونَ عَنْ عِبَادَتِي سَيَدْخُلُونَ جَهَنَّمَ دَاخِرِينَ ﴿٦٠﴾﴾

“तिम्रो पालनकर्ता (रब) ले भन्नुभएको छ: ‘मलाई पुकार, म तिम्रो प्रार्थना स्वीकार गर्नेछु।’ निश्चय नै जसले मेरो उपासनाप्रति अहंकार गर्छन्, उनीहरू अपमानित र तुच्छ अवस्थामा जहन्नम (नरक) मा प्रवेश गर्नेछन्।” [गाफिर: ६०] अल्लाहले भन्नुभएको छ:

﴿وَإِذَا سَأَلَكَ عِبَادِي عَنِّي فَإِنِّي قَرِيبٌ أُجِيبُ دَعْوَةَ الدَّاعِ إِذَا دَعَانِ...﴾

“जब मेरा भक्तहरूले तिमीलाई मेरो बारेमा सोध्छन् भने, भनिदेऊ: म निश्चय नै उनीहरूको अत्यन्त नजिक छु। जब कुनै पुकार्नेले मलाई पुकार्छ, म उसको पुकार स्वीकार गर्दछु।” [अल्-बकरह: १८६]

“यसरी अल्लाह तआलाले यी आयतहरूमा स्पष्ट पार्नुभएको छ कि उहाँले जिन्न र मानवजातिलाई केवल आफ्नो उपासना (इबादत) का लागि सृष्टि गर्नुभएको हो। उहाँले पवित्र कुरआनमार्फत तथा रसूल ﷺ द्वारा यो आदेश दिनुभएको छ कि उनीहरूले आफ्नो पालनकर्ता (रब) बाहेक अरू कसैको उपासना नगरून्।”

अल्लाह तआलाले स्पष्ट पार्नुभएको छ कि दुआ (प्रार्थना) एक महान इबादत हो। जसले यसको सम्बन्धमा अहंकार गर्छ, ऊ नरकमा प्रवेश गर्नेछ। उहाँले आफ्ना बन्दाहरूलाई केवल उहाँलाई नै पुकार्न आदेश दिनुभएको छ र यो पनि बताउनुभएको छ कि उहाँ निकट हुनुहुन्छ र पुकार्नेहरूको प्रार्थना स्वीकार गर्नुहुन्छ। त्यसैले सबै बन्दाहरूका लागि अनिवार्य हुन्छ कि उनीहरूले आफ्ना पालनकर्तालाई मात्र दुआमा एक्लै पुकारून्; किनकि दुआ इबादतको एक प्रकार हो, जसका लागि उनीहरू सृष्टि गरिएका हुन् र जसको लागि उनीहरूलाई आदेश दिइएको हो। उहाँले भन्नुभएको छः

﴿قُلْ إِنَّ صَلَاتِي وَنُسُكِي وَمَحْيَايَ وَمَمَاتِي لِلَّهِ رَبِّ الْعَالَمِينَ ﴿١٦٢﴾ لَا شَرِيكَ لَهُ وَبِذَٰلِكَ أُمِرْتُ وَأَنَا أَوَّلُ الْمُسْلِمِينَ ﴿١٦٣﴾﴾

"भनिदेऊ: निश्चय मेरो नमाज, मेरो क़ुर्बानी (इबादत), मेरो जीवन र मेरो मृत्यु सबै अल्लाहका लागि हो, जो सम्पूर्ण संसारका पालनकर्ता हुनुहुन्छ।

उहाँको कोही साझेदार छैन, मलाई यही आदेश दिइएको छ र म नै (अल्लाहप्रति) समर्पित हुनेहरू मध्ये पहिलो हुँ।"

[अल-अन्-आम: १६२, १६३]

अल्लाहले आफ्ना नबी ﷺ लाई मानिसहरूलाई यसो भन्न आदेश दिनुभयो कि उहाँको नमाज, उहाँको कुर्बानी (जबह), उहाँको जीवन र उहाँको मृत्यु — सबै संसारका पालनकर्ता अल्लाहकै लागि हुन्, उहाँको कुनै साझेदार छैन।

यस आधारमा, जसले अल्लाह बाहेक अरू कसैको नाममा जबह (कुर्बानी) गर्छ, उसले अल्लाहसँग शिर्क गरेको ठहरिन्छ; जसरी अल्लाह बाहेक अरूका लागि नमाज पढ्नु शिर्क हो। किनभने अल्लाहले नमाज र कुर्बानीलाई सँगै उल्लेख गर्नुभएको छ र बताउनुभएको छ कि यी दुवै केवल उहाँकै लागि हुन्, उहाँको कुनै साझेदार छैन। त्यसैले जसले जिन्न, फरिश्ता, मृत व्यक्तिहरू वा अन्य कसैको नाममा उनीहरूको निकटता प्राप्त गर्ने उद्देश्यले कुर्बानी (जबह) गर्छ, ऊ त्यस्तै हो जसरी कसैले अल्लाह बाहेक अरूका लागि नमाज पढ्छ। सही हदीसमा नबी ﷺ ले भन्नुभएको छः

«لَعَنَ اللهُ مَنْ ذَبَحَ لِغَيْرِ اللهِ».

"अल्लाहले त्यस व्यक्तिलाई लानत (धिक्कार) गर्नुभएको छ, जसले अल्लाह बाहेक अरूको नाममा कुर्बानी (जबह) गर्छ।" इमाम अहमदले तारिक बिन शिहाब (रजिअल्लाहु अन्हु) बाट हसन 'सनद' का साथ उल्लेख गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ:

«مرَّ رَجُلَانِ عَلَى قَومٍ لَهُم صَنَمٌ لَا يَجُوزُهُ أَحَدٌ حَتَّى يُقرِّبَ لَهُ شَيئًا، فَقَالُوا لِأَحَدِهِمَا: قَرِّبْ. قَالَ: لَيسَ عِندِي شَيءٌ أُقَرِّبُهُ، قَالُوا: قَرِّبْ وَلَوْ ذَبَابًا، فَقَرَّبَ ذُبَابًا، فَخَلُّوا سَبِيلَهُ، فَدَخَلَ النَّارَ، وَقَالُوا لِلآخَرِ: قَرِّبْ. قَالَ: مَا كُنْتُ لِأُقَرِّبَ لِأَحَدٍ شَيْئًا دُونَ اللهِ جَلَّ جَلَالُهُ، فَضَرَبُوا عُنُقَه، فَدَخَلَ الجَنَّةَ».

"दुई जना मानिस एउटा यस्तो समुदायको नजिकबाट गुज्रिए, जहाँ

उनीहरूको एउटा मूर्ति थियो। त्यस मूर्तिका लागि केही चढावा नदिई कसैलाई अगाडि जान दिइँदैनथ्यो। उनीहरूले ती दुईमध्ये एक जनालाई भने: 'केही चढाऊ।'

उसले भन्यो: 'मसँग चढाउनका लागि केही छैन।'

उनीहरूले भने: 'एउटा झिँगा भए पनि चढाऊ।'

त्यसपछि उसले एउटा झिँगा चढायो, अनि उनीहरूले उसको बाटो खोलिदिए। त्यस कारण ऊ जहन्नममा प्रवेश गर्यो।

पछि उनीहरूले अर्को व्यक्तिलाई भने: 'केही चढाऊ।'

उसले भन्यो: 'म अल्लाह बाहेक अरू कसैका लागि कुनै पनि चीज चढाउनेवाला होइन।'

त्यसपछि उनीहरूले उसको घाँटी काटिदिए, र ऊ जन्नतमा प्रवेश गर्यो।"

यदि मूर्ति आदिका लागि एउटा झिँगा जस्तो तुच्छ वस्तु चढाएर निकटता खोज्ने व्यक्ति मुशरिक ठहरिन्छ र जहन्नमको योग्य बन्छ भने — त्यस व्यक्तिको अवस्था कस्तो होला, जसले जिन्न, फरिश्ता वा औलियाहरूलाई पुकार्छ, उनीहरूसँग सहायता माग्छ, उनीहरूका नाममा भाकल (नज़र) गर्छ, उनीहरूका लागि कुर्बानी चढाउँछ, र यसरी आफ्नो धनको सुरक्षा, बिरामीको उपचार, आफ्ना चौपाया वा खेतीबालीको सुरक्षाको आशा राख्छ?

अथवा त्यो व्यक्ति, जसले जिन्नको हानिको डर वा यस्तै अन्य कारणले यी कार्यहरू गर्छ — उसको अवस्था कस्तो होला?!

निःसन्देह, जसले यस्ता कार्यहरू गर्छ, ऊ त्यस व्यक्तिभन्दा अझ

बढी शिर्क गर्ने र जहन्नमको हकदार बन्न योग्य ठहरिन्छ, जसले मूर्तिका लागि एउटा झिँगा चढाएको थियो।

यस सन्दर्भमा अल्लाहले भन्नुभएको छ:

﴿إِنَّآ أَنزَلۡنَآ إِلَيۡكَ ٱلۡكِتَٰبَ بِٱلۡحَقِّ فَٱعۡبُدِ ٱللَّهَ مُخۡلِصٗا لَّهُ ٱلدِّينَ۝٢ أَلَا لِلَّهِ ٱلدِّينُ ٱلۡخَالِصُۚ وَٱلَّذِينَ ٱتَّخَذُواْ مِن دُونِهِۦٓ أَوۡلِيَآءَ مَا نَعۡبُدُهُمۡ إِلَّا لِيُقَرِّبُونَآ إِلَى ٱللَّهِ زُلۡفَىٰٓ إِنَّ ٱللَّهَ يَحۡكُمُ بَيۡنَهُمۡ فِي مَا هُمۡ فِيهِ يَخۡتَلِفُونَۗ إِنَّ ٱللَّهَ لَا يَهۡدِي مَنۡ هُوَ كَٰذِبٞ كَفَّارٞ۝٣﴾

"निश्चय नै हामीले तिमीमाथि यो किताब सत्यसहित अवतरित गरेका छौँ। त्यसैले तिमी निष्ठापूर्वक अल्लाहकै इबादत गर, धर्मलाई उहाँकै लागि शुद्ध र निष्कपट बनाउँदै।

सुन! शुद्ध र निष्कपट इबादत केवल अल्लाहकै लागि हो। अनि जसले उहाँ बाहेक अरूलाई संरक्षक (औलिया) बनाएका छन्, उनीहरू भन्छन्: 'हामी तिनीहरूको उपासना केवल यस कारणले गर्छौं कि उनीहरूले हामीलाई अल्लाहसँग अझ नजिक पुऱ्याइदिऊन्।' निश्चय नै अल्लाहले तिनीहरूका बीचमा त्यस विषयमा फैसला गर्नुहुनेछ, जसमा उनीहरू विवाद गर्दै आएका छन्। निःसन्देह, अल्लाहले त्यस व्यक्तिलाई मार्गदर्शन दिनुहुन्न, जो झुटो र अत्यन्त कृतघ्न हुन्छ।" [अज्जुमर: १-३]
अल्लाहले भन्नुभएको छ:

﴿وَيَعْبُدُونَ مِنْ دُونِ اللَّهِ مَا لَا يَضُرُّهُمْ وَلَا يَنْفَعُهُمْ وَيَقُولُونَ هَؤُلَاءِ شُفَعَاؤُنَا عِنْدَ اللَّهِ قُلْ أَتُنَبِّئُونَ اللَّهَ بِمَا لَا يَعْلَمُ فِي السَّمَاوَاتِ وَلَا فِي الْأَرْضِ سُبْحَانَهُ وَتَعَالَى عَمَّا يُشْرِكُونَ۝١٨﴾

“उनीहरू अल्लाह बाहेक त्यस्ता चीजहरूको उपासना गर्छन्, जसले न त उनीहरूलाई हानि पुऱ्याउन सक्छन्, न त लाभ दिन सक्छन्। अनि उनीहरू भन्छन्: ‘यी त अल्लाहको सामु हाम्रा सिफारिस गर्नेहरू हुन्।’

भनिदिनुहोस्: ‘के तिमीहरू अल्लाहलाई त्यस्तो कुराको खबर दिन्छौ, जुन उहाँलाई आकाशहरू र पृथ्वीमा थाहा छैन?’

उहाँ तिनीहरूले उहाँसँग साझेदार ठहराएका सबै कुराभन्दा उच्च, पवित्र र महान् हुनुहुन्छ।” [यूनुसः १८]

अल्लाहले यी दुई आयतहरूमा स्पष्ट पार्नुभएको छ कि मुशरिकहरूले उहाँ बाहेक सृष्टिमध्ये केहीलाई आफ्ना संरक्षक (औलिया) बनाएका थिए। उनीहरू डर, आशा, कुर्बानी, भाकल (नज़र), दुआ आदि इबादतका कार्यहरूद्वारा अल्लाहसँगै तिनीहरूको पनि उपासना गर्थे। उनीहरूको दाबी थियो कि ती औलियाहरूले आफूहरूको उपासना गर्नेहरूलाई अल्लाहको नजिक पुऱ्याउँछन् र उहाँसमक्ष उनीहरूको सिफारिस गर्नेछन्।

त्यसपछि अल्लाहले उनीहरूको यो दाबीलाई झुट ठहराउनुभयो, उनीहरूको असत्यतालाई स्पष्ट पार्नुभयो, र उनीहरूलाई झुटा, काफिर तथा मुशरिक भन्नुभयो। साथै उहाँले आफूलाई उनीहरूको शिर्कबाट पवित्र घोषित गर्दै भन्नुभयोः

﴿...سُبْحَانَهُ وَتَعَالَى عَمَّا يُشْرِكُونَ﴾

“उहाँ तिनीहरूले साझेदार ठहराएका सबै कुराभन्दा धेरै उच्च र

पवित्र हुनुहुन्छ।" [अन्-नहल: १] यसबाट स्पष्ट हुन्छ कि जसले कुनै फरिश्ता, नबी, जिन्न, रुख वा ढुङ्गालाई अल्लाहसँगै पुकार्छ, उनीहरूसँग सहायता माग्छ, भाकल (नज़र) र कुर्बानीद्वारा उनीहरूको निकटता खोज्छ, वा उनीहरूलाई अल्लाहसमक्ष सिफारिस गर्ने माध्यम ठान्छ, अथवा उनीहरूको माध्यमबाट बिरामीको उपचार, धनको सुरक्षा, हराएको व्यक्तिको रक्षा वा यस्तै अन्य कुराको आशा राख्छ भने — ऊ ठूलो शिर्क र भयावह विपत्तिमा परेको हुन्छ, जसको बारेमा अल्लाहले भन्नुभएको छः

﴿إِنَّ اللَّهَ لَا يَغْفِرُ أَنْ يُشْرَكَ بِهِ وَيَغْفِرُ مَا دُونَ ذَلِكَ لِمَنْ يَشَاءُ وَمَنْ يُشْرِكْ بِاللَّهِ فَقَدِ افْتَرَى إِثْمًا عَظِيمًا﴿٤٨﴾﴾

"निस्सन्देह, अल्लाहले आफूसँग साझेदार ठहराइएको पापलाई क्षमा गर्नुहुन्न, तर त्यसबाहेकका पापहरू जसलाई चाहनुहुन्छ, क्षमा गर्नुहुन्छ। अनि जसले अल्लाहसँग अरूलाई साझेदार ठहराउँछ, उसले निश्चय नै ठूलो पाप गढेको हुन्छ।" [अन्निसाः ४८] अल्लाहले भन्नुभएको छ:

﴿...إِنَّهُ مَنْ يُشْرِكْ بِاللَّهِ فَقَدْ حَرَّمَ اللَّهُ عَلَيْهِ الْجَنَّةَ وَمَأْوَاهُ النَّارُ وَمَا لِلظَّالِمِينَ مِنْ أَنْصَارٍ﴾

"निश्चय नै जसले अल्लाहसँग शिर्क गर्छ, अल्लाहले उसमाथि जन्नत हराम गरिदिनुभएको छ र उसको ठेगाना नर्क हुनेछ। अनि अत्याचारीहरूका लागि कुनै सहायक हुने छैन।" [अल् माइदाः ७२]

कियामतको दिन सिफारिस (शफाअत) केवल तौहीद र इख्लास

भएका मानिसहरूका लागि हुनेछ, शिर्क गर्नेहरूका लागि होइन। यसै सन्दर्भमा नबी ﷺ लाई सोधिएको थियो: "हे अल्लाहका रसूल! तपाईंको शफाअत पाउने सबैभन्दा बढी भाग्यमानी व्यक्ति को हुनेछ?" उहाँले भन्नुभयोः

«مَنْ قَالَ: لَا إِلَهَ إِلَّا اللهُ خَالِصًا مِنْ قَلْبِهِ».

"जसले निष्कपट हृदयले 'ला इला-ह इल्लल्लाह' (अल्लाह बाहेक कुनै सत्य पूज्य छैन) भन्ने गवाही दिन्छ।" नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ:

«لِكُلِّ نَبِيٍّ دَعْوَةٌ مُسْتَجَابَةٌ، فَتَعَجَّلَ كُلُّ نَبِيٍّ دَعْوَتَهُ، وَإِنِّي اخْتَبَأْتُ دَعْوَتِي شَفَاعَةً لِأُمَّتِي يَوْمَ الْقِيَامَةِ، فَهِيَ نَائِلَةٌ إِنْ شَاءَ اللهِ مَنْ مَاتَ مِنْ أُمَّتِي لَا يُشْرِكُ بِاللهِ شَيْئًا».

"हरेक नबीको एउटा यस्तो दुआ हुन्छ, जुन अवश्य स्वीकार गरिन्छ। प्रत्येक नबीले आफ्नो त्यो दुआ संसारमै गर्न हतार गरे, तर मैले आफ्नो दुआलाई कियामतको दिन आफ्नो उम्मतका लागि सिफारिसको रूपमा सुरक्षित राखेको छु। अनि त्यो सिफारिस, अल्लाहले चाहेमा, मेरो उम्मतका प्रत्येक त्यस्ता व्यक्तिलाई प्राप्त हुनेछ, जो अल्लाहसँग कुनै पनि कुरालाई साझेदार नठहराई (शिर्क नगरी) मृत्यु भएको हुनेछ।"

प्रारम्भिक मुशरिकहरूले अल्लाहलाई आफ्नो पालनकर्ता, सृष्टिकर्ता र रोजी प्रदान गर्ने प्रभु मान्थे। तर पनि उनीहरू नबीहरू, सन्तहरू, फरिश्ताहरू, रुखहरू, ढुङ्गाहरू तथा यस्तै अन्य चीजहरूमा भर पर्थे, यस आशामा कि ती उनीहरूका लागि अल्लाहसमक्ष शफाअत गर्नेछन् र उनीहरूलाई उहाँसँग नजिक गराइदिनेछन्, जसरी अघिल्ला

आयतहरूमा उल्लेख गरिएको छ। अल्लाहले उनीहरूलाई त्यस कारण क्षमा गर्नुभएन; बरु उहाँले आफ्नो महान् किताबमा उनीहरूलाई काफिर र मुशरिक ठहराउनुभयो। साथै, यी पूज्य वस्तुहरूले उनीहरूका लागि शफाअत गर्छन् र उनीहरूलाई अल्लाहसँग नजिक गराउँछन् भन्ने उनीहरूको दाबीलाई पनि खण्डन गर्नुभयो।

त्यसैगरी, अल्लाहका रसूल ﷺ ले पनि उनीहरूलाई यस शिर्कका कारण छुट दिनुभएन; बरु उहाँले उनीहरूसँग युद्ध गर्नुभयो, यहाँसम्म कि उनीहरूले सम्पूर्ण इबादत केवल अल्लाहकै लागि निष्कपट बनाए। यो अल्लाहको यस वचनअनुसार थियो:

﴿وَقَاتِلُوهُمْ حَتَّى لَا تَكُونَ فِتْنَةٌ وَيَكُونَ الدِّينُ لِلَّهِ...﴾

"तिनीहरूसँग युद्ध गर, यहाँसम्म कि शिर्क र फित्ना समाप्त होस् र सम्पूर्ण धर्म केवल अल्लाहकै लागि होस्।" [अल्-बकरह: १९३] रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ:

«أُمِرْتُ أَنْ أُقَاتِلَ النَّاسَ حَتَّى يَشْهَدُوا أَنْ لَا إِلَهَ إِلَّا اللهُ وَأَنَّ مُحَمَّدًا رَسُولُ اللهِ، وَيُقِيمُوا الصَّلَاةَ، وَيُؤْتُوا الزَّكَاةَ، فَإِذَا فَعَلُوا ذَلِكَ عَصَمُوا مِنِّي دِمَاءَهُم وَأَمْوَالَهُمْ إِلَّا بِحَقِّ الإِسْلَامِ، وَحِسَابُهُم عَلَى اللهِ».

"मलाई मानिसहरूसँग त्यस समयसम्म युद्ध गर्ने आदेश दिइएको छ, जबसम्म उनीहरूले 'अल्लाह बाहेक कुनै सत्य पूज्य छैन, र मुहम्मद अल्लाहका रसूल हुन्' भन्ने गवाही दिँदैनन्, नमाज कायम गर्दैनन् र जकात अदा गर्दैनन्। जब उनीहरूले यी कार्यहरू पूरा गर्छन्, तब उनीहरूको रगत र सम्पत्ति मबाट सुरक्षित हुन्छ, इस्लामको

अधिकारबाहेक। अनि उनीहरूको हिसाब अल्लाहकै जिम्मामा हुन्छ।" नबी (सल्लल्लाहु अलैहि वसल्लम) को भनाईको अर्थ:

«حَتَّى يَشْهَدُوا أَنْ لَا إِلَهَ إِلَّا اللهُ».

"जबसम्म उनीहरूले 'अल्लाह बाहेक कुनै सत्य पूज्य छैन' भन्ने गवाही दिँदैनन्।' अर्थात्: उनीहरूले अल्लाह बाहेक अरू सबैलाई त्यागेर केवल अल्लाहकै इबादत गरून्।

मुशरिकहरू जिन्नसँग डराउँथे र उनीहरूसँग शरण माग्थे। त्यस सम्बन्धमा अल्लाहले यो आयत अवतरित गर्नुभयो:

﴿وَأَنَّهُ كَانَ رِجَالٌ مِنَ الْإِنْسِ يَعُوذُونَ بِرِجَالٍ مِنَ الْجِنِّ فَزَادُوهُمْ رَهَقًا۝٦﴾

"वास्तवमा मानिसहरूमध्ये केही व्यक्तिहरू जिन्नहरूमध्ये केहीसँग शरण माग्थे, तर त्यसले उनीहरूको अवज्ञा र भयलाई अझ बढाइदियो।" [अल् जिन्न: ६] व्याख्याकारहरूले यस पवित्र आयतको बारेमा भनेका छन्:

﴿...فَزَادُوهُمْ رَهَقًا﴾

"...तर त्यसले उनीहरूको अवज्ञा र भयलाई अझ बढाइदियो।" अर्थात्: डर र भय; किनभने जब जिन्नहरूले देख्छन् कि मानिसहरू उनीहरूसँग शरण मागिरहेका छन्, तब उनीहरू आफैँलाई ठूलो र घमण्डी ठान्छन्। त्यसपछि उनीहरूले मानिसहरूलाई अझ बढी डराउने र त्रास दिने गर्छन्, ताकि मानिसहरू उनीहरूको उपासना र शरणमा अझ बढी लागून्।

अल्लाहले मुस्लिमहरूलाई त्यसको सट्टा आफ्नो शरण माग्न र उहाँका पूर्ण शब्दहरूद्वारा सुरक्षा खोज्न सिकाउनुभएको छ। यस सम्बन्धमा उहाँले यो वचन अवतरण गर्नुभएको छ:

﴿وَإِمَّا يَنزَغَنَّكَ مِنَ الشَّيْطَانِ نَزْغٌ فَاسْتَعِذْ بِاللَّهِ إِنَّهُ سَمِيعٌ عَلِيمٌ﴾

"यदि शैतानको तर्फबाट तिमीलाई कुनै नराम्रो कुरा आउँछ भने, अल्लाहसँग शरण माग। निश्चय नै उहाँ सबै कुरा सुन्नुहुन्छ र सबै कुरा जान्नुहुन्छ।" [अल् अअराफः २००] अल्लाहले भन्नुभएको छ:

﴿قُلْ أَعُوذُ بِرَبِّ الْفَلَقِ﴾

"भनिदिनुहोस्: म उज्यालो (फलक) को प्रभुको शरण माग्छु।" नबी (सल्लल्लाहु अलैहि वसल्लम) बाट प्रमाणित छ, उहाँले भन्नुभएको छ:

«مَنْ نَزَلَ مَنْزِلًا فَقَالَ: (أَعُوذُ بِكَلِمَاتِ اللهِ التَّامَّاتِ مِنْ شَرِّ مَا خَلَقَ)؛ لَم يَضُرَّهُ شَيءٌ حَتَّى يَرْتَحِلَ مِنْ مَنْزِلِهِ ذَلِكَ».

"जसले कुनै स्थानमा अवतरण गर्दा यो दुआ पढ्छ: 'अऊजु बिकलिमातिल्लाहि-त्ताम्माति मिन् शर्रि मा खलक्।' (म अल्लाहका पूर्ण शब्दहरूद्वारा उहाँले सृष्टि गर्नुभएको वस्तुहरूको समस्त खराबीहरूबाट शरण माग्दछु), त्यसलाई त्यहाँबाट प्रस्थान नगरेसम्म कुनै चीजले हानि पुऱ्याउँदैन।"

उपर्युक्त आयतहरू र हदीसहरूबाट मुक्ति चाहने तथा आफ्नो धर्मको संरक्षण र शिर्क—ठूलो होस् वा सानो—बाट सुरक्षित रहन इच्छुक

व्यक्तिले यो कुरा जान्दछ कि मृतकहरू, फरिश्ताहरू, जिन्नहरू र अन्य सृष्टिहरूसँग सम्बन्ध गाँस्नु, उनीहरूलाई पुकार्नु, उनीहरूसँग शरण माग्नु र यस्तै कार्यहरू गर्नु अज्ञानताको युगका मुशरिकहरूको कार्य हो र यो अल्लाहसँग गरिने सबैभन्दा घृणित शिर्क हो।

त्यसैले यसलाई पूर्ण रूपमा त्याग्नु, यसबाट सावधान रहनु, अरूलाई पनि यसबाट टाढा रहन उपदेश दिनु र जसले यस्तो गर्छ उसको विरोध गर्नु अनिवार्य छ।

जस व्यक्तिलाई मानिसहरूबीच यी शिर्क (बहुदेववाद) का कार्यहरू गर्ने भनेर चिनिन्छ, त्यससँग विवाह (निकाह) गर्नु जायज हुँदैन, उसको जबह (कुर्बानी) खानु पनि उचित हुँदैन, न त उसको लागि जनाज़ा नमाज पढ्नु हुन्छ, न उसको पछाडि नमाज पढ्नु नै।

यो अवस्था तबसम्म रहन्छ जबसम्म उसले अल्लाहसमक्ष स्पष्ट रूपमा तौबा गर्दैन र आफ्नो दुआ तथा इबादत केवल अल्लाहकै लागि निष्कपट बनाउँदैन।

किनकि दुआ नै इबादत हो, बरु यसको सार हो, जसरी नबी ﷺ ले भन्नुभएको छः

«الدُّعَاءُ هُوَ العِبَادَةُ».

"प्रार्थना (दुआ) नै उपासना हो।" उहाँ ﷺ बाट अर्को शब्दमा यसरी पनि वर्णन गरिएको छः

«الدُّعَاءُ مُخُّ العِبَادَةِ».

"दुआ (प्रार्थना) उपासनाको सार हो।" मुशरिक (बहुदेववादी) हरूसँग विवाह (निकाह) गर्ने सम्बन्धमा अल्लाहले भन्नुभएको छः

﴿وَلَا تَنْكِحُوا الْمُشْرِكَاتِ حَتَّى يُؤْمِنَّ وَلَأَمَةٌ مُؤْمِنَةٌ خَيْرٌ مِنْ مُشْرِكَةٍ وَلَوْ أَعْجَبَتْكُمْ وَلَا تُنْكِحُوا الْمُشْرِكِينَ حَتَّى يُؤْمِنُوا وَلَعَبْدٌ مُؤْمِنٌ خَيْرٌ مِنْ مُشْرِكٍ وَلَوْ أَعْجَبَكُمْ أُولَئِكَ يَدْعُونَ إِلَى النَّارِ وَاللَّهُ يَدْعُو إِلَى الْجَنَّةِ وَالْمَغْفِرَةِ بِإِذْنِهِ وَيُبَيِّنُ آيَاتِهِ لِلنَّاسِ لَعَلَّهُمْ يَتَذَكَّرُونَ ﴿٢٢١﴾﴾

"मुशरिक महिलाहरूले ईमान नल्याएसम्म उनीहरूसँग विवाह नगर। निश्चय नै एक ईमानवाली दासी मुशरिक महिलाभन्दा राम्रो हो, चाहे तिमीलाई त्यो मन परोस्। र मुशरिक पुरुषहरूले ईमान नल्याएसम्म उनीहरूसँग विवाह नगर। निश्चय नै एक ईमानवाला दास मुशरिकभन्दा राम्रो हो, चाहे उसले तिमीलाई मन पराओस्। उनीहरू आगोतर्फ बोलाउँछन्, जबकि अल्लाह आफ्नो अनुमति अनुसार जन्नत र माफीतर्फ बोलाउनुहुन्छ। उहाँ मानिसहरूका लागि आफ्ना आयतहरू स्पष्ट पार्नुहुन्छ, ताकि उनीहरू सम्झन सकून्।" [अल् बकरह: २२१] अल्लाहले मुस्लिमहरूलाई मुशरिक महिलाहरूसँग विवाह गर्न निषेध गर्नुभएको छ, चाहे तिनीहरू मूर्तिपूजक हुन् वा अन्य कुनै प्रकारका शिर्क गर्नेहरू, जबसम्म उनीहरूले अल्लाहमाथि (तौहीदमा आधारित) ईमान ल्याउँदैनन्, रसूल ﷺ मा विश्वास गर्दैनन् र उहाँको मार्ग अनुसरण गर्दैनन्।

त्यसैगरी, अल्लाहले मुशरिक पुरुषहरूलाई पनि मुस्लिम महिलाहरूसँग विवाह गर्न निषेध गर्नुभएको छ, जबसम्म उनीहरूले अल्लाहमाथि साँचो ईमान ल्याएर शिर्क त्याग्दैनन्, रसूल ﷺ मा विश्वास

गर्दैनन् र उहाँको मार्ग अनुसरण गर्दैनन्।

अल्लाहले स्पष्ट गर्नुभएको छ कि एक ईमानवाली दासी मुशरिक स्वतन्त्र स्त्रीभन्दा उत्तम हुन्छ, यद्यपि उसको सुन्दरता वा बोलीले कुनै व्यक्तिलाई आकर्षित नै किन नगरेको होस्।

त्यस्तै, एक ईमानवाला दास मुशरिक स्वतन्त्र पुरुषभन्दा उत्तम हुन्छ, यद्यपि उसको सुन्दरता, वाक्पटुता वा साहस जस्ता गुणहरूले हेर्ने वा सुन्ने व्यक्तिलाई आकर्षित नै किन नगरेको होस्।

त्यसपछि अल्लाहले यस श्रेष्ठताको कारण स्पष्ट पार्दै भन्नुभएको छः

﴿...أُولَٰئِكَ يَدْعُونَ إِلَى النَّارِ...﴾

"यिनीहरू आगोतर्फ (जहन्नम) तर्फ बोलाउँछन्...।" [अल्-बकरह: २२१] अर्थात् यहाँ मुशरिक पुरुष र मुशरिक स्त्रीहरूलाई जनाइएको हो; किनकि उनीहरू आफ्ना कुरा, काम, व्यवहार र आचरणद्वारा आगोतर्फ (जहन्नम) निम्तो दिनेहरू हुन्।

जबकि ईमानवाला पुरुष र ईमानवाली स्त्रीहरू आफ्ना नैतिकता, कर्म र जीवनशैलीद्वारा जन्नततर्फ निम्तो दिनेहरू हुन्।

त्यसैले यी दुई वर्ग कसरी समान हुन सक्छन्?!

मुशरिकहरूका लागि नमाज (जनाज़ा) पढ्ने सम्बन्धमा, अल्लाहले मुनाफिकहरूका बारेमा भन्नुभएको छः

﴿وَلَا تُصَلِّ عَلَىٰ أَحَدٍ مِّنْهُم مَّاتَ أَبَدًا وَلَا تَقُمْ عَلَىٰ قَبْرِهِ إِنَّهُمْ كَفَرُوا بِاللَّهِ وَرَسُولِهِ

﴿وَمَاتُوا وَهُمْ فَاسِقُونَ﴿٨٤﴾﴾

"तिनीहरूमध्ये कसैको मृत्यु भएमा कहिल्यै पनि उसको जनाज़ा नमाज नपढ्नु, र न त उसको कब्रमा उभिनु। निश्चय नै तिनीहरूले अल्लाह र उहाँका रसूललाई इन्कार गरेका छन् र तिनीहरू अवज्ञाकारी अवस्थामा नै मरेका छन्।" [सूरह तौबा: ८४] यस पवित्र आयतमा अल्लाहले स्पष्ट पार्नुभएको छ कि मुनाफिक र काफिरको जनाज़ा नमाज पढिँदैन; किनकि उनीहरूले अल्लाह र उहाँका रसूललाई इन्कार गरेका हुन्छन्।

त्यसैगरी, तिनीहरूको पछाडि नमाज पढ्नु हुँदैन, न त उनीहरूलाई मुस्लिमहरूको लागि इमाम बनाउनु उचित हुन्छ; किनकि उनीहरू काफिर हुन्, विश्वासयोग्य छैनन् र उनीहरू तथा मुस्लिमहरूबीच ठूलो शत्रुता रहन्छ। साथै उनीहरू नमाज र इबादतका वास्तविक पात्र होइनन्। किनभने कुफ्र र शिर्कसँग कुनै पनि अमल स्वीकार्य रहँदैन। हामी अल्लाहसँग यसबाट सुरक्षा माग्दछौं। बहुदेववादीहरूले वध गरेका मासु खाने सम्बन्धमा: अल्लाहले मृत जनावर र मुशरिकहरूको जबहलाई हराम (निषेधित) भएको स्पष्ट पार्दै भन्नुभएको छः

﴿وَلَا تَأْكُلُوا مِمَّا لَمْ يُذْكَرِ اسْمُ اللَّهِ عَلَيْهِ وَإِنَّهُ لَفِسْقٌ وَإِنَّ الشَّيَاطِينَ لَيُوحُونَ إِلَى أَوْلِيَائِهِمْ لِيُجَادِلُوكُمْ وَإِنْ أَطَعْتُمُوهُمْ إِنَّكُمْ لَمُشْرِكُونَ﴿١٢١﴾﴾

"जसमा अल्लाहको नाम लिइएको छैन, त्यसबाट नखानु; निश्चय नै त्यो अवज्ञा (फिस्क) हो। निश्चय नै शैतानहरूले आफ्ना मित्रहरूलाई तिमीहरूसँग विवाद गर्न प्रेरित गर्छन्। यदि तिमीहरूले उनीहरूको आज्ञा

पालन गऱ्यौ भने, निश्चय नै तिमीहरू मुशरिक बन्नेछौ।" [अल् अनआमः १२१] त्यसैले अल्लाहले मुस्लिमहरूलाई मरेको जनावर र मुशरिकको जबह (कुर्बानी) खानबाट निषेध गर्नुभएको छ, किनकि मुशरिकहरू अपवित्र हुन्छन्। त्यसैले मुशरिकको जबह पनि मरेको जनावरकै बराबर ठहरिन्छ। यदि उसले अल्लाहको नाम लिएर वध गरेको भए तापनि त्यो अवैध हुन्छ र त्यसको कुनै अर्थ रहँदैन, किनकि यो एक इबादत हो, र शिर्क (बहुदेववाद) ले उपासनालाई नष्ट र अमान्य बनाइदिन्छ, जबसम्म मुशरिकले अल्लाहसमक्ष तौबा गर्दैन। अल्लाहले अहले किताब (यहूदी र इसाई) हरूको खाना मात्र वैध (हलाल) गर्नुभएको छ। अल्लाहले भन्नुहुन्छ:

﴿...وَطَعَامُ الَّذِينَ أُوتُوا الْكِتَابَ حِلٌّ لَكُمْ وَطَعَامُكُمْ حِلٌّ لَهُمْ...﴾

"...अहले किताब (यहूदी र इसाई) हरूको खाना तिमीहरूका लागि हलाल छ र तिमीहरूको खाना उनीहरूका लागि हलाल छ...।" [अल्-माइदा: ५] किनभने उनीहरू आफूलाई आकाशीय धर्मका अनुयायी ठान्छन् र मूसा तथा ईसाका अनुयायी भएको दाबी गर्छन्, यद्यपि उनीहरू आफ्नो यस दाबीमा झूट्टा छन्। वास्तवमा, अल्लाहले मुहम्मद ﷺ लाई सम्पूर्ण मानवजातितर्फ पठाई उनीहरूको धर्मलाई रद्द तथा अमान्य गरिसक्नुभएको छ। तथापि, गहिरो हिकमत र विशेष रहस्यहरूको आधारमा अल्लाहले अह्ले किताबहरूको खाना र उनीहरूका महिलाहरूलाई मुसलमानहरूका लागि वैध बनाउनुभएको छ। विद्वानहरूले ती हिकमत र रहस्यहरूलाई स्पष्ट रूपमा व्याख्या गरेका छन्।

यसको विपरीत, मुशरिकहरू — जो मूर्ति, मृत व्यक्तिहरू, नबीहरू, औलियाहरू वा अन्यको पूजा गर्छन् — उनीहरूको धर्मको कुनै ठोस आधार छैन; बरु त्यो मूलदेखि नै असत्य र निराधार धर्म हो। त्यसैले यस्ता मानिसहरूले गरेको जबह (वध) मरेको जनावरसरह मानिन्छ र त्यसलाई खानु जायज हुँदैन।

कसैले अर्को व्यक्तिलाई सम्बोधन गर्दै "तिमीलाई जिन्नले समातेको छ", "तिमी जिन्नको असरमा छौ", "शैतानले तिमीलाई उडाएर लगेको छ" वा यस्तै प्रकारका शब्दहरू प्रयोग गर्नु गालीगलौज, अपमान र अनुचित व्यवहारको श्रेणीमा पर्छ। मुसलमानहरूबीच यस्तो व्यवहार वैध छैन, जसरी अन्य सबै प्रकारका गालीगलौज र अपशब्दहरू पनि निषेध गरिएका छन्।

तर यस्ता शब्दहरू प्रयोग गर्नु मात्रले कुनै व्यक्तिलाई शिर्कको दायरामा पुऱ्याउँदैन। तथापि, यदि कसैले जिन्नहरू अल्लाहको अनुमति र इच्छाबिनै स्वतन्त्र रूपमा मानिसहरूमा प्रभाव पार्न, हानि पुऱ्याउन वा नियन्त्रण गर्न सक्छन् भन्ने विश्वास राख्छ भने, यस्तो विश्वास निस्सन्देह गलत र अत्यन्त खतरनाक हो। त्यसैले, जसले जिन्न वा अन्य कुनै सृष्टिका बारेमा यस्तो विश्वास राख्छ कि उनीहरूले अल्लाहको अनुमति र इच्छाबिनै स्वतन्त्र रूपमा प्रभाव पार्न वा कुनै कार्य सम्पन्न गर्न सक्छन्, त्यस्तो विश्वासका कारण ऊ कुफ्रमा पर्नेछ। किनभने अल्लाह नै सम्पूर्ण सृष्टिका मालिक हुनुहुन्छ। उहाँ हरेक कुरामाथि पूर्ण शक्ति राख्नुहुन्छ र वास्तविक रूपमा लाभ तथा हानि पुऱ्याउने पनि उहाँ नै हुनुहुन्छ।

उहाँको अनुमति, इच्छा र पूर्वनिर्धारित तक्दिरबिना कुनै पनि कुरा अस्तित्वमा आउन सक्दैन। यही महान् मूल सिद्धान्तलाई मानिसहरूसम्म पुऱ्याउन अल्लाहले आफ्ना नबी ﷺ लाई आदेश दिँदै भन्नुभयोः

﴿قُلْ لَا أَمْلِكُ لِنَفْسِي نَفْعًا وَلَا ضَرًّا إِلَّا مَا شَاءَ اللَّهُ وَلَوْ كُنْتُ أَعْلَمُ الْغَيْبَ لَاسْتَكْثَرْتُ مِنَ الْخَيْرِ وَمَا مَسَّنِيَ السُّوءُ إِنْ أَنَا إِلَّا نَذِيرٌ وَبَشِيرٌ لِقَوْمٍ يُؤْمِنُونَ ﴿١٨٨﴾﴾

“भनिदिनुहोस्: म अल्लाहले चाहनुभएको बाहेक आफ्नै लागि पनि कुनै लाभ वा हानिको अधिकार राख्दिनँ। यदि मैले ग़ैब (अदृश्य ज्ञान) जान्दथेँ भने, म धेरै भलाइ प्राप्त गर्ने थिएँ र मलाई कुनै दुःख पनि पुग्ने थिएन। म त केवल ईमान ल्याउने समुदायका लागि चेतावनी दिने र शुभसूचना सुनाउने व्यक्ति मात्र हुँ।” [अल् अअराफः १८८] जब सम्पूर्ण सृष्टिका प्रमुख र सबैभन्दा श्रेष्ठ व्यक्तित्व नबी ﷺ स्वयंले पनि अल्लाहले चाहेको बाहेक आफ्नै लागि कुनै लाभ वा हानिको अधिकार राख्नुहुन्न भने, अन्य सृष्टिहरूको अवस्था कस्तो होला?!

यस अर्थलाई स्पष्ट गर्ने आयतहरू कुरआनमा धेरै छन्।

जहाँसम्म अर्राफ (भविष्यवक्ता), जादुगर, ज्योतिषी तथा यस्तै ग़ैब (अदृश्य कुराहरू) को खबर दिने दाबी गर्ने मानिसहरूलाई प्रश्न गर्ने कुरा छ, त्यो एक निन्दनीय कार्य हो र वैध छैन।

उनीहरूको कुरा सत्य ठान्नु त अझ बढी गम्भीर र निन्दनीय कुरा हो; बरु त्यो कुफ्रका शाखाहरूमध्ये एक हो। किनभने नबी ﷺ ले भन्नुभएको

छ:

«مَنْ أَتَى عَرَّافًا فَسَأَلَهُ عَنْ شَيءٍ؛ لَمْ تُقْبَلْ لَهُ صَلَاةٌ أَرْبَعِينَ يَومًا».

"जसले कुनै ज्योतिषी (भविष्य बताउने व्यक्ति) कहाँ गएर कुनै कुरा सोध्यो, उसको चालीस दिनसम्मको नमाज स्वीकृत हुँदैन।" (मुस्लिम) 'सहीह' (मुस्लिम) मा नै मुआविया बिन अल-हकम अस-सुलामी (रदियल्लाहु अन्हु) बाट वर्णित छ:

«أَنَّ النَّبِيَّ ﷺ نَهَى عَنْ إِتْيَانِ الْكُهَّانِ وَسُؤَالِهِم».

"नबी ﷺ ले ज्योतिषीहरूकहाँ जानु र उनीहरूसँग प्रश्न सोध्नु निषेध गर्नुभएको छ।"

सुननका लेखकहरूले नबी (सल्लल्लाहु अलैहि वसल्लम) बाट वर्णन गरेका छन्, उहाँले भन्नुभएको छ:

«مَنْ أَتَى كَاهِنًا، فَصَدَّقَهُ بِمَا يَقُولُ؛ فَقَدْ كَفَرَ بِمَا أُنْزِلَ عَلَى مُحَمَّدٍ ﷺ».

"जसले कुनै काहिन (ज्योतिषी वा भविष्यवक्ता) कहाँ गएर उसले भनेको कुरालाई सत्य ठान्यो, उसले मुहम्मद ﷺ माथि अवतरित गरिएको शिक्षालाई अस्वीकार गर्‍यो (कुफ्र गर्‍यो)।" यस अर्थका हदीसहरू धेरै छन्। त्यसैले, मुसलमानहरूले ज्योतिषीहरू, भविष्यवक्ता तथा अदृश्य कुराहरूको ज्ञान भएको दाबी गर्ने सबै प्रकारका ढोंगीहरूबाट सावधान रहनुपर्छ। यस्ता मानिसहरूले कहिलेकाहीँ उपचार, औषधि वा अन्य विभिन्न बहानाको नाममा मानिसहरूलाई धोका दिने प्रयास गर्छन्।

किनभने नबी ﷺ ले यस्ता व्यक्तिहरूकहाँ जानु, उनीहरूलाई प्रश्न गर्नु तथा उनीहरूको कुरा विश्वास गर्नुबाट निषेध गर्नुभएको छ र यसबारे कडा चेतावनी पनि दिनुभएको छ। यस अन्तर्गत केही मानिसहरूको यस्तो व्यवहार पनि पर्छ कि उनीहरूले उपचारको नाममा बिरामी व्यक्तिको पगडी सुँघ्ने, वा बिरामी महिलाको टाउकोमा लगाइने स्कार्फ आदि जाँच्ने बहाना गर्छन्, अनि त्यसको आधारमा अदृश्य कुराहरूको दाबी गर्दै भन्न थाल्छन्: "यस बिरामीले यस्तो गरेको छ", "यस्तो घटना भएको छ" आदि। जबकि बिरामी व्यक्तिको पगडी, स्कार्फ वा यस्तै वस्तुहरूमा यस्ता कुराहरू थाहा पाउने कुनै वास्तविक संकेत हुँदैन।

वास्तवमा, यस्ता कार्यहरूको उद्देश्य सामान्य मानिसहरूलाई धोका दिनु मात्र हो, ताकि उनीहरूले सोचून्: "यो व्यक्ति त उपचार, रोगका प्रकार र तिनका कारणहरूबारे धेरै जानकार रहेछ।" त्यसपछि उसले कुनै औषधि दिन्छ, र कहिलेकाहीँ अल्लाहको इच्छाले बिरामी निको पनि हुन सक्छ। तब मानिसहरूले त्यो निको हुनु अल्लाहको इच्छाका कारण नभई त्यस ढोंगीको औषधि वा कथित ज्ञानकै कारण भएको हो भन्ने भ्रम पाल्छन्। कहिलेकाहीँ कुनै रोग जिन्न वा शैतानहरूको असरका कारण पनि हुन सक्छ, जो त्यस्ता झूटा चिकित्सकहरूको सेवा गरिरहेका हुन्छन्। ती जिन्न–शैतानहरूले आफूलाई थाहा भएका केही ग़ैबी कुराहरू त्यस व्यक्तिलाई बताइदिन्छन्, र उसले त्यही जानकारीका आधारमा मानिसहरूलाई प्रभावित पार्ने प्रयास गर्छ।

त्यसपछि त्यो झूटा चिकित्सक जिन्न र शैतानहरूलाई प्रसन्न पार्न उनीहरूलाई मन पर्ने प्रकारका शिर्कपूर्ण इबादत वा अन्य कार्यहरू गर्छ। फलस्वरूप, ती जिन्न–शैतानहरू त्यस बिरामीबाट हट्छन् र उसलाई

दिइरहेको पीडा केही समयका लागि छोडिदिन्छन्।

जिन्न, शैतान तथा उनीहरूलाई आफ्ना उद्देश्यका लागि प्रयोग गर्ने मानिसहरूको यस्तो व्यवहार धेरै ठाउँमा परिचित र प्रसिद्ध छ।

मुसलमानहरूले यस्ता कार्यहरूबाट सतर्क रहनु, एकअर्कालाई यिनलाई त्याग्न सल्लाह दिनु तथा सर्वशक्तिमान अल्लाहमाथि भरोसा र पूर्ण तवक्कुल राख्नु अनिवार्य छ।

साथै, शरीअतले अनुमति दिएका रुक्याह (दम–दुआ) तथा वैध औषधिहरू प्रयोग गर्नु, अनि रोगको प्रत्यक्ष र तर्कसंगत रूपमा जाँच गरी उपचार गर्ने योग्य चिकित्सकहरूबाट उपचार गराउनुमा कुनै आपत्ति छैन।

नबी ﷺ बाट प्रमाणित रूपमा वर्णित छ, उहाँले भन्नुभयोः

«مَا أَنْزَلَ اللهُ دَاءً إِلَّا أَنْزَلَ لَهُ شِفَاءً، عَلِمَهُ مَنْ علِمه، وَجَهِلَهُ مَنْ جَهِلَهُ».

"अल्लाहले कुनै यस्तो रोग अवतरित गर्नुभएको छैन, जसको उपचार पनि उहाँले अवतरित नगर्नुभएको हो। त्यस उपचारलाई जसले जान्यो, उसले जान्यो; र जसले जानेन, उसले जानेन।" नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ:

«لِكُلِّ دَاءٍ دَوَاءٌ، فإِذَا أُصِيبَ دَوَاءُ الدَّاءَ بَرَأَ بِإِذْنِ اللهِ».

"हरेक रोगको एउटा उपचार हुन्छ। जब रोगअनुसार उपयुक्त उपचार गरिन्छ, तब अल्लाहको अनुमतिले रोग निको हुन्छ।" उहाँ (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ:

«عِبَادَ اللهِ، تَدَاوَوا وَلَا تَدَاوَوا بِحَرَامٍ».

"हे अल्लाहका बन्दाहरू! उपचार गर, तर हराम वस्तुद्वारा उपचार नगर।" यस अर्थका हदीसहरू धेरै छन्।

त्यसैले, हामी अल्लाहसँग प्रार्थना गर्छौं, उहाँले सम्पूर्ण मुसलमानहरूको अवस्था सुधारिदिनुहोस्, उनीहरूको हृदय र शरीरलाई हरेक प्रकारका बुराइ तथा रोगबाट शिफा प्रदान गर्नुहोस्, उनीहरूलाई सत्य मार्गमा एकजुट गरिदिनुहोस् र हामी सबैलाई भ्रामक फित्नाहरू तथा शैतान र उसका सहयोगीहरूको आज्ञापालनबाट सुरक्षित राख्नुहोस्।

निस्सन्देह, उहाँ हरेक कुरामाथि पूर्ण शक्ति राख्नुहुन्छ। अल्लाह महान् र सर्वोच्च बाहेक कुनै शक्ति र सामर्थ्य छैन।

अल्लाहले आफ्ना भक्त तथा रसूल, हाम्रा नबी मुहम्मद ﷺ, उहाँका परिवारजन र सम्पूर्ण सहाबामाथि दुरूद, सलाम तथा बरकत अवतरित गरून्।

***

بِسْمِ اللهِ الرَّحمَنِ الرَّحِيمِ

## चा ैथो पत्र:

## अप्रमाणित तथा शिर्कयुक्त विर्द (ज़िक्र–दुआ) द्वारा गरिने उपासनाको हुकुम

अब्दुल अज़ीज बिन अब्दुल्लाह बिन बाजको तर्फबाट आदरणीय भाइ (..........) का नाममा — अल्लाहले उहाँलाई प्रत्येक भलाइको तौफीक प्रदान गरून्, आमीन।

"अस्सलामु अलैकुम व रहमतुल्लाहि व बरकातुहु।"

(तपाईंमाथि शान्ति, अल्लाहको दया र आशिष् होस्।)

अम्मा बअ्दु: तपाईंको सम्मानित पत्र मलाई प्राप्त भयो। अल्लाहले तपाईंलाई आफ्नो हिदायतद्वारा लाभान्वित गरून्। तपाईंले आफ्नो पत्रमा उल्लेख गर्नुभएको छ कि तपाईंहरूको क्षेत्रमा केही मानिसहरू यस्ता विर्दहरूमा अडिग छन्, जसका लागि अल्लाहले कुनै प्रमाण अवतरित गर्नुभएको छैन। तीमध्ये केही बिदअती छन् भने केही शिर्कयुक्त पनि छन्। साथै, उनीहरूले ती विर्दहरूलाई अमीरुल–मोमिनीन अली बिन अबी तालिब (रज़ियल्लाहु अन्हु) तथा अन्य व्यक्तिहरूलाई पनि श्रेय दिन्छन्। उनीहरूले ती विर्दहरू जिक्रका सभाहरूमा वा मगरिबको नमाजपछि मस्जिदहरूमा पढ्छन्, र यसलाई अल्लाहको निकटता प्राप्त गर्ने माध्यम हो भन्ने दाबी गर्छन्। जस्तै उनीहरूको भनाइः “अल्लाहको हकको वास्ता, हे अल्लाहका

मानिसहरू! अल्लाहको सहयोगद्वारा हामीलाई सहायता गर।" वा "अल्लाहको नाममा हाम्रो सहायक बन।" उनीहरूको भनाइमध्ये यस्ता शब्दहरू पनि पर्दछन्: "हे कुतुबहरू! हे मालिकहरू! हे सहायता प्रदान गर्नेहरू! हाम्रो पुकार सुन्नुहोस् र अल्लाहसमक्ष हाम्रो लागि सिफारिस गरिदिनुहोस्। यो तपाईंहरूको दास तपाईंहरूको ढोकामा उपस्थित छ, तपाईंहरूको द्वारमा बसेको छ, आफ्ना कमी–कमजोरीहरूदेखि भयभीत छ। हे अल्लाहका रसूल! हामीलाई सहायता गर्नुहोस्। तपाईंहरू बाहेक मेरो कुनै आश्रय छैन, र मेरो आवश्यकता पनि तपाईंहरूद्वारै पूरा हुन्छ। तपाईंहरू अल्लाहका विशेष बन्दाहरू हुनुहुन्छ। हे शहीदहरूका सरदार हम्जा बिन अब्दुल मुत्तलिबको वास्ता! तपाईंहरूमध्ये जसले हामीलाई सहायता गर्न सक्नुहुन्छ, हे अल्लाहका रसूल! हामीलाई सहायता गर्नुहोस्।" उनीहरूको भनाइमध्ये यो पनि छः

"हे अल्लाह! त्यस व्यक्तिमाथि दुरूद अवतरित गर, जसलाई तपाईंले आफ्नो जबरुती रहस्यहरू प्रकट हुने माध्यम बनाउनुभयो, र आफ्नो रहमानी नूरहरू प्रकट हुने साधन बनाउनु भयो। त्यसपछि ऊ तपाईंको प्रतिनिधि र आन्तरिक रहस्यहरूको खलीफा बन्यो।"

तपाईंको यो इच्छा भनेको यीमध्ये कुन कुरा बिदअत (नवआविष्कृत) हो र कुन कुरा शिर्क हो भन्ने स्पष्ट गरियोस्, साथै यस्तो दुआ गर्ने इमामको पछाडि नमाज सही हुन्छ कि हुँदैन भन्ने कुरा पनि स्पष्ट होस्—यी सबै विषयहरू पहिले नै ज्ञात र स्पष्ट भइसकेका छन्।

उत्तरः समस्त प्रशंसा अल्लाहकै लागि हुन्, जो सम्पूर्ण संसारका पालनकर्ता हुनुहुन्छ। दुरूद र सलाम अवतरित होस् सर्वश्रेष्ठ नबी तथा

अन्तिम सन्देष्टा मुहम्मद ﷺ माथि, उहाँका परिवार, उहाँका सहाबाहरू र कियामतको दिनसम्म उहाँहरूको मार्ग अनुसरण गर्ने सबैमाथि पनि।

अम्मा बअ्‌द: जान्नुहोस्—अल्लाहले तपाईंलाई सफलताको तौफीक प्रदान गरून्—अल्लाहले सृष्टिलाई केवल यस उद्देश्यका लागि सृष्टि गर्नुभयो र रसूलहरूलाई पठाउनुभयो कि उहाँको मात्र इबादत गरियोस्, उहाँसँग कुनै साझेदार नठहराइयोस्, र उहाँ बाहेक सबै कुराबाट दूरी राखियोस्। जस्तै अल्लाह तआलाले भन्नुभएको छः

﴿وَمَا خَلَقْتُ الْجِنَّ وَالْإِنْسَ إِلَّا لِيَعْبُدُونِ ۝٥٦﴾

"मैले जिन्न र मानवजातिलाई केवल मेरो उपासनाका लागि मात्र सृष्टि गरेको हुँ।" [अज्जारियातः ५६]

इबादत — जस्तै पहिले व्याख्या गरिसकिएको छ — भनेको अल्लाह र उहाँका रसूल मुहम्मद ﷺ को आज्ञापालन हो; अर्थात् अल्लाह र उहाँका रसूलले आदेश दिएका कुराहरू पालन गर्नु र अल्लाह र उहाँका रसूलले निषेध गरेका कुराहरू त्याग्नु हो। यो कार्य अल्लाह र उहाँका रसूलमाथिको ईमानका साथ हुनुपर्छ र कर्ममा अल्लाहकै लागि इख्लास (निष्ठा) हुनुपर्छ, साथै अल्लाहप्रतिको पूर्ण प्रेम र केवल उहाँप्रति मात्र पूर्ण विनम्रता र अधीनता हुनुपर्छ, उहाँ बाहेक अरू कसैप्रति होइन। जस्तै अल्लाह तआलाले भन्नुभएको छः

﴿وَقَضَى رَبُّكَ أَلَّا تَعْبُدُوا إِلَّا إِيَّاهُ...﴾

"तपाईंका पालनकर्ताले निर्णय गर्नुभएको छ, तपाईंहरू उहाँबाहेक

अरू कसैको उपासना नगर्नु...।" [अल् इस्रा: २३] अर्थात् उहाँले आदेश दिनुभयो र कडा रूपमा सिफारिस गर्नुभयो कि केवल उहाँको मात्र इबादत गरियोस्, उहाँसँग कुनै साझेदार नठहराइयोस्। अल्लाहले भन्नुभएको छ:

﴿الْحَمْدُ لِلَّهِ رَبِّ الْعَالَمِينَ ۝٢ الرَّحْمَنِ الرَّحِيمِ ۝٣ مَالِكِ يَوْمِ الدِّينِ ۝٤ إِيَّاكَ نَعْبُدُ وَإِيَّاكَ نَسْتَعِينُ ۝٥﴾

"समस्त प्रशंसा अल्लाहकै लागि हो, जो सम्पूर्ण संसारका पालनकर्ता हुनुहुन्छ।"

उहाँ अत्यन्त दयालु र अति कृपालु हुनुहुन्छ।

उहाँ न्यायको दिनका (कियामतका) स्वामी हुनुहुन्छ।

हामी तपाईंकै मात्र उपासना गर्दछौं र तपाईंसँग मात्र सहायता माग्दछौं।" [फातिहा: २-५] यसरी यी आयतहरूद्वारा अल्लाहले स्पष्ट पार्नुभयो कि उहाँ मात्र एक्लै इबादत योग्य हुनुहुन्छ र सहायता पनि केवल उहाँसँगै मागिनुपर्छ। उहाँले भन्नुभएको छ:

﴿إِنَّآ أَنزَلْنَآ إِلَيْكَ ٱلْكِتَٰبَ بِٱلْحَقِّ فَٱعْبُدِ ٱللَّهَ مُخْلِصًا لَّهُ ٱلدِّينَ ۝٢ أَلَا لِلَّهِ ٱلدِّينُ ٱلْخَالِصُ...﴾

"निश्चय नै हामीले तिमीमाथि यो किताब सत्यका साथ अवतरित गरेका छौं, त्यसैले तिमी अल्लाहकै उपासना गर, उहाँकै लागि धर्मलाई पूर्ण रूपमा निष्कपट बनाउँदै।

"सुन! शुद्ध र निष्कपट धर्म (इबादत) केवल अल्लाहकै लागि

हो...।" [अज्जुमर: २-३] अल्लाहले भन्नुभएको छ:

﴿فَادْعُوا اللَّهَ مُخْلِصِينَ لَهُ الدِّينَ وَلَوْ كَرِهَ الْكَافِرُونَ﴾

"त्यसैले तिमीहरूले अल्लाहलाई पुकार, उहाँकै लागि धर्मलाई निष्कपट बनाउँदै, चाहे काफिरहरूले यसलाई मन नपराऊन्।" [गाफिर: १४] अल्लाहले भन्नुभएको छ:

﴿وَأَنَّ الْمَسَاجِدَ لِلَّهِ فَلَا تَدْعُوا مَعَ اللَّهِ أَحَدًا﴾

"मस्जिदहरू अल्लाहकै लागि हुन्, त्यसैले अल्लाहसँगै अरू कसैलाई नपुकार।" [अल-जिन्न: १८] यस अर्थका आयतहरू धेरै छन्, जसले केवल एक अल्लाहको मात्र उपासना गर्नु अनिवार्य छ भन्ने तथ्यलाई स्पष्ट रूपमा प्रमाणित गर्दछन्।

दुआ (बिन्ती) का सबै प्रकारहरू इबादत हुन्। त्यसैले कुनै पनि व्यक्तिले आफ्नो रब बाहेक अरू कसैलाई पुकार्नु हुँदैन, न त अरू कसैसँग सहायता माग्नु वा शरण लिनु नै हुन्छ। यो पवित्र आयतहरू र तिनको समान अर्थ भएका अन्य प्रमाणहरूको आधारमा स्पष्ट गरिएको हो। तर यो कुरा सामान्य मामिलाहरू तथा प्रत्यक्ष (भौतिक) कारणहरूसँग सम्बन्धित अवस्थामा सीमित हुन्छ, जुन कामहरू कुनै जीवित र उपस्थित व्यक्तिले गर्न सक्छ। यस्ता कार्यहरू इबादतको श्रेणीमा पर्दैनन्।

बरु, प्रमाण (नस्स) र सर्वसम्मति (इज्मा) अनुसार, कुनै व्यक्तिले अर्को जीवित र सक्षम व्यक्तिबाट सामान्य मामिलाहरूमा सहायता माग्नु

वा सहयोग लिनु जायज हुन्छ—जस्तै आफ्नो छोराछोरी, नोकर वा अन्य साधनहरूबाट हुन सक्ने हानि रोक्नका लागि कसैको सहयोग लिनु, वा यस्तै प्रकारका अन्य दैनिक र सामान्य कामहरूमा सहायता माग्नु। यो त्यस्तो अवस्था हो जस्तै कुनै व्यक्तिले आफ्नो घर निर्माण गर्न वा कार मर्मत गर्न, वा यस्तै अन्य कार्यहरूका लागि जीवित, उपस्थित वा अनुपस्थित सक्षम व्यक्तिबाट भौतिक माध्यमहरू (जस्तै पत्राचार आदि) प्रयोग गरी सहायता माग्छ। यसैमध्ये: मानिसले जिहाद वा युद्धजस्ता परिस्थितिमा आफ्ना साथीहरूबाट सहायता र शरण माग्नु पनि पर्छ। यसै सन्दर्भमा अल्लाहले मूसा (अलैहिस्सलाम) को कथामा भन्नुभएको छः

﴿...فَاسْتَغَاثَهُ الَّذِي مِنْ شِيعَتِهِ عَلَى الَّذِي مِنْ عَدُوِّهِ...﴾

"...अनि उनको समुदायको व्यक्तिले शत्रु विरुद्धमा उनीसँग सहायता माग्यो...।" [अल् कससः १५]

तर मृतकहरू, जिन्न, फरिश्ता, रूख र ढुङ्गाहरूबाट सहायता माग्नु भनेको ठूलो शिर्क हो। यो प्रारम्भिक मुशरिकहरूले आफ्ना देवताहरू—जस्तै अल-उज्जा, अल-लात आदि—सँग गरेको कार्यकै प्रकार हो।

त्यस्तै, जीवित व्यक्तिहरूमध्ये जसलाई "औलिया" मानिन्छ भन्ने विश्वास राखी, अल्लाह बाहेक केवल उहाँले मात्र गर्न सक्ने कामहरू—जस्तै बिरामी निको पार्नु, हृदयलाई मार्गदर्शन दिनु, जन्नतमा प्रवेश गराउनु, नरकबाट मुक्ति दिनु आदि—का लागि उनीहरूसँग सहायता वा शरण माग्नु पनि यस्तै शिर्क हो।

अघिल्ला आयतहरू र तिनको समान अर्थ भएका अन्य आयत तथा

हदीसहरू सबैले यो कुरामा मार्गदर्शन गर्छन् कि सबै मामिलामा हृदयलाई अल्लाहतर्फ नै फर्काउनु र इबादतलाई केवल उहाँकै लागि निष्कपट बनाउनु अनिवार्य छ।

किनभने बन्दाहरूलाई यही उद्देश्यका लागि सृष्टि गरिएको हो, र यही कुराको आदेश पनि दिइएको छ—जसरी अघिल्ला आयतहरूमा उल्लेख भइसकेको छ र जस्तै अल्लाहले भन्नुभएको छ:

﴿وَاعْبُدُوا اللَّهَ وَلَا تُشْرِكُوا بِهِ شَيْئًا...﴾

"अल्लाहको उपासना गर र उहाँसँग कुनै पनि चीजलाई साझेदार नबनाऊ...।" [अन्निसाः ३६] अल्लाहले भन्नुभएको छ:

﴿وَمَا أُمِرُوا إِلَّا لِيَعْبُدُوا اللَّهَ مُخْلِصِينَ لَهُ الدِّينَ...﴾

“उनीहरूलाई यही मात्र आदेश दिइएको थियो कि उनीहरूले पूर्ण निष्ठाका साथ अल्लाहको उपासना गरून् र एकाग्र चित्त भई उहाँकै निम्ति धर्मलाई विशुद्ध राखून्।” [अल्-बय्यिना: ५] नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले मुआज (रजिअल्लाहु अन्हु) को हदीसमा भन्नुभएको छ:

«حَقُّ اللهِ عَلَى العِبَادِ أَنْ يَعْبُدُوهُ وَلَا يُشْرِكُوا بِهِ شَيْئًا».

"भक्तरूमाथि अल्लाहको हक (अधिकार) यो हो कि उनीहरूले उहाँकै उपासना गरून् र उहाँसँग कुनै पनि चीजलाई साझेदार नठहराऊन्।" (बुखारी मुस्लिम) अब्दुल्लाह बिन मस्ऊद (रज़ियल्लाहु अन्हु) द्वारा वर्णित हदीसमा नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले

भन्नुभएको छ:

«مَنْ مَاتَ وَهُوَ يَدْعُو لِلَّهِ نِدًّا؛ دَخَلَ النَّارَ».

"जसको मृत्यु यस अवस्थामा हुन्छ कि उसले अल्लाहसँग कुनै प्रतिद्वन्द्वी बनाइरहेको हुन्छ, ऊ जहन्नममा प्रवेश गर्छ।" (बुखारी) बुखारी र मुस्लिममा इब्ने अब्बास (रजिअल्लाहु अन्हुमा) को हदीसमा छ, नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले जब मुआजलाई यमनतिर पठाउनुभयो, तब उनीसँग भन्नुभयो:

«إِنَّكَ تَأْتِي قَومًا أَهْلَ كِتَابٍ، فَلْيَكُنْ أَوَّلَ مَا تَدْعُوهُم إِلَيهِ شَهَادَةِ أَنْ لَا إِلَهَ إِلَّا اللهُ».

"निस्सन्देह, तिमी अहले किताब कहाँ जाँदैछौ। त्यसैले तिमीले उनीहरूलाई सबैभन्दा पहिले जसतर्फ बोलाउनुपर्छ, त्यो 'ला इलाहा इल्लल्लाह' को गवाही हो।" अर्को शब्दमा यसरी छ:

«ادْعُهُمْ إِلَى شَهَادَةِ أَنْ لَا إِلَهَ إِلَّا اللهُ وَأَنِّي رَسُولُ اللهِ».

"तिमीले उनीहरूलाई 'ला इलाहा इल्लल्लाह' को गवाही र 'म अल्लाहका रसूल हुँ' भन्ने गवाहीतर्फ आह्वान गर।" बुखारीको अर्को वर्णनमा आएको छः

«فَلْيَكُنْ أَوَّلَ مَا تَدْعُوهُم إِلَى أَنْ يُوَحِّدُوا اللهَ».

"तिमीले उनीहरूलाई सबैभन्दा पहिले जसतर्फ बोलाउनुपर्छ, त्यो हो—तौहीद (एकेश्वरवाद) तर्फ बोलाउनु।" सही मुस्लिममा तारिक बिन अश्यम अल-अशजई رضي الله عنه बाट वर्णन गरिएको छ, नबी ﷺ ले भन्नुभएको छः

«مَنْ قَالَ: لَا إِلَهَ إِلَّا اللهُ، وَكَفَرَ بِمَا يُعْبَدُ مِن دُونِ اللهِ؛ حَرُمَ مَالُهُ وَدَمُهُ، وَحِسَابُهُ عَلَى اللهِ جَلَّ جَلَالُهُ».

"जसले 'ला इलाहा इल्लल्लाह' भन्यो र अल्लाह बाहेक पूजा गरिने सबै कुरालाई अस्वीकार गऱ्यो, त्यसको धन र रगत सुरक्षित (हराम) हुन्छ र उसको हिसाब अल्लाहमाथि हुनेछ।" यस अर्थमा धेरै हदीसहरू आएका छन्।

यो तौहीद (एकेश्वरवाद) इस्लाम धर्मको मूल आधार हो। यही मिल्लत (धर्म) को जग र सबै आदेशहरूको शिखर हो। यो नै सबैभन्दा महत्त्वपूर्ण फर्ज हो।

यो नै जिन्न र मानवजातिलाई सृष्टि गर्नु र सबै रसूलहरू पठाउनुको मुख्य उद्देश्य हो—जसरी यसलाई प्रमाणित गर्ने धेरै आयतहरू अघि नै उल्लेख भइसकेका छन्। तीमध्ये अल्लाहले भन्नुभएको छः

﴿وَمَا خَلَقْتُ الْجِنَّ وَالْإِنْسَ إِلَّا لِيَعْبُدُونِ ٥٦﴾

"मैले जिन्न र मानवलाई केवल मेरो उपासनाको लागि मात्र सृष्टि गरेको हुँ।" [अज्जारियातः ५६] यसको अर्को प्रमाण; अल्लाहको यो वचन होः

﴿وَلَقَدْ بَعَثْنَا فِي كُلِّ أُمَّةٍ رَسُولًا أَنِ اعْبُدُوا اللَّهَ وَاجْتَنِبُوا الطَّاغُوتَ...﴾

"हामीले प्रत्येक समुदायमा सन्देशवाहकहरू पठाएका छौं, ताकि मानिसहरूले केवल अल्लाहकै उपासना गरून् र उहाँबाहेकका सबै मिथ्या उपास्यहरू (तागूतहरू) बाट टाढा रहून्।" [अन्नहलः ३६]

अल्लाहले भन्नुभएको छ:

﴿وَمَا أَرْسَلْنَا مِنْ قَبْلِكَ مِنْ رَسُولٍ إِلَّا نُوحِي إِلَيْهِ أَنَّهُ لَا إِلَٰهَ إِلَّا أَنَا فَاعْبُدُونِ﴾

"हामीले तिमीभन्दा अघि कुनै पनि रसूल पठाएका छैनौं, तर उसलाई यही वह्य (प्रकाशना) गयौं कि मबाहेक अरू कोही सत्य उपास्य छैन; त्यसैले तिमीहरूले मेरो मात्र उपासना गर।" [अल् अम्बिया: २५]। अल्लाहले नूह, हूद, सालेह र शुऐब (अलैहिमुस्सलाम) को बारेमा उल्लेख गर्दै भन्नुभएको छ, उनीहरूले आफ्ना समुदायलाई यसो भने:

﴿...اعْبُدُوا اللَّهَ مَا لَكُمْ مِنْ إِلَٰهٍ غَيْرُهُ...﴾

"...अल्लाहकै उपासना गर; तिमीहरूको लागि उहाँ बाहेक कुनै साँचो उपास्य छैन...।" [अल् अअराफ: ५९] यो नै सबै रसूलहरूको आह्वान हो, जसलाई अघिल्ला दुई आयतहरूले पनि स्पष्ट रूपमा प्रमाणित गर्छन्। रसूलहरूका शत्रुहरूले पनि स्वीकार गरेका थिए कि रसूलहरूले उनीहरूलाई अल्लाहको उपासना मात्र गर्न र उहाँबाहेकका पूज्यहरूलाई त्याग्न आदेश दिएका थिए।

जसरी अल्लाहले 'आद' समुदायको कथामा उल्लेख गर्नुभएको छ, उनीहरूले हूद (अलैहिस्सलाम) लाई भने:

﴿...أَجِئْتَنَا لِنَعْبُدَ اللَّهَ وَحْدَهُ وَنَذَرَ مَا كَانَ يَعْبُدُ آبَاؤُنَا...﴾

"...के तिमी हामीकहाँ यस उद्देश्यले आएका हौ कि हामी केवल एक अल्लाहकै उपासना गरौँ र हाम्रो पुर्खाहरूले जसको उपासना गर्थे, त्यसलाई त्यागिदिऊँ?...।" [अल् अअराफ: ७०] अल्लाहले कुरैशका

बारेमा भन्नुभएको छ, जब हाम्रा नबी मुहम्मद ﷺ ले उनीहरूलाई केवल एक अल्लाहको उपासना गर्न र उहाँ बाहेक उनीहरूले पुकार्ने फरिश्ता, औलिया, मूर्तिहरू, रूखहरू तथा अन्य सबै चीजहरू त्याग्न आह्वान गर्नुभयोः

﴿أَجَعَلَ الْآلِهَةَ إِلَٰهًا وَاحِدًا إِنَّ هَٰذَا لَشَيْءٌ عُجَابٌ ۝٥﴾

"के उनले सबै उपास्यहरूलाई एउटै उपास्य बनाइदिए? निश्चय नै यो त अत्यन्तै आश्चर्यजनक कुरा हो!" [साद: ५] अल्लाहले उनीहरूको बारेमा भन्नुभएको छ:

﴿إِنَّهُمْ كَانُوا إِذَا قِيلَ لَهُمْ لَا إِلَٰهَ إِلَّا اللَّهُ يَسْتَكْبِرُونَ ۝٣٥ وَيَقُولُونَ أَئِنَّا لَتَارِكُوا آلِهَتِنَا لِشَاعِرٍ مَّجْنُونٍ ۝٣٦﴾

"निश्चय नै जब उनीहरूलाई 'ला इलाहा इल्लल्लाह' भनिन्थ्यो, तब उनीहरू घमण्ड गर्थे।

"उनीहरू भन्थे: 'के हामी आफ्ना उपास्यहरूलाई एक पागल कविको कारणले छोड्ने हो?" [अस्साफ्फातः ३५-३६] यस अर्थलाई प्रमाणित गर्ने आयतहरू धेरै छन्।

हामीले उल्लेख गरेका आयतहरू र हदीसहरूबाट—अल्लाहले मलाई र तिमीलाई दीनको सही बुझाइ र पालनकर्ताको हकबारे सही दृष्टि प्रदान गरून्—यो स्पष्ट हुन्छ कि ती दुआहरू र विभिन्न प्रकारका सहायता वा शरण माग्ने कार्यहरू हुन्, जुन तपाईंले आफ्नो प्रश्नमा उल्लेख गर्नुभएको छ, ती सबै ठूलो शिर्क (शिर्क अकबर) का प्रकार

हुन्।

किनकि ती अल्लाहबाहेक अरूको इबादत हुन्, र त्यस्ता कुराहरूको माग हुन् जुन केवल अल्लाहले मात्र गर्न सक्नुहुन्छ—जस्तै मृतकहरू वा अनुपस्थित व्यक्तिहरूबाट सहायता माग्नु।

यो कार्य प्रारम्भिक मुशरिकहरूको शिर्कभन्दा पनि घृणित मानिन्छ; किनकि प्रारम्भिक मुशरिकहरू त केवल कठिनाइका बेला मात्र शिर्क गर्थे। तर कठिनाइ र संकटको अवस्थामा उनीहरू इबादतलाई केवल अल्लाहकै लागि निष्कपट बनाउँथे; किनकि उनीहरू जान्दथे कि केवल उहाँ नै उनीहरूलाई संकटबाट मुक्ति दिन सक्षम हुनुहुन्छ, अरू कोही होइन। जसरी अल्लाहले आफ्नो स्पष्ट किताबमा ती मुशरिकहरूको बारेमा भन्नुभएको छः

﴿فَإِذَا رَكِبُوا۟ فِى ٱلْفُلْكِ دَعَوُا۟ ٱللَّهَ مُخْلِصِينَ لَهُ ٱلدِّينَ فَلَمَّا نَجَّىٰهُمْ إِلَى ٱلْبَرِّ إِذَا هُمْ يُشْرِكُونَ﴿٦٥﴾﴾

"जब उनीहरू डुंगामा चढ्छन्, तब उनीहरूले अल्लाहलाई पुकार्छन्, उहाँकै लागि धर्मलाई निष्कपट बनाउँदै; तर जब उहाँले उनीहरूलाई सुरक्षित रूपमा किनारामा पुऱ्याउनुहुन्छ, तब तुरुन्तै उनीहरू शिर्क गर्न थाल्छन्।" [अन्कबूत: ६५] अल्लाहले अर्को आयतमा उनीहरूलाई सम्बोधन गर्दै भन्नुभएको छः

﴿وَإِذَا مَسَّكُمُ ٱلضُّرُّ فِى ٱلْبَحْرِ ضَلَّ مَن تَدْعُونَ إِلَّآ إِيَّاهُ ۖ فَلَمَّا نَجَّىٰكُمْ إِلَى ٱلْبَرِّ أَعْرَضْتُمْ ۚ وَكَانَ ٱلْإِنسَـٰنُ كَفُورًا﴿٦٧﴾﴾

"जब समुद्रमा तिमीहरूलाई कुनै कष्ट पुग्छ, तब उहाँ (अल्लाह) बाहेक तिमीहरूले पुकार्ने सबै हराइहाल्छन्। तर जब उहाँले तिमीहरूलाई किनारामा सुरक्षित रूपमा पुऱ्याउनुहुन्छ, तब तिमीहरू विमुख हुन्छौ र मानिस अत्यन्त कृतघ्न हुन्छ।" [अल् इस्राः ६७]

यदि यी पछिल्ला मुशरिकहरू मध्ये कसैले भन्ने हो भने: "हामी यो विश्वास गर्दैनौं कि ती (व्यक्ति/देवताहरू) आफैंले हामीलाई फाइदा पुऱ्याउँछन्, हाम्रा बिरामी निको गर्छन् वा आफैंले हानि–फाइदा दिन सक्छन्। हामी त केवल उनीहरूको शफाअत (सिफारिस) अल्लाह समक्ष चाहन्छौं," भने ?

जवाफ यसरी दिइन्छ: यो नै प्रारम्भिक काफिरहरूको उद्देश्य र मक्सद पनि थियो। उनीहरूको उद्देश्य यो थिएन कि उनका देवताहरू आफैंले सृष्टि गर्छन्, रोजी दिन्छन्, फाइदा वा हानि पुऱ्याउँछन्।

बरु, कुरआनमा अल्लाहले उनीहरूको बारेमा जे वर्णन गर्नुभएको छ, त्यसले यही कुरा स्पष्ट गर्छ कि उनीहरू केवल शफाअत (सिफारिस) र उनीहरूको 'स्थान/प्रतिष्ठा' को माध्यमबाट अल्लाहको नजिक पुग्न चाहन्थे र उनीहरूलाई अल्लाहको समीप ल्याउने आशा राख्थे। जसरी अल्लाहले भन्नुभएको छः

﴿وَيَعۡبُدُونَ مِن دُونِ ٱللَّهِ مَا لَا يَضُرُّهُمۡ وَلَا يَنفَعُهُمۡ وَيَقُولُونَ هَٰٓؤُلَآءِ شُفَعَٰٓؤُنَا عِندَ ٱللَّهِ...﴾

"उनीहरू अल्लाह बाहेक त्यस्ता चीजहरूको उपासना गर्छन्, जसले न त उनीहरूलाई हानि पुऱ्याउन सक्छन् न त लाभ दिन सक्छन्।

र उनीहरू भन्छन्: 'यी त अल्लाहका सामु हाम्रा सिफारिसकर्ता (शफाअत गर्नेहरू) हुन्...।" [यूनुसः १८] अल्लाहले तिनीहरूको त्यस भनाइलाई खण्डन गर्दै भन्नुभयो:

﴿...قُلۡ أَتُنَبِّـُٔونَ ٱللَّهَ بِمَا لَا يَعۡلَمُ فِي ٱلسَّمَٰوَٰتِ وَلَا فِي ٱلۡأَرۡضِۚ سُبۡحَٰنَهُۥ وَتَعَٰلَىٰ عَمَّا يُشۡرِكُونَ﴾

"भनिदिनुहोस्: के तिमीहरू अल्लाहलाई त्यस्तो कुराको खबर दिन्छौ, जुन उहाँलाई न आकाशहरूमा थाहा छ न पृथ्वीमा? उहाँ पवित्र हुनुहुन्छ र उच्च हुनुहुन्छ त्यस सबैबाट, जसलाई उनीहरूले उहाँसँग साझेदार ठहराउँछन्।" [यूनुसः १८] यसबाट अल्लाहले स्पष्ट पार्नुभएको छ कि आकाशहरूमा र पृथ्वीमा उहाँका सामु त्यस्तो कुनै शफाअत गर्ने (सिफारिसकर्ता) छैन, जसको आशय मुशरिकहरूले राख्छन्।

जुन कुरा अल्लाहलाई नै थाहा छैन, त्यसको वास्तविक अस्तित्व हुँदैन; किनकि उहाँबाट कुनै पनि कुरा लुकेको हुँदैन। अल्लाहले भन्नुभएको छ:

﴿تَنزِيلُ ٱلۡكِتَٰبِ مِنَ ٱللَّهِ ٱلۡعَزِيزِ ٱلۡحَكِيمِ ١ إِنَّآ أَنزَلۡنَآ إِلَيۡكَ ٱلۡكِتَٰبَ بِٱلۡحَقِّ فَٱعۡبُدِ ٱللَّهَ مُخۡلِصٗا لَّهُ ٱلدِّينَ ٢ أَلَا لِلَّهِ ٱلدِّينُ ٱلۡخَالِصُۚ وَٱلَّذِينَ ٱتَّخَذُواْ مِن دُونِهِۦٓ أَوۡلِيَآءَ مَا نَعۡبُدُهُمۡ إِلَّا لِيُقَرِّبُونَآ إِلَى ٱللَّهِ زُلۡفَىٰٓ إِنَّ ٱللَّهَ يَحۡكُمُ بَيۡنَهُمۡ فِي مَا هُمۡ فِيهِ يَخۡتَلِفُونَۗ إِنَّ ٱللَّهَ لَا يَهۡدِي مَنۡ هُوَ كَٰذِبٞ كَفَّارٞ ٣﴾

"यो किताबको अवतरण अल्लाहबाट हो, जो अत्यन्त शक्तिशाली र अत्यन्त बुद्धिमान् हुनुहुन्छ।

निश्चय नै हामीले तिमीमाथि यो किताब सत्यका साथ अवतरित गरेका छौं, त्यसैले तिमी अल्लाहकै उपासना गर, उहाँकै लागि धर्मलाई पूर्ण रूपमा निष्कपट बनाउँदै।

"सुन! शुद्ध र निष्कपट धर्म (इबादत) केवल अल्लाहकै लागि हो। र जसले उहाँ बाहेक अरूलाई संरक्षक (औलिया) बनाएका छन्, उनीहरू भन्छन्: 'हामी तिनीहरूको उपासना केवल यस कारणले गर्छौं कि उनीहरूले हामीलाई अल्लाहको अझ नजिक पुऱ्याइदिऊन्।' निश्चय नै अल्लाहले उनीहरूका बीचमा त्यस विषयमा फैसला गर्नुहुनेछ, जसमा उनीहरू विवाद गर्दै आएका छन्। निश्चय नै अल्लाहले त्यस व्यक्तिलाई मार्गदर्शन दिनुहुन्न, जो झुटो र अत्यन्त कृतघ्न हुन्छ।" [अज्जुमरः १-३]

यहाँ "दीन" को अर्थ इबादत (उपासना) हो, जुन अल्लाहको आज्ञा पालन र उहाँका रसूल ﷺ को आज्ञा पालन हो—जसरी पहिले उल्लेख भइसकेको छ।

यसमा दुआ, डर र आशा, कुर्बानी र नज़र (भाकल) समेत पर्छन्। त्यस्तै नमाज, रोजा र अन्य ती सबै कार्यहरू पनि यसैमा समावेश हुन्छन्, जसको आदेश अल्लाह र उहाँका रसूलले दिएका छन्। यसरी अल्लाहले स्पष्ट पार्नुभयो कि इबादत केवल उहाँकै लागि हो, र बन्दाहरूका लागि यो अनिवार्य छ कि उनीहरूले इबादतलाई पूर्ण रूपमा उहाँकै लागि निष्कपट बनाऊन्।

किनकि नबी ﷺ लाई इबादतलाई अल्लाहकै लागि शुद्ध गर्न दिएको

आदेश वास्तवमा यस उम्मतका सबै सदस्यहरूका लागि पनि आदेश हो।

त्यसपछि अल्लाहले काफिरहरूको बारेमा यसरी वर्णन गर्नुभयोः

﴿...وَٱلَّذِينَ ٱتَّخَذُواْ مِن دُونِهِۦٓ أَوۡلِيَآءَ مَا نَعۡبُدُهُمۡ إِلَّا لِيُقَرِّبُونَآ إِلَى ٱللَّهِ زُلۡفَىٰٓ...﴾

"जसले उहाँ (अल्लाह) बाहेक अरूलाई संरक्षक (औलिया) बनाएका छन्, उनीहरू भन्छन्: 'हामी तिनीहरूको उपासना केवल यस कारणले गर्छौं कि उनीहरूले हामीलाई अल्लाहको अझ नजिक पुऱ्याइदिऊन्।" [अज्जुमरः ३] अल्लाहले तिनीहरूको यस भनाइको खण्डन गर्दै भन्नुभयो:

﴿...إِنَّ ٱللَّهَ يَحۡكُمُ بَيۡنَهُمۡ فِي مَا هُمۡ فِيهِ يَخۡتَلِفُونَۗ إِنَّ ٱللَّهَ لَا يَهۡدِي مَنۡ هُوَ كَٰذِبٞ كَفَّارٞ﴾

"निश्चय नै अल्लाहले उनीहरूबीच त्यस विषयमा फैसला गर्नुहुनेछ, जसमा उनीहरू विवाद गरिरहेका छन्। निश्चय नै अल्लाह त्यसलाई मार्गदर्शन दिनुहुन्न जो झुटो र अत्यन्त कृतघ्न हुन्छ।" [अज्जुमरः ३] यस पवित्र आयतमा अल्लाहले स्पष्ट पार्नुभएको छ कि काफिरहरूले अल्लाह बाहेक औलियाहरूको उपासना केवल यस उद्देश्यले गर्थे कि उनीहरूले तिनीहरूलाई अल्लाहको नजिक पुऱ्याइदिऊन्।

यो नै पुराना र नयाँ सबै मुशरिकहरूको उद्देश्य हो। तर अल्लाहले यो दाबीलाई खारेज गर्नुभएको छ, जसरी उहाँले भन्नुभएको छः

﴿...إِنَّ ٱللَّهَ يَحۡكُمُ بَيۡنَهُمۡ فِي مَا هُمۡ فِيهِ يَخۡتَلِفُونَۗ إِنَّ ٱللَّهَ لَا يَهۡدِي مَنۡ هُوَ

"निश्चय नै अल्लाहले उनीहरूबीच त्यस विषयमा फैसला गर्नुहुनेछ, जसमा उनीहरू विवाद गरिरहेका छन्। निश्चय नै अल्लाह त्यसलाई मार्गदर्शन दिनुहुन्न जो झुटो र अत्यन्त कृतघ्न हुन्छ।" [अज्जुमरः ३] त्यसैले अल्लाहले स्पष्ट पार्नुभएको छ, उनीहरूको यो दाबी—उनका देवताहरूले उनीहरूलाई अल्लाहको नजिक पुऱ्याउँछन्—झूट हो, र उनीहरूले ती देवताहरूलाई गरेको उपासनाले नै उनीहरूको कुफ्र प्रकट हुन्छ। यसबाट सामान्य समझ भएका व्यक्तिले पनि बुझ्न सक्छ, प्रारम्भिक काफिरहरूको कुफ्र यही थियो कि उनीहरूले नबीहरू, औलियाहरू, रूखहरू, ढुङ्गाहरू तथा अन्य सृष्टिहरूलाई अल्लाह र आफ्ना बीचमा शफाअत गर्ने माध्यम (सिफारिसकर्ता) बनाएका थिए। अनि उनीहरूको यो विश्वास पनि थियो कि उनीहरूले अल्लाहको अनुमति र स्वीकृति बिना नै आफ्ना आवश्यकताहरू पूरा गर्न सक्छन्, जसरी मन्त्रीहरूले राजाहरूसँग मध्यस्थता गर्छन्। यसरी उनीहरूले अल्लाहलाई राजाहरू र शासकहरूसँग तुलना गरे। उनीहरू भन्थे: "जसरी कुनै व्यक्तिलाई राजा वा नेतासँग कुनै आवश्यकता पर्नासाथ उसले राजाका नजिकका मानिसहरू वा मन्त्रीहरूमार्फत सिफारिस गराउँछ, त्यसरी नै हामी पनि अल्लाहको नजिक पुग्न नबीहरू र औलियाहरूको इबादतमार्फत प्रयास गर्छौं।"

तर यो अत्यन्तै झुटो र आधारहीन तर्क हो; किनकि अल्लाहको कुनै तुलना छैन, उहाँलाई उहाँका सृष्टिसँग तुलना गर्न सकिंदैन। उहाँको अनुमति बिना उहाँसमक्ष कसैले सिफारिस गर्न सक्दैन र उहाँले

सिफारिसको अनुमति पनि केवल तौहीदवालाहरूलाई मात्र दिनुहुन्छ।

उहाँ सबै कुरामा पूर्ण सामर्थ्यवान हुनुहुन्छ र सबै कुराको पूर्ण ज्ञान राख्नुहुन्छ। उहाँ नै सबैभन्दा दयालु र अत्यन्त कृपालु हुनुहुन्छ। उहाँ कसैसँग डराउनुहुन्न र न त कसैबाट प्रभावित हुनुहुन्छ; किनकि उहाँ आफ्ना बन्दाहरूमाथि पूर्ण रूपमा प्रभुत्वशाली हुनुहुन्छ र उनीहरूलाई जसरी चाहनुहुन्छ त्यसरी सञ्चालन गर्नुहुन्छ। तर यो स्थिति राजा र नेताहरूभन्दा फरक हुन्छ; किनकि उनीहरू सबै कुरामा सक्षम हुँदैनन्। त्यसैले उनीहरू आफ्ना मन्त्रीहरू, नजिकका सहयोगीहरू र सेनामाथि निर्भर रहन्छन्, जसले उनीहरूलाई ती कामहरूमा सहयोग गर्छन् जुन उनीहरू आफैं गर्न असमर्थ हुन्छन्।

त्यस्तै, उनीहरूलाई ती मानिसहरूको पनि आवश्यकता पर्छ, जसले उनीहरूलाई जनताको आवश्यकता र समस्याबारे जानकारी गराउँछन्, किनकि उनीहरू सबैको अवस्था स्वयं थाहा पाउन सक्दैनन्। त्यसैले उनीहरू आफ्ना मन्त्रीहरू र नजिकका सहयोगीहरूमार्फत मानिसहरूको माग र सिफारिस सुन्छन्। सर्वशक्तिमान प्रभुका सम्बन्धमा भन्नुपर्दा, उहाँ आफ्ना सबै सृष्टिहरूबाट पूर्णतः आत्मनिर्भर र स्वतन्त्र हुनुहुन्छ। उहाँ आफ्ना बन्दाहरूप्रति उनीहरूका आमाहरूभन्दा पनि बढी दयालु हुनुहुन्छ। उहाँ न्यायी शासक हुनुहुन्छ, जसले आफ्नो पूर्ण ज्ञान, हिक्मत र शक्तिअनुसार सबै वस्तुलाई तिनीहरूको उचित स्थानमा राख्नुहुन्छ। त्यसैले, कुनै पनि दृष्टिकोणबाट उहाँलाई उहाँका सृष्टिसँग तुलना गर्नु अनुमति छैन। यस कारणले अल्लाहले आफ्नो किताबमा स्पष्ट पार्नुभएको छ कि मुशरिकहरूले पनि स्वीकार गर्थे कि उहाँ नै सृष्टिकर्ता,

रोजी दिने र सम्पूर्ण व्यवस्थापक हुनुहुन्छ। उहाँ नै संकटमा परेकालाई पुकारा सुन्नुहुन्छ, दुःख हटाउनुहुन्छ, जीवन दिनुहुन्छ र मृत्यु दिनुहुन्छ र यस्तै अन्य सबै कार्यहरू उहाँकै हुन्। वास्तवमा मुशरिकहरू र रसूलहरूबीचको विवाद (मुख्य द्वन्द्व) केवल अल्लाहकै लागि इबादतलाई निष्कपट बनाउने विषयमा थियो। जसरी अल्लाहले भन्नुभएको छः

﴿وَلَئِن سَأَلْتَهُم مَّنْ خَلَقَهُمْ لَيَقُولُنَّ ٱللَّهُ...﴾

"यदि तिमीले उनीहरूलाई सोध्यौ कि तिनीहरूलाई कसले सृष्टि गऱ्यो, तिनीहरूले अवश्य भन्नेछन्: 'अल्लाह' ...।" [अज्जुखरूफः ८७] अल्लाहले भन्नुभएको छ:

﴿قُلْ مَن يَرْزُقُكُم مِّنَ ٱلسَّمَآءِ وَٱلْأَرْضِ أَمَّن يَمْلِكُ ٱلسَّمْعَ وَٱلْأَبْصَٰرَ وَمَن يُخْرِجُ ٱلْحَىَّ مِنَ ٱلْمَيِّتِ وَيُخْرِجُ ٱلْمَيِّتَ مِنَ ٱلْحَىِّ وَمَن يُدَبِّرُ ٱلْأَمْرَ ۚ فَسَيَقُولُونَ ٱللَّهُ ۚ فَقُلْ أَفَلَا تَتَّقُونَ ﴿٣١﴾﴾

"भन, आकाश र पृथ्वीबाट तिमीहरूलाई कसले जीविका प्रदान गर्छ? वा श्रवण र दृष्टिको अधिकार कसको हो? अनि जीवितलाई मृतकबाट र मृतकलाई जीवितबाट कसले निकाल्छ? अनि सबै कार्यहरूको व्यवस्थापन कसले गर्छ?" तिनीहरूले भन्नेछन्, "अल्लाह।" त्यसो भए भन, "त्यसो भए के तिमीहरू डर मान्दैनौ?" [यूनुसः ३१] यस अर्थका आयतहरू धेरै छन्।

यसअघि नै ती आयतहरूको उल्लेख भइसकेको छ जसले यो कुरा स्पष्ट गर्छ कि रसूलहरू र उनीहरूका समुदायबीचको मुख्य विवाद केवल

अल्लाहकै लागि इबादतलाई निष्कपट बनाउने विषयमै थियो। जसरी अल्लाहले भन्नुभएको छः

﴿وَلَقَدۡ بَعَثۡنَا فِي كُلِّ أُمَّةٖ رَّسُولًا أَنِ ٱعۡبُدُواْ ٱللَّهَ وَٱجۡتَنِبُواْ ٱلطَّٰغُوتَ...﴾

"हामीले प्रत्येक समुदायमा सन्देशवाहक पठाएका छौँ, ताकि मानिसहरूले केवल एक अल्लाहको उपासना गरून् र उहाँबाहेकका सबै असत्य उपास्यहरू (तागूत) बाट टाढा रहून्।" [अन्नहलः ३६] यसै अर्थका अन्य आयतहरू पनि आएका छन्। अल्लाहले आफ्नो पवित्र किताबका धेरै स्थानहरूमा शफाअत (सिफारिस) को विषय स्पष्ट पार्नुभएको छ। उहाँले भन्नुभएको छः

﴿...مَن ذَا ٱلَّذِي يَشۡفَعُ عِندَهُۥٓ إِلَّا بِإِذۡنِهِۦ...﴾

उहाँको अनुमति बिना को छ, जसले उहाँसमक्ष सिफारिस गर्न सक्छ? [अल् बकरह: २५५] अल्लाहले भन्नुभएको छ:

﴿وَكَم مِّن مَّلَكٖ فِي ٱلسَّمَٰوَٰتِ لَا تُغۡنِي شَفَٰعَتُهُمۡ شَيۡـًٔا إِلَّا مِنۢ بَعۡدِ أَن يَأۡذَنَ ٱللَّهُ لِمَن يَشَآءُ وَيَرۡضَىٰٓ ٢٦﴾

"आकाशहरूमा कैयौं फरिश्ताहरू छन्, तर उनीहरूको सिफारिस (शफाअत) कुनै काम लाग्दैन, जबसम्म अल्लाहले जसलाई चाहनुहुन्छ र जसप्रति उहाँ सन्तुष्ट हुनुहुन्छ, उसलाई मात्र अनुमति दिनुहुन्छ।" [अन्नज्मः २६]

अल्लाहले फरिश्ताहरूको विशेषता बयान गर्दै भन्नुभएको छः

﴿...وَلَا يَشۡفَعُونَ إِلَّا لِمَنِ ٱرۡتَضَىٰ وَهُم مِّنۡ خَشۡيَتِهِۦ مُشۡفِقُونَ﴾

"...उनीहरू (फरिश्ताहरू) केवल त्यही व्यक्तिको लागि मात्र सिफारिस गर्छन् जससँग अल्लाह सन्तुष्ट हुनुहुन्छ र उनीहरू स्वयं उहाँको भयले काँपिरहन्छन्।" [अल्-अम्बिया: २८]

अल्लाहले स्पष्ट पार्नुभएको छ कि उहाँ आफ्ना सेवकहरूबाट कुफ्र (अविश्वास) स्वीकार गर्नुहुन्न, बरु उहाँ तिनीहरूबाट कृतज्ञता स्वीकार गर्नुहुन्छ।

कृतज्ञताको अर्थ हो—उहाँलाई एक्लै मान्नु (तौहीद) र उहाँको आज्ञापालन गर्नु। जस्तै अल्लाहले भन्नुभएको छः

﴿إِن تَكۡفُرُواْ فَإِنَّ ٱللَّهَ غَنِيٌّ عَنكُمۡۖ وَلَا يَرۡضَىٰ لِعِبَادِهِ ٱلۡكُفۡرَۖ وَإِن تَشۡكُرُواْ يَرۡضَهُ لَكُمۡ...﴾

"यदि तिमीहरूले कुफ्र गऱ्यौ भने, अल्लाह तिमीहरूप्रति निःसन्देह निरपेक्ष हुनुहुन्छ। उहाँ आफ्ना सेवकहरूको कुफ्रलाई स्वीकार गर्नुहुन्न। तर यदि तिमीहरू कृतज्ञ हुन्छौ भने, उहाँले तिमीहरूको लागि त्यसलाई स्वीकार गर्नुहुनेछ...।" [अज्जुमरः ७]

सही बुखारीमा अबू हुरैरा رضي الله عنه बाट वर्णन गरिएको छ, उनले भने: "हे अल्लाहका रसूल! तपाईंको शफाअत (सिफारिस) बाट सबैभन्दा भाग्यमानी मानिस को हुनेछ?" उहाँ ﷺ ले भन्नुभयोः

«مَنْ قَالَ: لَا إِلَهَ إِلَّا اللهُ خَالِصًا مِنْ قَلْبِهِ».

“जसले आफ्नो हृदयबाट निष्ठापूर्वक ‘ला इलाहा इल्लल्लाह’ भन्छ।” वा उहाँले भन्नुभयो:

«مِنْ نَفْسِهِ».

“आफ्नै आत्माबाट।”

सहीहमा अनस (रजियल्लाहु अन्हु) बाट वर्णन छ, नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ:

«لِكُلِّ نَبِيٍّ دَعْوَةٌ مُسْتَجَابَةٌ، فَتَعَجَّلَ كُلُّ نَبِيٍّ دَعْوَتَهُ، وَإِنِّي اخْتَبَأْتُ دَعْوَتِي شَفَاعَةً لِأُمَّتِي يَوْمَ الْقِيَامَةِ، فَهِيَ نَائِلَةٌ إِنْ شَاءَ اللَّهُ مَنْ مَاتَ مِنْ أُمَّتِي لَا يُشْرِكُ بِاللَّهِ شَيْئًا».

“प्रत्येक नबीको एक प्रार्थना हुन्छ, जसको उत्तर अवश्य दिइन्छ। प्रत्येक नबीले आफ्नो प्रार्थनालाई छिट्टै प्रयोग गरे, तर मैले मेरो प्रार्थनालाई कियामतको दिन मेरो उम्मतका लागि शफाअत (मध्यस्थता) को रूपमा राखेको छु। अल्लाहले चाहेमा, मेरो उम्मतको जो व्यक्ति अल्लाहसँग कुनै प्रकारको शिर्क नगरी मर्नेछ, उसलाई यो शफाअत प्राप्त हुनेछ।” यस अर्थका हदीसहरू धेरै छन्।

हामीले उल्लेख गरेका सबै आयत र हदीसहरूले संकेत गर्छन्, उपासना (इबादत) केवल अल्लाहकै अधिकार हो र यसको कुनै पनि अंश अल्लाह बाहेक अरू कसैलाई समर्पित गर्नु अनुमति छैन—न नबीहरूलाई, न अरू कसैलाई। साथै शफाअत (सिफारिस/मध्यस्थता) पनि पूर्ण रूपमा अल्लाहकै अधिकार हो, जसरी उहाँले, सर्वोच्चले भन्नुभएको छः

﴿قُل لِّلَّهِ ٱلشَّفَٰعَةُ جَمِيعًا...﴾

“भनिदिनुहोस्: सम्पूर्ण शफाअत (सिफारिस) अल्लाहकै लागि मात्र हो...।" [अज्जुमरः ४४] कसैले पनि शफाअत (सिफारिस) प्राप्त गर्न सक्दैन, जबसम्म अल्लाहले सिफारिस गर्ने व्यक्तिलाई अनुमति दिनुहुन्न र जसका लागि सिफारिस गरिँदैछ, उहाँ त्यसप्रति सन्तुष्ट हुनुहुन्न।

उहाँ केवल तौहीद (एकेश्वरवाद) मात्र स्वीकार गर्नुहुन्छ—जसरी पहिले उल्लेख भइसकेको छ। यस आधारमा मुशरिकहरूको लागि शफाअत (सिफारिस) मा कुनै भाग (हिस्सा) छैन। अल्लाहले यो कुरा स्पष्ट रूपमा यसरी भन्नुभएको छः

﴿فَمَا تَنفَعُهُمۡ شَفَٰعَةُ ٱلشَّٰفِعِينَ ۝٤٨﴾

“त्यसैले सिफारिस गर्नेहरूको सिफारिस उनीहरूलाई कुनै फाइदा पुऱ्याउँदैन।” [अल् मुद्दस्सिरः ४८] अल्लाहले भन्नुभएको छ:

﴿...مَا لِلظَّٰلِمِينَ مِنۡ حَمِيمٖ وَلَا شَفِيعٖ يُطَاعُ﴾

“(त्यस दिन) अपराधीहरूका लागि न कुनै घनिष्ठ मित्र हुनेछ, न कुनै यस्तो सिफारिसकर्ता, जसको कुरा मानिनेछ।” [गाफिरः १८]

यो कुरा ज्ञात छ, जब “जुल्म” (अत्याचार) शब्द सामान्य रूपमा प्रयोग हुन्छ, तब यसको अर्थ अल्लाहसँग शिर्क गर्नु हो। जसरी अल्लाहले भन्नुभएको छ:

﴿...وَٱلۡكَٰفِرُونَ هُمُ ٱلظَّٰلِمُونَ﴾

“...काफिरहरू नै जालिमहरू हुन्।” [अल् बकरह: २५४]

अल्लाहले भन्नुभएको छः

﴿...إِنَّ ٱلشِّرۡكَ لَظُلۡمٌ عَظِيمٞ﴾

"...निश्चय नै शिर्क ठूलो अन्याय (अत्याचार) हो।"

[लुकमानः १३]

तपाईंले प्रश्नमा उल्लेख गर्नुभएको कुरा; केही सूफीहरूले मस्जिदहरू वा अन्य स्थानहरूमा भन्ने गरेको यो जस्तो वाक्य: "हे अल्लाह! त्यस व्यक्तिमाथि दुरूद अवतरित गर, जसलाई तपाईंले आफ्नो जबरुती रहस्यहरू प्रकट हुने माध्यम बनाउनुभयो र आफ्नो रहमानी नूरहरू प्रकट हुने साधन बनाउनु भयो। त्यसपछि ऊ तपाईंको प्रतिनिधि र आन्तरिक रहस्यहरूको खलीफा बन्यो... आदि।

जवाफ: यो र यस्तै प्रकारका अन्य अभिव्यक्तिहरू अत्यधिक बनावटीपन (तकल्लुफ) र अतिवाद (गुलुव्व) अन्तर्गत पर्दछन्, जसबाट हाम्रा नबी मुहम्मद ﷺ ले सावधान गराउनुभएको छ।

जसरी सहीह मुस्लिममा अब्दुल्लाह बिन मसऊद رضي الله عنه बाट वर्णित छ, रसूल ﷺ ले भन्नुभयो:

«هَلَكَ المُتَنَطِّعُونَ» قَالَهَا ثَلَاثًا.

"अति कठोरता अपनाउनेहरू (मुतनत्तिऊन) नष्ट भए।" उहाँ ﷺ ले यो कुरा तीन पटक भन्नुभयो।

इमाम खत्ताबी (रहेमहुल्लाह) को भनाई छः "मुतनत्तिअ" भन्नाले

कुनै विषयमा अत्यधिक गहिराइमा जाने, अनावश्यक रूपमा त्यसमा कृत्रिमता (तकल्लुफ) अपनाउने व्यक्तिलाई जनाइन्छ।

यो शब्द प्रायः उनीहरूका लागि प्रयोग हुन्छ, जो अहलुल कलाम (धार्मिक तर्क–विवादका अनुयायीहरू) जस्ता विधामा लागेर आफूलाई नचाहिने कुरामा प्रवेश गर्छन्, र आफ्नो बुद्धिले नछुने वा नपुग्ने विषयहरूमा अनावश्यक बहस र खोज–खबर गर्छन्।

अबूस् सआदात इब्ने अल-असीरले भनेका छन्: यसको अर्थ ती व्यक्तिहरू हुन् जसले कुराकानीमा अत्यधिक गहिराइ लिन्छन् र अति बढाइचढाइ गर्छन्, र बोल्दा आफ्नो स्वरलाई अत्यन्त उचालेर (कठोर वा जोरदार शैलीमा) प्रस्तुत गर्छन्।

यो शब्द "नुत्अ'" बाट लिइएको हो, जसको अर्थ मुखको माथिल्लो भाग (घाँटीतिरको गहिरो भाग) हुन्छ। पछि यो शब्दलाई विस्तार गरेर कुनै पनि कुरामा—चाहे बोली होस् वा व्यवहार—अत्यधिक गहिराइ र अतिशय गर्ने व्यक्तिलाई जनाउन प्रयोग गर्न थालियो।

यी दुई महान् भाषाविद् इमामहरूले उल्लेख गरेका कुराहरूबाट तपाईं र सामान्य सुझबुझ भएका सबैका लागि यो स्पष्ट हुन्छ कि हाम्रा नबी एवं अगुवा रसूल ﷺ माथि दुरूद र सलामको शैली पनि निषेध गरिएको कृत्रिमता (तकल्लुफ) र अतिशयोक्ति अन्तर्गत पर्दछ। यस विषयमा मुसलमानले रसूल ﷺ बाट प्रमाणित भएको दरूद र सलामको तरिकालाई नै अपनाउनुपर्छ र उहाँमाथि दरूद–सलाम पठाउने शैली त्यही अनुसार हुनु उत्तम हुन्छ। यही पर्याप्त हो र यसमा कृत्रिम वा

अनावश्यक अभिव्यक्तिहरूको आवश्यकता छैन।

यस सन्दर्भमा सही बुखारी र सही मुस्लिममा काब बिन उजरा رضي الله عنه बाट वर्णन गरिएको छ, सहाबाहरूले भने:

“हे अल्लाहका रसूल! अल्लाहले हामीलाई तपाईंमाथि दरूद पठाउन आदेश दिनुभएको छ, तर हामीले तपाईंमाथि दरूद कसरी पठाउने?” तब उहाँ ﷺ ले भन्नुभयो:

«قُولُوا: اللَّهُمَّ صَلِّ عَلَى مُحَمَّدٍ وَعَلَى آلِ مُحَمَّدٍ كَمَا صَلَّيْتَ عَلَى إِبرَاهِيمَ وَعَلَى آلِ إِبرَاهِيمَ، إِنَّكَ حَمِيدٌ مَجِيدٌ، وَبَارِكْ عَلَى مُحَمَّدٍ وَعَلَى آلِ مُحَمَّدٍ كَمَا بَارَكْتَ عَلَى إِبرَاهِيمَ وَعَلَى آلِ إِبرَاهِيمَ إِنَّكَ حَمِيدٌ مَجِيدٌ».

यो शब्दहरू भन्नुहोस्: “अल्लाहुम्म सल्लि अला मुहम्मद, व अला आलि मुहम्मद, कमा सल्लैत अला इब्राहीम, व अला आलि इब्राहीम, इन्नक हमीदुम् मजीद। अल्लाहुम्म बारिक अला मुहम्मद, व अला आलि मुहम्मद, कमा बारक्त अला इब्राहीम, व अला आलि इब्राहीम, इन्नक हमीदुम् मजीद।”

(अर्थात्: हे अल्लाह! मुहम्मद ﷺ र उहाँका परिवार तथा अनुयायीहरूमाथि त्यसरी नै दया र कृपा अवतरण गर्नुहोस्, जसरी तपाईंले इब्राहीम (अलैहिस्सलाम) र उहाँका परिवार तथा अनुयायीहरूमाथि दया र कृपा अवतरण गर्नुभएको थियो। निस्सन्देह, तपाईं परम प्रशंसनीय र महिमावान् हुनुहुन्छ। हे अल्लाह! मुहम्मद ﷺ र उहाँका परिवार तथा अनुयायीहरूमाथि त्यसरी नै बरकत प्रदान गर्नुहोस्, जसरी तपाईंले इब्राहीम (अलैहिस्सलाम) र उहाँका परिवार तथा

अनुयायीहरूमाथि बरकत प्रदान गर्नुभएको थियो। निस्सन्देह, तपाईं परम प्रशंसनीय र महिमावान् हुनुहुन्छ।)

सही बुखारी र सही मुस्लिममा अबू हुमैद अस्साअदी رضي الله عنه बाट वर्णन गरिएको छ, सहाबाहरूले भने: “हे अल्लाहका रसूल! हामी तपाईंमाथि दरूद कसरी पठाउने?” उहाँ ﷺ ले भन्नुभयो:

«قُولُوا: اللَّهُمَّ صَلِّ عَلَى مُحَمَّدٍ وَعَلَى أَزْوَاجِهِ وَذُرِّيَّتِهِ كَمَا صَلَّيْتَ عَلَى آلِ إِبرَاهِيمَ، وَبَارِكْ عَلَى مُحَمَّدٍ وَعَلَى أَزْوَاجِهِ وَذُرِّيَّتِهِ كَمَا بَارَكْتَ عَلَى آلِ إِبرَاهِيمَ، إِنَّكَ حَمِيدٌ مَجِيدٌ».

यो शब्दहरू भन्नुहोस्: “अल्लाहुम्म सल्लि अला मुहम्मद, व अला अज्वाजिही व जुर्रिय्यतिही, कमा सल्लैत अला आली इब्राहीम, व बारिक अला मुहम्मद, व अला अज्वाजिही व जुर्रिय्यतिही, कमा बारक्त अला आली इब्राहीम, इन्नक हमीदुम् मजीद।”

त्यसैगरी, ती केही विद्वानहरूको भनाइबाट पनि प्रभावित हुनु हुँदैन, जो यसको शरई हुकुम बुझ्ने क्रममा भ्रममा परे र यसलाई मुस्तहब (प्रशंसनीय) ठहर गर्दै यस विषयमा केही पुस्तक वा पुस्तिकाहरू समेत

लेखे। किनकि यस विषयमा उनीहरूबाट स्पष्ट त्रुटि भएको छ।"

शैख, इमाम अबू मुहम्मद अब्दुर्रहमान बिन इस्माईल अल्-मक्दिसी रहिमहुल्लाहले यी दुवै नमाजहरूको खण्डनमा एक उत्कृष्ट पुस्तक लेख्नुभएको छ, जसमा उहाँले अत्यन्तै मूल्यवान् र सुदृढ चर्चा प्रस्तुत गर्नुभएको छ।

यस विषयमा विद्वानहरूको भनाइ धेरै छन्। यदि हामी यस सम्बन्धमा उपलब्ध सबै कथनहरू र विवरणहरू प्रस्तुत गर्न थाल्यौँ भने चर्चा अत्यन्त लामो हुनेछ। त्यसैले सम्भवतः हामीले यहाँ उल्लेख गरेका कुराहरू नै सत्यको खोजी गर्ने व्यक्तिका लागि पर्याप्त, सन्तोषजनक र विश्वास दिलाउने खालका हुनेछन्।

माथि प्रस्तुत गरिएका कुरआनका आयतहरू, हदीसहरू र विद्वानहरूका कथनहरूबाट सत्यको खोजी गर्ने व्यक्तिका लागि यो कुरा स्पष्ट हुन्छ कि शाबान महिनाको पन्ध्रौँ रात (शब-ए-बरात) लाई नमाज वा अन्य कुनै विशेष कार्यद्वारा उत्सवका रूपमा मनाउनु, तथा त्यसको भोलिपल्टको दिनलाई विशेष रूपमा रोजाका लागि छुट्याउनु—अधिकांश प्रतिष्ठित विद्वानहरूको मतअनुसार—एक निन्दनीय बिदअत (धर्ममा नवप्रवर्तन) हो, जसको पवित्र शरीअतमा कुनै आधार वा प्रमाण छैन।

बरु, यो सहाबा रजियल्लाहु अन्हुमको युगपछि इस्लाममा प्रवेश गराइएका नवप्रवर्तित र मनगढन्ते कार्यहरूमध्ये एक हो।

यस विषयमा, र यस्तै अन्य सबै धार्मिक मामिलाहरूमा, सत्यको

खोजी गर्ने निष्पक्ष व्यक्तिका लागि अल्लाहको यो वचन नै पर्याप्त छ, जसमा उहाँले भन्नुभएको छ:

﴿...ٱلۡيَوۡمَ أَكۡمَلۡتُ لَكُمۡ دِينَكُمۡ...﴾

"....आज मैले तिमीहरूका लागि तिमीहरूको धर्मलाई पूर्ण गरिदिएको छु...।" [अल् माइदाः ३] यस अर्थसँग मिल्ने अन्य आयतहरू तथा नबी ﷺ को यो कथन:

«مَنْ أَحْدَثَ فِي أَمْرِنَا هَذَا مَا لَيْسَ مِنْهُ فَهُوَ رَدٌّ».

"जसले हाम्रो यस धर्ममा त्यस्तो कुरा समावेश गर्छ, जुन यस धर्मको भाग होइन, त्यो अस्वीकृत हुन्छ।" यस अर्थसँग मिल्ने अन्य हदीसहरू।

सही मुस्लिममा, अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ:

«لَا تَخُصُّوا لَيْلَةَ الْجُمُعَةِ بِقِيَامٍ مِنْ بَيْنِ اللَّيَالِي، وَلَا تَخُصُّوا يَوْمَهَا بِالصِّيَامِ مِنْ بَيْنِ الْأَيَّامِ، إِلَّا أَنْ يَكُونَ فِي صَوْمٍ يَصُومُهُ أَحَدُكُمْ».

"अन्य रातहरूमध्ये केवल जुमाको रातलाई मात्र क़ियाम (रात्री नमाज) का लागि विशेष नबनाऊ र अन्य दिनहरूमध्ये केवल जुमाको दिनलाई मात्र रोजा (उपवास) का लागि विशेष रूपमा नछुट्याऊ। तर यदि त्यो दिन तिमीहरूमध्ये कसैको नियमित रूपमा बस्ने रोजासँग मेल खान्छ भने, त्यो बेग्लै कुरा हो।" यदि कुनै रातलाई विशेष प्रकारको इबादतका लागि मात्र छुट्याउनु शरिअतअनुसार जायज हुन्थ्यो भने, शुक्रबारको रात अन्य सबै रातहरूभन्दा त्यसका लागि बढी उपयुक्त र

श्रेष्ठ हुने थियो; किनकि रसूल ﷺ को प्रमाणित हदीसअनुसार सूर्य उदाउने दिनहरूमध्ये जुम्मा (शुक्रबार) को दिन नै सबैभन्दा श्रेष्ठ दिन हो। जब स्वयं नबी ﷺ ले अन्य रातहरूको तुलनामा जुम्माको रातलाई मात्र क़ियाम (रात्री नमाज) का लागि विशेष रूपमा छुट्याउन कडाइपूर्वक निषेध गर्नुभएको छ, तब यसबाट स्पष्ट हुन्छ कि बिना कुनै प्रमाण अन्य कुनै पनि रातलाई विशेष इबादतका लागि छुट्याउनु सर्वथा अनुचित र नाजायज हो।

त्यसैले कुनै पनि रातलाई विशेष उपासनाको अवसर मान्नु तबसम्म उचित हुँदैन, जबसम्म त्यसको पक्षमा शरिअतको स्पष्ट र प्रमाणित आधार प्राप्त हुँदैन।

जसरी 'लैलतुल क़द्र' तथा रमजानका पवित्र रातहरूमा क़ियाम (रात्री नमाज) गर्नु र पूर्ण निष्ठाका साथ इबादतमा लाग्नु शरिअतअनुसार वैध र पुण्यकार्य हो, त्यसैले नबी ﷺ ले यसबारे सचेत गराउँदै र प्रोत्साहित गर्दै आफ्नो उम्मतलाई ती समयहरूमा रात्री इबादत गर्न प्रेरित गर्नुभयो, र स्वयं पनि त्यसलाई पालना गर्नुभयो।

जस्तै बुखारी र मुस्लिममा रसूल ﷺ बाट प्रमाणित छ, उहाँले भन्नुभयो:

«مَنْ قَامَ رَمَضَانَ إِيمَانًا وَاحْتِسَابًا، غُفِرَ لَهُ مَا تَقَدَّمَ مِنْ ذَنْبِهِ، وَمَنْ قَامَ لَيْلَةَ الْقَدْرِ إِيمَانًا وَاحْتِسَابًا، غُفِرَ لَهُ مَا تَقَدَّمَ مِنْ ذَنْبِهِ».

"जसले ईमानका साथ र अल्लाहबाट प्रतिफलको आशा गर्दै रमजानको रात्री-नमाज (क़ियाम) गर्छ, उसका विगतका पापहरू क्षमा

गरिन्छन्। जसले ईमानका साथ र अल्लाहबाट प्रतिफलको आशा गर्दै लैलतुल क़द्रको रात क़ियाम गर्छ, उसका पनि विगतका पापहरू क्षमा गरिन्छन्।" सको विपरीत, यदि शाबान महिनाको पन्ध्रौँ रात (शब-ए-बरात), रजब महिनाको पहिलो शुक्रबारको रात (लैलतुर्-रगाइब), अथवा इस्रा र मिराजको रात (शब-ए-मिराज) लाई कुनै उत्सव वा विशेष इबादतका लागि छुट्याउनु शरिअतको दृष्टिमा जायज हुन्थ्यो भने, नबी ﷺ ले अवश्य नै यस उम्मतलाई त्यसको मार्गदर्शन दिनुहुने थियो, वा स्वयं उहाँले त्यसलाई गर्नुहुने थियो।

यदि त्यसो भएको भए, उहाँका निष्ठावान सहाबा रजियल्लाहु अन्हुमले त्यसलाई अवश्य उम्मतसम्म पुऱ्याउने थिए, र उनीहरूबाट त्यो कुरा कहिल्यै लुकेको हुने थिएन। किनकि उनीहरू सम्पूर्ण मानवजातिमा सबैभन्दा उत्तम हुन्, र नबीहरूपछि मानिसहरूका सबैभन्दा ठूला हितचिन्तक हुन्।

अल्लाहका रसूल ﷺ का ती सहाबाहरूप्रति अल्लाह प्रसन्न रहून् र उनीहरू पनि उहाँप्रति प्रसन्न रहून्।

तपाईंले विद्वानहरूको भनाइबाट यो कुरा पहिले नै बुझिसक्नुभएको छ कि न त नबी ﷺ बाट, न उहाँका सहाबाहरूबाट रजब महिनाको पहिलो शुक्रबारको रात वा शाबान महिनाको मध्य रात (निस्फ़ु शाबान) को विशेष फजीलत (महिमा) सम्बन्धी कुनै प्रमाणित कुरा आएको छ।

त्यसैले यसबाट स्पष्ट हुन्छ कि यी दुवै रातहरूमा विशेष उत्सव मनाउनु इस्लाममा पूर्ण रूपमा नवप्रवर्तित बिदअत हो। त्यसैगरी यी रातहरूलाई कुनै विशेष इबादतका लागि छुट्याउनु पनि सर्वथा निषेधित

बिदअत नै हो। त्यसैगरी रजब महिनाको सत्ताइसौँ रात—जसलाई केही मानिसहरूले 'इस्रा र मिराज' (शब-ए-मिराज) को रात मान्छन्—त्यसलाई पनि कुनै विशेष इबादतका लागि निश्चित गर्नु वा यस अवसरमा उत्सव तथा खुशी मनाउनु जायज छैन। यस कुराको पुष्टि पहिले उल्लेख गरिएका प्रमाणहरूले गरिसकेका छन्।

यो त तब मात्र उचित हुन्थ्यो जब त्यसको मिति निश्चित रूपमा प्रमाणित हुन्थ्यो। तर जब विद्वानहरूको सही मतअनुसार उक्त विशेष रात कुन हो भन्ने कुरा नै निश्चित छैन, तब त्यसको नाममा उत्सव मनाउनुको कुनै औचित्य रहँदैन। जसले 'इस्रा र मिराज' को घटना रजब महिनाको सत्ताइसौँ रातमा भएको थियो भनेर दाबी गर्छ, उसको त्यो भनाइ पूर्ण रूपमा असत्य हो, जसको लागि प्रमाणित हदीसहरूमा कुनै पनि ठोस आधार पाइँदैन।

यस सन्दर्भमा निम्न भनाइ अत्यन्त सत्य र प्रशंसनीय छ:

उत्तम कार्यहरू ती हुन् जो पहिलेका हुन् र सबैभन्दा खराब कार्यहरू धर्ममा आविष्कार गरिएका बिदअतहरू हुन्।"

हामी अल्लाहसँग प्रार्थना गर्छौं, उहाँले हामीलाई र सम्पूर्ण मुस्लिमहरूलाई सुन्नतलाई समात्ने र त्यसमा दृढ रहने तौफिक प्रदान गरून् तथा त्यसको विपरीत सबै कुराबाट सावधान रहन सक्षम बनाइदिउन्। निःसन्देह उहाँ अत्यन्त दानी र उदार हुनुहुन्छ।

अल्लाहले आफ्ना भक्त तथा रसूल, हाम्रा नबी मुहम्मद ﷺ, उहाँका परिवारजन र सम्पूर्ण सहाबाहरूमाथि दरूद, सलाम र बरकत अवतरित गरून्।

***

بِسْمِ اللهِ الرَّحمَنِ الرَّحِيمِ

## आठौँ पत्र:

## मस्जिदे नबवीका सेवक शेख अहमदको नाममा फैलाईएको झुठो वसीयत (इच्छापत्र) को बारेमा एक महत्त्वपूर्ण चेतावनी।

अब्दुल अजीज बिन अब्दुल्लाह बिन बाजको तर्फबाट, यो पत्र प्राप्त गर्ने सम्पूर्ण मुस्लिम समुदायका लागि। अल्लाहले उनीहरूलाई इस्लाममार्फत सुरक्षित राखून् र हामीलाई तथा उनीहरूलाई अज्ञानी र नीच मानिसहरूका झुटा कुराहरू तथा मिथ्या आरोपहरूको दुष्परिणामबाट बचाऊन्, आमिन।

अस्सलामु अलैकुम व रहमतुल्लाहि व बरकातुहु।"

अर्थात्: तिमीहरूमाथि अल्लाहको शान्ति, दया र बरकत (आशीर्वाद) होस्।

अम्मा बअ्दु (यसपछि): मैले मस्जिद-ए-नबवीका सेवक शेख अहमदसँग सम्बन्धित भनिएको एउटा लेख पढें, जसको शीर्षक यस्तो थियो: "यो मदीना मुनव्वराबाट शेख अहमद, मस्जिद-ए-नबवीका सेवकको तर्फबाट एक वसीयत (उपदेश) हो।" उक्त लेखमा उनले भनेका थिए:

"म शुक्रबारको रात जाग्राम बसेर पवित्र कुरआनको तिलावत गर्दै थिएँ। अल्लाहका सुन्दर नामहरू (अस्माउल हुस्ना) पढिसकेपछि, जब

मैले त्यो कार्य पूरा गरेँ, म सुत्न तयार भएँ। त्यसपछि मैले उज्ज्वल अनुहार भएका रसूल ﷺ लाई देखेँ—जसले कुरआनी आयतहरू र पवित्र शरई अहकामहरू ल्याउनुभएको थियो, र जो सम्पूर्ण संसारका लागि रहमत (दया) हुनुहुन्छ—हाम्रा नबी मुहम्मद ﷺ।

उहाँले भन्नुभयो: 'हे शेख अहमद!' मैले भनेँ: 'हे अल्लाहका रसूल! म उपस्थित छु, हे अल्लाहका सबैभन्दा सम्मानित सृष्टि!' उहाँले मलाई भन्नुभयो: "म मानिसहरूको खराब आचरणका कारण लज्जित छु। म न आफ्नो रब्बसँग भेट गर्न सक्छु, न त फरिश्ताहरूसँग, किनकि एक शुक्रबारदेखि अर्को शुक्रबारसम्म एक लाख साठी हजार मानिसहरू इस्लामबाहेक अन्य अवस्थामा (कुफ्रको अवस्थामा) मृत्यु भए।"

त्यसपछि उहाँले मानिसहरूमा देखिएका केही पाप र अवज्ञाका कार्यहरू पनि उल्लेख गर्नुभयो। त्यसपछि उहाँले भन्नुभयो: 'यो वसीयत (उपदेश) सर्वशक्तिमान र प्रतापी अल्लाहको तर्फबाट उनीहरूमाथि दया (रहमत) स्वरूप हो।' त्यसपछि उहाँले कयामतका केही निशानहरू उल्लेख गर्नुभयो र अन्त्यमा भन्नुभयो:

"हे शेख अहमद! यो वसीयत (उपदेश) मानिसहरूलाई अवश्य सुनाइदिनु, किनकि यो लौह-ए-महफूज (संरक्षित लेख) बाट कदर (भाग्य) को कलमद्वारा स्थानान्तरण गरिएको हो। जसले यसलाई लेखेर एक देशबाट अर्को देशमा वा एक ठाउँबाट अर्को ठाउँमा पठाउँछ, उसको लागि जन्नतमा एउटा महल निर्माण गरिन्छ। र जसले यसलाई लेख्दैन वा पठाउँदैन, कयामतको दिन उसमाथि मेरो शफाअत (सिफारिस)

निषेध गरिनेछ। जसले यो वसीयत लेख्छ, यदि ऊ गरिब छ भने अल्लाहले उसलाई धनी बनाइदिन्छ; यदि ऊ ऋणी छ भने अल्लाहले उसको ऋण पूरा गरिदिन्छ; र यदि उसमाथि कुनै पाप छ भने यस वसीयतको बरकतले अल्लाहले उसको तथा उसका आमाबुबाका पापहरू पनि क्षमा गरिदिन्छ। जसले अल्लाहका बन्दाहरूमध्ये यो वसीयत लेख्दैन, उसको अनुहार संसार र परलोक दुवैमा कालो (अपमानित/कलङ्कित) हुन्छ। त्यसपछि उनले तीन पटक अल्लाहको कसम खाँदै भने: 'यो पूर्ण रूपमा सत्य हो। यदि म झूट बोलिरहेको छु भने, मेरो मृत्यु इस्लाम बाहेक अन्य अवस्थामा होस्। जसले यसमा विश्वास गर्छ, ऊ नर्कको सजायबाट सुरक्षित हुनेछ र जसले यसलाई झूट ठान्छ, उसले कुफ्र गरेको हुनेछ।'"

यो अल्लाहका रसूल ﷺ को नाममा प्रचलित गरिएको त्यस झूटा वसीयतको सारांश हो, जुन हामीले विगतका धेरै वर्षदेखि पटक–पटक सुन्दै आएका छौँ। यो समय–समयमा मानिसहरूबीच फैलाइन्छ र प्रायः सर्वसाधारणहरूबीच यसको प्रचार गरिन्छ, यद्यपि यसको शब्दहरूमा भिन्नता पाइन्छ। यस झूटो व्यक्तिले भन्छ: उसले नबी ﷺ लाई सपनामा देख्यो र उहाँले उसलाई यो वसीयत सुम्पनुभयो। तर हामीले यहाँ पाठकसमक्ष उल्लेख गरेको यस पछिल्लो पत्रमा, उक्त झूटो दाबी गर्नेले यो पनि भनेको छ कि उसले नबी ﷺ लाई तब देख्यो जब ऊ सुत्न तयार हुँदै थियो। यसको अर्थ के हुन्छ भने उसले उहाँलाई जाग्रत अवस्थामा देखेको दाबी गरेको हो।

यस झूटो व्यक्तिले यस कथित वसीयतमा धेरै कुराहरूको दाबी गरेको

छ, जुन पूर्ण रूपमा स्पष्ट झूट र सर्वथा असत्य हुन्। इन्शाअल्लाह, म यसै लेखमा चाँडै नै ती कुराहरूतर्फ तपाईंलाई सचेत गराउनेछु। मैले विगतका वर्षहरूमा पनि यसबारे सचेत गराउँदै मानिसहरूसमक्ष यो पूर्ण रूपमा स्पष्ट झूट र सरासर असत्य हो भनी प्रस्ट पारिसकेको छु।

जब मैले यो पछिल्लो पर्चा देखें, तब यसबारे लेख्ने वा नलेख्ने भन्नेमा म केही समयका लागि अलमलिएँ; किनकि यसको असत्यता अत्यन्त स्पष्ट थियो र यो झूट गढ्ने व्यक्तिको धृष्टता कति ठूलो छ भन्ने कुरा पनि प्रस्ट देखिन्थ्यो। थोरै मात्र समझ वा सही चेतना भएको व्यक्तिले पनि यस असत्यलाई पत्याउँछ भन्ने मलाई लागेको थिएन। तर मेरा धेरै दाजुभाइहरूले मलाई जानकारी गराए कि यो पर्चा धेरै मानिसहरूबीच निकै फैलिसकेको छ। मानिसहरूले यसलाई आपसमा बाँडिरहेका छन् र केहीले त यसलाई सत्य नै ठानिसकेका छन्।

त्यसैले मैले महसुस गरें कि म जस्ता व्यक्तिहरूले यस विषयमा लेख्नु र यसको असत्यता स्पष्ट पार्नु अब आवश्यक भएको छ, ताकि यो कुरा स्पष्ट होस् कि यो रसूल ﷺ माथि लगाइएको एक झूटो र बनावटी आरोप हो, र कोही पनि यसको भ्रममा नपरोस्। र ज्ञान तथा ईमान भएका, वा स्वच्छ स्वभाव र सही विवेक भएका मानिसहरूमध्ये जोसुकैले यस विषयमा मनन गर्छ, उसले धेरै पक्षबाट यो कुरा झूट र मनगढन्ते हो भन्ने सहजै बुझ्न सक्छ।

मैले शेख अहमद, जसको नाममा यो झूटो आरोप जोडिएको छ, उहाँका केही आफन्तहरूलाई यस वसीयतको बारेमा सोध्दा, उनीहरूले मलाई जवाफ दिए: "यो शेख अहमदमाथि लगाइएको झूट हो र उहाँले

यस्तो कुरा बिल्कुलै भन्नुभएको छैन।" उल्लेख गरिएको शेख अहमद धेरै समयअघि नै निधन भइसकेका छन्। यदि हामीले कल्पना नै गर्यौं कि उक्त शेख अहमद वा उहाँभन्दा पनि ठूलो कुनै व्यक्तिले नबी ﷺ लाई सपनामा वा जाग्रत अवस्थामा देखेको र उहाँले उसलाई यो वसीयत सुम्पनुभएको दाबी गरे, तैपनि हामीलाई निश्चित रूपमा थाहा हुन्छ कि त्यो व्यक्ति झूटो हो, वा उसलाई त्यसो भनेको शैतान हो, न कि रसूल ﷺ। किनभने यसका धेरै कारणहरू छन्, जसमध्ये केही यसप्रकार छन्:

पहिलो: नबी ﷺ को मृत्यु भइसकेपछि उहाँलाई जाग्रत अवस्थामा देख्न सकिंदैन। केही अज्ञान सूफीहरूले जो यो दाबी गर्छन् कि उनीहरूले नबी ﷺ लाई जाग्रत अवस्थामा देख्छन्, वा उहाँ मौलिद जस्ता कार्यक्रमहरूमा उपस्थित हुनुहुन्छ भन्ने जस्ता कुरा भन्छन्, उनीहरू अत्यन्तै ठूलो गल्तीमा छन्, उनीहरूलाई गम्भीर रूपमा भ्रमित पारिएको छ र उनीहरू गम्भीर त्रुटिमा परेका छन्। यसले क़ुरआन, सुन्नत र विद्वानहरूको सर्वसम्मत मतको स्पष्ट विरोध गर्छ।

किनकि मृतकहरू आफ्नो कब्रबाट कियामतको दिन मात्र बाहिर निस्कनेछन्, यस संसारमा होइन। जसले यसको विपरीत दाबी गर्छ, ऊ स्पष्ट रूपमा झूटो हो, वा भ्रमित गरिएको र गलत बुझाइमा परेको व्यक्ति हो। उसले त्यो सत्यलाई चिन्न सकेको छैन, जसलाई सलफ (पूर्ववर्ती धर्मात्मा) ले बुझेका थिए र जसमा रसूल ﷺ का सहाबा र उनीहरूका उत्तम अनुयायीहरू दृढ रूपमा कायम थिए।

अल्लाह तआलाले भन्नुभएको छ:

﴿ثُمَّ إِنَّكُم بَعْدَ ذَٰلِكَ لَمَيِّتُونَ ۝١٥ ثُمَّ إِنَّكُمْ يَوْمَ الْقِيَامَةِ تُبْعَثُونَ ۝١٦﴾

“त्यसपछि निःसन्देह तिमीहरू अवश्य नै मृत्यु हुनेवाला छौ।

त्यसपछि निःसन्देह तिमीहरू कयामतको दिन अवश्य नै पुनः उठाइनेछौ।” [अल् मुमिनूनः १५-१६] नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छः

«أَنَا أَوَّلُ مَنْ تَنْشَقُّ عَنْهُ الْأَرْضُ يَوْمَ الْقِيَامَةِ، وَأَنَا أَوَّلُ شَافِعٍ وَأَوَّلُ مُشَفَّعٍ».

"कियामत (प्रलय) को दिन सर्वप्रथम मेरै निम्ति धर्ती चिरिनेछ (अर्थात् मलाई जीवित गरिनेछ), र म नै पहिलो सिफारिशकर्ता हुनेछु र मेरै सिफारिश सर्वप्रथम स्वीकार गरिनेछ।" यस विषयमा कुरआनका आयतहरू र हदीसहरू धेरै छन्।

दोस्रो: नबी ﷺ आफ्नो जीवनमा होस् वा मृत्यु पश्चात्, कहिल्यै पनि सत्यको विपरीत कुरा गर्नुहुन्न। तर यो वसीयत स्पष्ट रूपमा उहाँको शरिअतको विरोध गर्छ, र त्यो पनि धेरै पक्षबाट—जस्तो पछि आउनेछ।

जहाँसम्म नबी ﷺ लाई सपनामा देख्ने कुरा छ, उहाँ वास्तवमै सपनामा देखिन सक्नुहुन्छ। जसले नबी ﷺ लाई उहाँको वास्तविक पवित्र स्वरूपमा सपनामा देख्छ, उसले वास्तवमै उहाँलाई नै देखेको हुन्छ; किनभने शैतान उहाँको स्वरूपमा प्रकट हुन सक्दैन, जस्तो कि सहीह हदीसमा आएको छ।

तर मुख्य कुरा के हो भने देख्ने व्यक्तिको ईमान, सत्यनिष्ठा, न्यायपरायणता, स्मरणशक्ति, धार्मिकता र अमानतदारी कस्तो छ र

उसले वास्तवमै नबी ﷺ लाई उहाँकै वास्तविक स्वरूपमा देख्यो कि अन्य कुनै स्वरूपमा देख्यो भन्ने कुरा महत्त्वपूर्ण हुन्छ।

यदि नबी ﷺ बाट उहाँको जीवनकालमा कुनै हदीस यस्तो रूपमा वर्णित भयो कि त्यो भरोसायोग्य, न्यायपरायण र स्मरणशक्ति भएका रावीहरूको मार्गबाट नआएको हो भने, त्यसलाई स्वीकार गरिँदैन र त्यसमा प्रमाणका रूपमा भरोसा गरिँदैन।

त्यसैगरी, यदि त्यो हदीस भरोसायोग्य र स्मरणशक्ति भएका रावीहरूको मार्गबाट आए पनि, त्यसले उनीहरूभन्दा बढी स्मरणशक्ति र बढी विश्वसनीयता भएका रावीहरूको रिवायतसँग स्पष्ट रूपमा विरोध गर्छ र दुवै रिवायतलाई मिलाउन सम्भव हुँदैन भने, त्यस अवस्थामा एक रिवायतलाई "मनसूख" (रद्द भएको) मानिन्छ र त्यसअनुसार अमल गरिँदैन, र अर्को रिवायतलाई "नासिख" (रद्द नगर्ने/प्रमाणित) मानेर त्यसअनुसार अमल गरिन्छ, यदि त्यसका शर्तहरू पूरा भएका छन् भने।

तर यदि न त दुवैलाई मिलाउन सम्भव हुन्छ, न त नासिख–मनसूखको स्थिति लागू हुन्छ भने, कम स्मरणशक्ति वा कम विश्वसनीयता भएको रिवायतलाई अस्वीकार गर्नु अनिवार्य हुन्छ, र त्यसलाई "शाज्ज" (असामान्य/अस्वीकृत) मानिन्छ र त्यसअनुसार अमल गरिँदैन।

त्यस अवस्थामा यस्तो वसीयतको के कुरा गर्नु, जसलाई नबी ﷺ बाट उद्धृत गर्ने व्यक्तिको पहिचान नै स्पष्ट छैन, र जसको न्यायपरायणता तथा इमानदारी पनि अज्ञात छ। यस्तो अवस्थामा, त्यस वसीयतलाई पूर्ण

रूपमा त्याग्नुपर्छ र त्यसतर्फ ध्यान दिनु उचित हुँदैन—यदि त्यसमा शरिअतको विरोध गर्ने कुनै कुरा नभए पनि।

तर जब त्यो वसीयत आफैंमा यस्ता धेरै कुराहरू समेट्छ जसले यसको असत्यता स्पष्ट पार्छ, र यसले नबी ﷺ माथि झूट आरोप लगाइएको प्रमाणित गर्छ, साथै अल्लाहले अनुमति नदिनुभएको धर्ममा नयाँ विधि (शरिअत) स्थापित गर्ने दाबी गर्छ, तब त्यसलाई झन् बढी कडाइका साथ अस्वीकार गर्नुपर्ने हुन्छ।

नबी (सल्लल्लाहु अलैहि वसल्लम)ले भन्नुभएको छः

«مَنْ قَالَ عَلَيَّ مَا لَمْ أَقُلْ؛ فَلْيَتَبَوَّأْ مَقْعَدَهُ مِنَ النَّارِ».

"जसले म (नबी ﷺ) को नाममा त्यस्तो कुरा भन्यो जुन मैले भनेको छैन, उसले आफ्नो बसोबास नरकमा तयार गरोस्।" वास्तवमा, यस झूटो वसीयतको रचयिताले रसूल ﷺ को नाममा उहाँले कहिल्यै नबोल्नुभएको कुरा जोडेर फैलाएको छ र उहाँमाथि अत्यन्तै घृणित र गम्भीर झूट बोलेको छ। त्यसैले यदि उसले तुरुन्तै तौबा (पश्चात्ताप) नगरेर मानिसहरूमाझ यस वसीयतको झूटलाई स्पष्ट रूपमा उजागर गर्दैन भने, ऊ यस कडा सजायको सबैभन्दा योग्य हुन्छ।

किनकि जसले मानिसहरूमाझ कुनै असत्य कुरा फैलाउँछ र त्यसलाई धर्मसँग जोड्ने प्रयास गर्छ, उसको तौबा तबसम्म पूर्ण हुँदैन जबसम्म उसले त्यसलाई सार्वजनिक रूपमा प्रकट गरी त्यसको असत्यता स्पष्ट गर्दैन; ताकि मानिसहरूले उसको झूटबाट फर्किएको र आफ्नै गल्ती स्वीकार गरेको कुरा जान्न सकून्।

महान अल्लाहले भन्नुभएको छ:

﴿إِنَّ ٱلَّذِينَ يَكۡتُمُونَ مَآ أَنزَلۡنَا مِنَ ٱلۡبَيِّنَٰتِ وَٱلۡهُدَىٰ مِنۢ بَعۡدِ مَا بَيَّنَّٰهُ لِلنَّاسِ فِي ٱلۡكِتَٰبِ أُوْلَٰٓئِكَ يَلۡعَنُهُمُ ٱللَّهُ وَيَلۡعَنُهُمُ ٱللَّٰعِنُونَ ١٥٩ إِلَّا ٱلَّذِينَ تَابُواْ وَأَصۡلَحُواْ وَبَيَّنُواْ فَأُوْلَٰٓئِكَ أَتُوبُ عَلَيۡهِمۡ وَأَنَا ٱلتَّوَّابُ ٱلرَّحِيمُ ١٦٠﴾

"निश्चय नै जसले हामीले अवतरित गरेका स्पष्ट प्रमाणहरू र मार्गदर्शनलाई लुकाउँछन्, त्यसपछि हामीले ती कुराहरू मानिसहरूका लागि किताबमा स्पष्ट गरिसकेपछि पनि, यस्ता मानिसहरूलाई अल्लाहले लानत (श्राप) दिनुहुन्छ र श्राप दिनेहरूले पनि उनीहरूलाई लानत दिन्छन्।

तर जसले तौबा गर्छन्, आफूलाई सुधार्छन् र (लुकाएको सत्यलाई) स्पष्ट गर्छन्, उनीहरूमाथि म तौबा स्वीकार गर्छु। र म अत्यन्त तौबा स्वीकार गर्ने र अत्यन्त दयालु हुँ।" [अल्-बकरह: १५९-१६०] अल्लाहले यस पवित्र आयतमा स्पष्ट पार्नुभएको छ कि जसले सत्यको कुनै अंश लुकाउँछ, उसको तौबा (पश्चात्ताप) तबसम्म पूर्ण हुँदैन जबसम्म उसले आत्म-सुधार गर्छ र लुकाएको सत्यलाई स्पष्ट रूपमा प्रकट गर्दैन।

अल्लाहले आफ्ना भक्तहरूका लागि धर्मलाई पूर्ण गरिसक्नुभएको छ, र आफ्ना अन्तिम रसूल मुहम्मद ﷺ लाई पठाएर तथा उहाँलाई पूर्ण शरीअत प्रदान गरेर उनीहरूमाथि आफ्नो अनुग्रह सम्पन्न गरिसक्नुभएको छ। उहाँले नबी ﷺ लाई तब मात्र मृत्यु दिनुभयो जब

उहाँले धर्मलाई पूर्ण रूपमा स्पष्ट र स्थापित गरिसक्नुभएको थियो।

जसरी अल्लाहले भन्नुभएको छ:

﴿...ٱلۡيَوۡمَ أَكۡمَلۡتُ لَكُمۡ دِينَكُمۡ وَأَتۡمَمۡتُ عَلَيۡكُمۡ نِعۡمَتِي وَرَضِيتُ لَكُمُ ٱلۡإِسۡلَٰمَ دِينٗا...﴾

“....आज मैले तिमीहरूका लागि तिमीहरूको धर्मलाई पूर्ण गरिदिएको छु, तिमीहरूमाथि आफ्ना अनुग्रह पूरा गरिदिएको छु र तिमीहरूका लागि इस्लामलाई धर्मका रूपमा रोजेको छु...।” [अल् माइदाः ३]

यस झूटो वसीयतको रचयिता चौधौँ शताब्दीमा आएको व्यक्ति हो, जसले मानिसहरूलाई भ्रमित पारेर नयाँ धर्मजस्तो कुरा प्रस्तुत गर्न खोजेको छ। उसका अनुसार, जसले उसको बनाएको यस नियम/शरिअतलाई स्वीकार गर्छ, उसलाई जन्नत प्राप्त हुन्छ, र जसले स्वीकार गर्दैन, उसलाई जन्नतबाट वञ्चित गरी नरकमा प्रवेश गराइन्छ। उसले यो मनगढन्ते वसीयतलाई कुरआनभन्दा पनि महान र उत्कृष्ट देखाउने प्रयास गरेको छ, जसमा उसले यस्तो झूटो कुरा लेखेको छ: “जसले यसलाई लेखेर एक शहरबाट अर्को शहर वा एक ठाउँबाट अर्को ठाउँमा पठाउँछ, उसको लागि जन्नतमा एउटा महल निर्माण गरिनेछ, र जसले यसलाई लेख्दैन वा पठाउँदैन, ऊ कयामतको दिन नबी ﷺ को शफाअत (सिफारिस) बाट वञ्चित हुनेछ। त्यस व्यक्तिको यो भनाइ अत्यन्तै घृणित झूटहरूमध्ये एक हो, र यसले यो कथित वसीयत पूर्ण रूपमा झूटो हो भन्ने स्पष्ट प्रमाण दिन्छ, साथै यसलाई रचना गर्ने

व्यक्तिको निर्लज्जता र झूट बोल्ने उसको ठूलो साहसलाई पनि प्रकट गर्छ।

किनकि पवित्र कुरआन लेखेर त्यसलाई एक सहरबाट अर्को सहर वा एक ठाउँबाट अर्को ठाउँमा पठाउने व्यक्तिले पनि, यदि उसले कुरआनअनुसार अमल गर्दैन भने, यस्तो प्रकारको फजीलत प्राप्त गर्न सक्दैन।

त्यस अवस्थामा, यस्तो घृणित झूट रचना गर्ने र त्यसलाई ठाउँ–ठाउँमा प्रचार गर्ने व्यक्तिले यस्तो पुण्य कसरी प्राप्त गर्न सक्छ? त्यसैगरी, जसले कुरआन लेखेन वा त्यसलाई एक स्थानबाट अर्को स्थानमा पठाएन भने पनि, यदि ऊ नबी ﷺ माथि पूर्ण ईमान राख्छ र उहाँको शरिअतको निष्ठापूर्वक पालन गर्छ भने, ऊ उहाँको शफाअत (सिफारिस) बाट कदापि वञ्चित हुँदैन।

त्यस अवस्थामा, यस्तो मनगढन्ते र झूटो वसीयतलाई अस्वीकार गर्ने वा त्यसलाई पालना नगर्ने व्यक्तिलाई नबी ﷺ को शफाअतबाट वञ्चित हुने भन्ने कुरा कसरी सम्भव हुन्छ? यस वसीयतमा रहेको यो एक मात्र झूट नै यसलाई पूर्ण रूपमा अमान्य ठहर गर्न पर्याप्त छ र यसको प्रचारकलाई झूटो, निर्लज्ज, मूर्ख तथा ईश्वरीय मार्गदर्शनबाट पूर्ण रूपमा अनभिज्ञ भएको प्रमाणित गर्न पनि पर्याप्त छ।

यस वसीयतमा—पहिले उल्लेख गरिएका कुराहरू बाहेक—अरू पनि धेरै कुराहरू छन्, जसले यसको असत्यता र झूटोपनलाई स्पष्ट रूपमा प्रमाणित गर्छन्। यसका रचयिताले यदि हजार पटक वा त्यसभन्दा

बढी कसम खाएर पनि यसको सत्यता दाबी गरे, वा आफू झूटो भएमा आफूमाथि सबैभन्दा ठूलो सजाय आउँछ भनी आफैंमाथि बद्दुआ गरे पनि, ऊ सत्य बोल्ने ठहरिँदैन र यो कुरा सही साबित हुँदैन।

बरु, अल्लाहको कसम! फेरि अल्लाहको कसम! यो अत्यन्तै ठूलो र घृणित असत्य हो।

हामी अल्लाह سبحانه وتعالى लाई र हामीसँग उपस्थित फरिश्ताहरूलाई साक्षी राख्छौं र यस लेखलाई पढ्ने वा हेर्ने सम्पूर्ण मुस्लिमहरूका लागि—यो एउटा गवाही हो जसद्वारा हामी आफ्नो रब जल्ला जालालहुलाई भेट्नेछौं—यो वसीयत नबी ﷺ माथि लगाइएको स्पष्ट झूट र मनगढन्ते आरोप हो। अल्लाहले यसलाई झूट ठहर गर्ने (रच्ने) व्यक्तिलाई अपमानित गरून् र उसलाई उसको योग्य सजाय दिउन्।

पहिले उल्लेख गरिएका कुराहरू बाहेक, यस वसीयतको असत्यता र झूटोपनलाई यसको आफ्नै मूल पाठमा रहेका धेरै कुराहरूले पनि स्पष्ट रूपमा प्रमाणित गर्छन्। तीमध्ये केही यस्ता छन्:

पहिलो: यस वसीयतमा उल्लेख गरिएको यो भनाइ—“अघिल्लो शुक्रबारदेखि यस शुक्रबारसम्म इस्लामबाहेक अन्य अवस्थामा एक लाख साठी हजार मानिसहरूको मृत्यु भयो”—पूर्ण रूपमा असत्य र निराधार दाबी हो।

किनकि यो ‘गैब’ (अदृश्य/अज्ञात) को ज्ञानसँग सम्बन्धित विषय हो, र नबी ﷺ को निधनपछि उहाँमाथि वह्यी (ईश्वरीय प्रकाशना) आउने

क्रम समाप्त भइसकेको थियो। जब उहाँले आफ्नो सांसारिक जीवनकालमै अल्लाहले जानकारी गराउनुभएका कुराबाहेक स्वतन्त्र रूपमा गैबको ज्ञान राख्नुहुन्नथ्यो, तब उहाँको निधनपछि यस्तो ज्ञान प्राप्त हुनु झन् सम्भव छैन।

अल्लाहले स्पष्ट रूपमा भन्नुभएको छ:

﴿قُل لَّآ أَقُولُ لَكُمۡ عِندِي خَزَآئِنُ ٱللَّهِ وَلَآ أَعۡلَمُ ٱلۡغَيۡبَ...﴾

"(हे मुहम्मद!) भनिदिनुहोस्: 'म तिमीहरूलाई यो भन्दिनँ कि मसँग अल्लाहका खजानाहरू छन्, न त म गैब (अदृश्य/अज्ञात) को ज्ञान नै राख्छु...।'" [अनआम्: ५०] अल्लाहले भन्नुभएको छ:

﴿قُل لَّا يَعۡلَمُ مَن فِي ٱلسَّمَٰوَٰتِ وَٱلۡأَرۡضِ ٱلۡغَيۡبَ إِلَّا ٱللَّهُ...﴾

"भनिदिनुहोस्: 'आकाशहरू र पृथ्वीमा रहेका कसैले पनि अदृश्य (गैब) को ज्ञान राख्दैनन्, अल्लाहबाहेक।'" [अन्-नम्लः ६५] सही हदीसमा नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ:

«يُذَادُ رِجَالٌ عَنْ حَوْضِي يَوْمَ القِيَامَةِ، فَأَقُولُ: يَا رَبِّ! أَصْحَابِي أَصْحَابِي، فَيُقَالُ لِي: إِنَّكَ لَا تَدْرِي مَا أَحْدَثُوا بَعْدَكَ، فَأَقُولُ كَمَا قَالَ العَبْدُ الصَّالِحُ: ﴿وَكُنتُ عَلَيۡهِمۡ شَهِيدٗا مَّا دُمۡتُ فِيهِمۡۖ فَلَمَّا تَوَفَّيۡتَنِي كُنتَ أَنتَ ٱلرَّقِيبَ عَلَيۡهِمۡۚ وَأَنتَ عَلَىٰ كُلِّ شَيۡءٖ شَهِيدٌ﴾ [المائدة: ١١٧]».

"कयामतको दिन केही मानिसहरूलाई मेरो हौज़ (हौज़-ए-कौसर) बाट टाढा हटाइनेछ। तब म भन्नेछु: 'हे मेरो पालनहार! यी त मेरा साथीहरू हुन्, मेरा साथीहरू हुन्।' त्यसपछि मलाई भनिनेछ: 'तपाईंलाई

थाहा छैन, तपाईंपछि उनीहरूले के–के नयाँ कुराहरू (धर्ममा नवप्रवर्तन) गरे।'

त्यसपछि म त्यही कुरा भन्नेछु जुन अल्लाहका नेक बन्दाले भनेका थिए:

'म उनीहरूमाझ रहुञ्जेल उनीहरूमाथि साक्षी थिएँ। तर जब तपाईंले मलाई उठाउनुभयो (मृत्यु दिनुभयो), तब तपाईं नै उनीहरूमाथि निगरानी राख्ने हुनुभयो र तपाईं प्रत्येक कुरामाथि साक्षी हुनुहुन्छ।'"(सूरा अल्-माइदा: ११७)

दोस्रो: यस वसीयतको असत्यता र झूटोपनलाई प्रमाणित गर्ने कुराहरूमध्ये अर्को कुरा यसको यो भनाइ हो:

"जसले यो वसीयत लेख्छ र ऊ गरिब छ भने अल्लाहले उसलाई धनी बनाइदिन्छ; यदि ऊ ऋणी छ भने अल्लाहले उसको ऋण तिरिदिन्छ; र यदि उसमाथि कुनै पाप छ भने यस वसीयतको बरकतले अल्लाहले उसको र उसका आमाबुबाका पापहरू पनि क्षमा गरिदिन्छ..." आदि। यो अत्यन्तै ठूलो झूट हो, र यस वसीयतको रचयिता झूटो भएको तथा उसमा अल्लाह र उहाँका बन्दाहरूप्रति लाज–संकोचको कमी भएको स्पष्ट प्रमाण पनि हो। किनकि यी तीनवटै कुराहरू—गरिबलाई धनी बनाइदिनु, ऋणीको ऋण तिरिदिनु र उसका तथा उसका आमाबुबाका पापहरू क्षमा गरिदिनु—केवल पवित्र कुरआन लेख्दैमा प्राप्त हुँदैनन्; तसर्थ, यस्तो झूटो र अमान्य वसीयत लेख्ने व्यक्तिलाई यी फजीलतहरू कसरी प्राप्त हुन सक्छन्?! वास्तवमा, यस झूटो वसीयतको रचयिताको उद्देश्य मानिसहरूलाई भ्रममा पार्नु र

उनीहरूलाई यसैमा अल्झाइराख्नु हो, ताकि उनीहरूले यसलाई लेख्ने र फैलाउने काममै लागून् तथा यसका कथित फजीलतहरूमा भरोसा गरून्। त्यसको परिणामस्वरूप, अल्लाहले आफ्ना बन्दाहरूका लागि निर्धारण गर्नुभएका वास्तविक कारणहरू र उपायहरू—जसलाई उहाँले सम्पन्नता, ऋणमुक्ति र पापक्षमाको माध्यम बनाउनुभएको छ—तर्फ उनीहरूको ध्यान नजाओस्।

त्यसैले हामी अल्लाहसँग उहाँको तौफिक र सहायताबाट वञ्चित हुनुपर्ने अवस्थाबाट, झूटा आशा र कल्पनाहरूको पछि लाग्ने प्रवृत्तिबाट तथा शैतानको आज्ञापालनमा पर्नबाट शरण माग्छौँ।

तेस्रो: यस वसीयतको असत्यता र झूटोपनलाई प्रमाणित गर्ने कुराहरूमध्ये अर्को कुरा यसको यो भनाइ हो:

“अल्लाहका बन्दाहरूमध्ये जसले यस वसीयतलाई लेख्दैन, उसको अनुहार संसार र परलोक दुवैमा कालो (कलङ्कित) हुनेछ।” यो पनि सबैभन्दा घृणित झुटहरूमध्ये एक हो। वास्तवमा, यही कुरा यस वसीयत (इच्छापत्र) को असत्यता र यसलाई गढ्ने व्यक्तिको झुटोपनको सबैभन्दा स्पष्ट प्रमाण हो।

कुनै पनि विवेकशील व्यक्तिले कसरी यो कुरा स्वीकार गर्न सक्छ कि चौधौँ शताब्दीमा एक अज्ञात व्यक्तिद्वारा प्रस्तुत गरिएको यस वसीयतलाई झुटो रूपमा रसूल ﷺ सँग सम्बन्धित गरियोस्, र त्यसमा यस्तो दाबी गरियोस् कि जसले यसलाई लेख्दैन, उसको अनुहार संसार र आखिरत दुवैमा कलङ्कित हुनेछ; तर जसले यसलाई लेख्छ, यदि ऊ

गरिब छ भने धनी हुनेछ, ऋणी छ भने ऋणमुक्त हुनेछ, र उसका सम्पूर्ण पापहरू क्षमा गरिनेछन्?!

सुब्हानल्लाह! यो त कति ठूलो झुटो आरोप हो!

निश्चय नै स्पष्ट प्रमाणहरू र यथार्थ तथ्यहरूले यस मनगढन्ते आरोप लगाउने व्यक्तिको झुटोपन, अल्लाहप्रति उसको दुस्साहस, तथा अल्लाह र उहाँका बन्दाहरूसामु उसको निर्लज्जतालाई उजागर गर्छन्। किनकि यस्ता असंख्य मानिसहरू छन्, जसले यो वसीयत कहिल्यै लेखेनन्, तर पनि उनीहरूका अनुहार संसार र आखिरतमा कलङ्कित भएनन्।

त्यसैगरी, यस्ता धेरै मानिसहरू पनि छन्—जसको वास्तविक सङ्ख्या अल्लाहबाहेक कसैलाई थाहा छैन—जसले यसलाई पटक–पटक लेखेका छन्, तर पनि उनीहरू ऋणमुक्त भएका छैनन्, न त उनीहरूको गरिबी नै हटेको छ।

यसैले, हामी हृदयहरूको विचलन र पापहरूको अन्धकारबाट अल्लाहसँग शरण माग्छौँ। यी यस्ता विशेषताहरू र प्रतिफलहरू हुन्, जुन पवित्र शरीअतले सम्पूर्ण ब्रह्माण्डकै सबैभन्दा महान् र श्रेष्ठ ग्रन्थ—पवित्र कुरआन—को प्रतिलिपि तयार गर्ने व्यक्तिका लागि समेत निर्धारित गरेको छैन। त्यसो भए, अनेकौँ मनगढन्ते झुटहरू र कुफ्रका विभिन्न प्रकारहरू समावेश गरी एउटा झूटो वसीयत गढ्ने व्यक्तिलाई यस्ता प्रतिफलहरू कसरी प्राप्त हुन सक्छन्?

सुब्हानल्लाह! अल्लाह कति महान्, पवित्र, सहनशील र धैर्यवान्

हुनुहुन्छ, जसले उहाँमाथि नै झुटो आरोप लगाउने यस्ता दुस्साहसी मानिसहरूलाई पनि तत्काल दण्ड दिनुहुन्न।

चौथो कुरा: यस वसीयत सबैभन्दा असत्य र स्पष्ट रूपमा झुटो भएको कुरालाई प्रमाणित गर्ने पक्षहरूमध्ये एक यो पनि हो कि यसमा भनिएको छ:

"जसले यसलाई सत्य ठान्छ, ऊ नरकको यातनाबाट मुक्ति पाउनेछ; र जसले यसलाई झुटो ठान्छ, ऊ काफिर हुनेछ।"

यो दाबी आफैँमा यस वसीयतको असत्यता, मनगढन्तेपन र यसलाई गढ्ने व्यक्तिको झुटोपनको स्पष्ट प्रमाण हो। यो पनि झुट बोल्ने अत्यन्त ठूलो दुस्साहस र सबैभन्दा घृणित असत्यहरूमध्ये एक हो। यस मनगढन्ते आरोप लगाउने व्यक्तिले सम्पूर्ण मानिसहरूलाई आफ्नो गढेको झुटलाई सत्य मान्न आह्वान गर्दछ, र यस्तो दाबी गर्छ कि त्यसलाई सत्य ठानेमा उनीहरू नरकको यातनाबाट मुक्ति पाउनेछन्; तर जसले यसलाई झुटो ठान्छ, ऊ काफिर हुनेछ। अल्लाहको कसम! यस झुटो आरोप लगाउने व्यक्तिले अल्लाहमाथि अत्यन्त ठूलो मिथ्या आरोप लगाएको छ, र अल्लाहको कसम, उसले सत्य बोलेको छैन।

वास्तवमा, यस वसीयतलाई सत्य ठान्ने व्यक्ति नै काफिर ठहरिन योग्य हुन्छ, न कि यसलाई झुटो ठान्ने व्यक्ति; किनकि यो पूर्ण रूपमा मनगढन्ते आरोप, असत्य र झुट हो, जसको सत्यतासँग कुनै सम्बन्ध छैन।

हामी अल्लाहलाई साक्षी राखेर भन्छौँ कि यो वसीयत सरासर झुट

हो, र यसलाई रचना गर्ने व्यक्ति झुटो हो। उसले मानिसहरूका लागि त्यस्तो कुरा धर्मको रूपमा स्थापित गर्न खोजेको छ, जसको अनुमति अल्लाहले दिनुभएको छैन, र उनीहरूको धर्ममा त्यस्तो कुरा प्रवेश गराउन चाहेको छ, जुन धर्मको अंश नै होइन।

जबकि अल्लाहले यस मनगढन्ते वसीयत प्रकट हुनुभन्दा चौध शताब्दीअघि नै यस उम्मतका लागि धर्मलाई पूर्ण र सम्पूर्ण बनाइसक्नुभएको थियो। सावधान! हे पाठकहरू र दाजुभाइहरू! यस्ता मनगढन्ते झुटहरूलाई सत्य ठानेर स्वीकार नगर्नुहोस्, न त तिनलाई आफ्ना बीचमा फैलिन दिनुहोस्। किनकि सत्य त्यस्तो उज्यालो हो, जसलाई खोज्ने व्यक्तिका लागि त्यसमा कुनै भ्रम रहँदैन।

तसर्थ, प्रमाणसहित सत्यको खोजी गर्नुहोस् र जुन कुरा तपाईंहरूलाई अस्पष्ट लाग्छ, त्यसबारे विद्वानहरूसँग सोध्नुहोस्। झुटा मानिसहरूको कसमबाट धोका नखानुहोस्। किनकि शैतान (इब्लीस) ले तपाईंहरूका पितामाता आदम र हव्वालाई कसम खाएर धोका दिएको थियो कि ऊ उनीहरूको हितैषी हो, जबकि ऊ सबैभन्दा ठूलो धोकेबाज र सबैभन्दा ठूलो झुट बोल्ने हो। जसरी अल्लाह तआलाले उसको बारेमा भन्नुभएको छ।

﴿وَقَاسَمَهُمَآ إِنِّي لَكُمَا لَمِنَ ٱلنَّٰصِحِينَ٢١﴾

"उसले (शैतानले) उनीहरू दुवैसँग कसम खाएर भन्यो, म तिमीहरू दुवैका लागि निश्चय नै हितैषीहरूमध्ये हुँ।" [अल्-आराफ: २१] त्यसैले यसबाट र त्यसका झुटा अनुयायीहरूबाट सावधान रहनुहोस्। किनकि

शैतान र उसका अनुयायीहरूसँग झुटा कसमहरू, धोखाधडीपूर्ण वाचा–प्रतिज्ञाहरू तथा भ्रम र बहकाउनका लागि सजाइएका आकर्षक तर झुटा कथनहरूको कुनै कमी छैन। जहाँसम्म यस झुटा आरोप लगाउने व्यक्तिले समाजमा फैलिएका दुष्कर्महरू र खराब कार्यहरूको उल्लेख गरेको छ, त्यो वास्तवमै एक यथार्थ कुरा हो। पवित्र कुरआन र सुन्नतले यस्ता कुराहरूप्रति अत्यन्त कडा रूपमा चेतावनी दिएका छन्। साथै, मार्गदर्शन र पर्याप्त निर्देशनका लागि ती दुवै नै पूर्ण रूपमा पर्याप्त छन्।

त्यसैगरी, जहाँसम्म उसले प्रलयका निशानीहरू (अश्रातुस्-साअह) को उल्लेख गरेको छ, प्रामाणिक हदीसहरूले ती निशानीहरूलाई स्पष्ट रूपमा वर्णन गरिसकेका छन् र पवित्र कुरआनले पनि तिनमध्ये केहीतर्फ संकेत गरेको छ। अतः यस विषयमा जानकारी प्राप्त गर्न चाहने व्यक्तिले सुन्नतसम्बन्धी ग्रन्थहरू तथा ज्ञान र ईमानले सम्पन्न विद्वान्हरूका कृतिहरूमा पर्याप्त विवरण पाउन सक्छ।

त्यसैले, मानिसहरूलाई यस्तो मिथ्यावादी व्यक्तिको व्याख्या, उसका भ्रमपूर्ण कथनहरू तथा सत्य र असत्यलाई मिसाएर प्रस्तुत गर्ने उसको कार्यको कुनै आवश्यकता छैन। अल्लाहले मलाई, तपाईंहरूलाई तथा सम्पूर्ण मुस्लिम समुदायलाई शैतानहरूको दुष्टताबाट, पथभ्रष्ट पार्नेहरूको षड्यन्त्रबाट, मार्गविचलितहरूको गलत बाटोबाट र सत्यलाई असत्य तथा असत्यलाई सत्यका रूपमा प्रस्तुत गर्न खोज्ने अल्लाहका शत्रुहरूको भ्रम र छलकपटबाट सुरक्षित राखून्।

जसले आफ्ना मुखका वचनहरूद्वारा अल्लाहको प्रकाशलाई निभाउने प्रयास गर्छन् र मानिसहरूका लागि सत्य धर्मलाई अस्पष्ट र

भ्रमित बनाउन चाहन्छन्। तर अल्लाहले आफ्नो प्रकाशलाई पूर्णता प्रदान गरेरै छाड्नुहुनेछ र आफ्नो धर्मलाई अवश्य विजयी बनाउनुहुनेछ, चाहे यो कुरा शैतानहरू, तिनका अनुयायीहरू, काफिरहरू तथा नास्तिकहरूलाई जति नै अप्रिय किन नलागोस्। हामी अल्लाहसँग प्रार्थना गर्दछौँ, उहाँले मुस्लिमहरूको अवस्था सुधार गरून्, उनीहरूलाई सत्यको अनुसरण गर्ने र त्यसमा अडिग रहने तौफीक प्रदान गरून् तथा सम्पूर्ण पापहरूबाट पश्चात्ताप (तौबा) गर्ने सामर्थ्य प्रदान गरून्। निःसन्देह, उहाँ नै तौबा स्वीकार गर्ने, परम दयालु र सबै कुरामा पूर्ण रूपमा सक्षम हुनुहुन्छ। हाम्रा लागि अल्लाह नै पर्याप्त हुनुहुन्छ र उहाँ नै उत्तम संरक्षक हुनुहुन्छ। महान् र सर्वोच्च अल्लाहको सहायता बिना कुनै शक्ति र कुनै सामर्थ्य छैन।

सम्पूर्ण प्रशंसा अल्लाहकै लागि हो, जो समस्त ब्रह्माण्डका पालनकर्ता हुनुहुन्छ। अल्लाहको कृपा र शान्ति उहाँका सत्यवादी, विश्वसनीय सेवक तथा रसूल (सन्देशवाहक) माथि, साथै उहाँका परिवार, सहाबाहरू (साथीहरू) र उनीहरूको उत्तम रूपमा अनुसरण गर्ने अनुयायीहरूमाथि प्रलयको दिनसम्म अवतरित भइरहोस्।

***

بِسْمِ اللهِ الرَّحْمَنِ الرَّحِيمِ

## नवौं पत्र:

## जादू, ज्योतिष र यससँग सम्बन्धित कुराहरूको हुकुम[1]

समस्त प्रशंसा अल्लाहकै लागि हो। दुरूद र सलाम अवतरित होस् अल्लाहको अन्तिम नबीमाथि। त्यसपछि:

वर्तमान समयमा चिकित्सक भएको दाबी गर्दै जादू वा ज्योतिषको माध्यमबाट उपचार गर्ने धेरै ठगी गर्नेहरू बढ्दै गएको र उनीहरू केही देशहरूमा फैलिँदै गएको, साथै अज्ञानताले ग्रस्त र सोझा मानिसहरूको फाइदा उठाइरहेको देखेर—अल्लाह र उहाँका दासहरूको हितका लागि सल्लाहको रूपमा—मैले यस विषयमा इस्लाम र मुस्लिमहरूका लागि हुने गम्भीर खतरा स्पष्ट पार्नु आवश्यक ठानें। किनकि यसमा अल्लाह बाहेक अरूसँग आश्रय लिनु र अल्लाह तथा उहाँका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) का आदेशहरूको उल्लङ्घन हो।

म अल्लाह तआलाबाट मद्दत माग्दै भन्छु: उपचार गर्नु सर्वसम्मत रूपमा जायज छ। मुस्लिमले आन्तरिक रोग, शल्यक्रिया, स्नायु रोग आदि जस्ता विषयका डाक्टरकहाँ गएर आफ्नो रोग पहिचान गराउन र चिकित्साशास्त्रअनुसार अनुमति प्राप्त औषधिद्वारा उपचार गराउन सक्छ। यो सामान्य कारणहरू अपनाउने (अस्बाब लिने) कुराभित्र पर्छ र

[1] यो उपदेश सन् १४०२ हिजरीमा “वैज्ञानिक अनुसन्धान, इफ्ता, दावत र इरशादका सामान्य प्रशासन” द्वारा प्रकाशित नं. १७ को पुस्तिकामा प्रकाशित गरिएको हो।

अल्लाहमाथिको भरोसासँग विरोधाभास गर्दैन। अल्लाहले रोग पठाउनुभएको छ र साथमा उपचार पठाउनुभएको छ; यो कुरा कसैले जान्दछ, कसैले जान्दैन। तर उहाँले आफ्ना दासहरूको उपचारलाई आफूले हराम (निषेध) गरेको कुरामा राख्नुभएको छैन।

त्यसैले बिरामीले आफ्नो रोगबारे जान्नको लागि अदृश्य (गैब) को ज्ञान भएको दाबी गर्ने ज्योतिषीहरूसँग जानु अनुमति छैन। उनीहरूले जे भन्छन् त्यसलाई विश्वास गर्नु पनि अनुमति छैन। किनकि उनीहरू अन्दाज र अनुमानका आधारमा बोल्छन्, वा आफ्ना उद्देश्य पूरा गर्न जिन्नहरूको सहायता लिन्छन्। यदि कसैले आफूलाई अदृश्य ज्ञान भएको दाबी गर्छ भने, त्यस्ता व्यक्तिको यो कार्य 'कुफ्र' (अधर्म) र पथभ्रष्टता हो।

इमाम मुस्लिमले आफ्नो 'सहीह' मा वर्णन गरेका छन्, नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ:

«مَنْ أَتَى عَرَّافًا فَسَأَلَهُ عَنْ شَيْءٍ، لَمْ تُقْبَلْ لَهُ صَلَاةٌ أَرْبَعِينَ يَوْمًا».

"जसले कुनै ज्योतिषीकहाँ गएर उसलाई कुनै कुरा सोध्छ, उसको चालीस दिनसम्मको नमाज स्वीकार हुँदैन।"

अबू हुरैरा (रदियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहो अलैहे वसल्लम) ले भन्नुभयो:

«مَنْ أَتَى كَاهِنًا فَصَدَّقَهُ بِمَا يَقُولُ، فَقَدْ كَفَرَ بِمَا أُنْزِلَ عَلَى مُحَمَّدٍ ﷺ».

"जसले कुनै ज्योतिषी/भविष्यवक्ताकहाँ जान्छ र उसले भनेको कुरामा विश्वास गर्छ, निस्सन्देह उसले मुहम्मद (सल्लल्लाहु अलैहि

वसल्लम) माथि अवतरित धर्मलाई अस्वीकार गर्छ।" यस हदीसलाई अबू दाउदर चारै सुन्नतका सङ्कलनकर्ताहरूले उल्लेख गरेका छन्। इमाम हाकिमले नबी (सल्लल्लाहु अलैहि वसल्लम) बाट यी शब्दहरूका साथ यसलाई 'सहीह' ठहर गरेका छन्:

«مَنْ أَتَى عَرَّافًا أَوْ كَاهِنًا فَصَدَّقَهُ بِمَا يَقُولُ، فَقَدْ كَفَرَ بِمَا أُنْزِلَ عَلَى مُحَمَّدٍ ﷺ».

जसले कुनै ज्योतिषी (अर्राफ) वा भविष्यवाणी गर्ने व्यक्ति (काहिन) कहाँ जान्छ र उसले भनेको कुरामा विश्वास गर्छ, निस्सन्देह उसले मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) माथि अवतरित धर्मलाई अस्वीकार गर्छ।"

त्यसैगरी इमरान बिन हुसैन (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ :

«لَيْسَ مِنَّا مَنْ تَطَيَّرَ أَوْ تُطُيِّرَ لَهُ، أَوْ تَكَهَّنَ أَوْ تُكُهِّنَ لَهُ، أَوْ سَحَرَ أَوْ سُحِرَ لَهُ، وَمَنْ أَتَى كَاهِنًا فَصَدَّقَهُ بِمَا يَقُولُ، فَقَدْ كَفَرَ بِمَا أُنْزِلَ عَلَى مُحَمَّدٍ ﷺ».

"जो शकुन-अपशकुन मान्छ वा जसको लागि त्यसो गरिन्छ वा जसले ज्योतिषीको काम गर्छ वा जसको लागि गरिन्छ वा जसले जादू गर्छ वा जसको लागि जादू गरिन्छ, ऊ हामीमध्ये होइन। जसले कुनै ज्योतिषी/भविष्यवक्ताकहाँ जान्छ र उसले भनेको कुरामा विश्वास गर्छ, निस्सन्देह उसले मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) माथि अवतरित धर्मलाई अस्वीकार गर्छ।" यसलाई इमाम बज्जारले असल 'सनद'का साथ वर्णन गरेका छन्।

यी हदीसहरूमा ज्योतिषी (अर्राफ), काहिन र जादूगरहरू तथा

उनीहरू जस्ता अन्य व्यक्तिहरूकहाँ जाने, उनीहरूलाई सोध्ने र उनीहरूको कुरा सत्य मान्ने कुराबाट रोक लगाइएको छ। साथै यस कार्यका लागि कडा चेतावनी पनि दिइएको छ।

त्यसैले उनीहरूले केही कुरामा कहिलेकाहीँ सही देखिए भन्दैमा वा धेरै मानिसहरू उनीहरूकहाँ जाने गरेको देखेर भ्रमित हुनु हुँदैन। किनकि उनीहरू मूर्खहरू हुन् र उनीहरूको कारणले मानिसहरूलाई धोका खानु जायज छैन। रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले उनीहरूकहाँ जान, उनीहरूलाई सोध्न र उनीहरूलाई सत्य मान्न निषेध गर्नुभएको छ। किनकि यसमा ठूलो प्रकारको पाप, गम्भीर खतरा र नराम्रो परिणामहरू छन्। साथै उनीहरू झूटा र पापी हुन्।

यी हदीसहरूमा ज्योतिषी, भविष्यवक्ता र जादूगरहरूको कुफ्रको प्रमाण पनि छ, किनकि उनीहरूले अदृश्य (गैब) का कुरा जान्ने दाबी गर्छन्, र यो दाबी नै कुफ्र हो। साथै उनीहरूले आफ्नो उद्देश्य प्राप्त गर्न अल्लाह बाहेक जिन्नहरूको सेवा र उपासना गर्छन्, जुन कुफ्र र शिर्क हो। उनीहरूको अदृश्य (गैब) को दाबीलाई सत्य मान्ने व्यक्ति पनि उनीहरूजस्तै हुन्छ। जसले पनि यस्ता कुराहरू (जादू, ज्योतिष आदि) गर्ने व्यक्तिबाट यी कुरा ग्रहण गर्छ, उसबाट रसूल (सल्लल्लाहु अलैहि वसल्लम) पूर्ण रूपमा अलग हुनुहुन्छ।

त्यसैगरी मुस्लिमले उनीहरूले उपचारको नाममा गर्ने ताबीज/तिलस्म (मन्त्र लेखिएका वस्तुहरू), सिसा पगालेर खन्याउने आदि जस्ता अन्धविश्वासहरूको पालना गर्नु पनि अनुमति छैन। किनकि यी सबै ज्योतिष र मानिसहरूलाई धोका दिने कार्यहरू हुन्। जसले यसमा

सहमति जनाउँछ, उसले उनीहरूको असत्य र कुफ्रमा सहयोग गरेको ठहर्छ।

त्यसैगरी कुनै पनि मुस्लिमले उनीहरूसँग जानु पनि अनुमति छैन, जस्तै आफ्नो छोरा वा आफन्तले कससँग विवाह गर्ने हो भनेर सोध्न, वा पति–पत्नी र उनीहरूको परिवारबीच हुने माया, वफादारी, शत्रुता वा सम्बन्ध विच्छेद जस्ता कुराहरूबारे सोध्न वा यस्तै अन्य विषयहरूमा उनीहरूसँग जानकारी लिनु। किनकि यो अदृश्य (गैब) सम्बन्धी कुरा हो, जसलाई अल्लाह बाहेक अरू कसैले जान्दैन।

त्यसैले शासकहरू, हिस्बा (धार्मिक निगरानी) निकायका व्यक्ति र अधिकार प्राप्त व्यक्तिहरूले ज्योतिषी (काहिन), भविष्यवक्ता (अर्राफ) र यस्तै व्यक्तिहरूकहाँ जाने अभ्यासलाई रोक्नु, बजार तथा अन्य स्थानहरूमा यस्ता कार्यमा संलग्न हुनेहरूलाई निषेध गर्नु, उनीहरूको कडा रूपमा निन्दा गर्नु तथा उनीहरूकहाँ जाने व्यक्तिहरूलाई पनि रोक्नु कर्तव्य हो।

यसैगरी जादू पनि निषेधित र कुफ्रजन्य कार्यहरूमध्ये पर्दछ; जसरी अल्लाह तआलाले दुई फरिश्ताहरूको सम्बन्धमा भन्नुभएको छ:

﴿...وَمَا يُعَلِّمَانِ مِنۡ أَحَدٍ حَتَّىٰ يَقُولَآ إِنَّمَا نَحۡنُ فِتۡنَةٞ فَلَا تَكۡفُرۡۖ فَيَتَعَلَّمُونَ مِنۡهُمَا مَا يُفَرِّقُونَ بِهِۦ بَيۡنَ ٱلۡمَرۡءِ وَزَوۡجِهِۦۚ وَمَا هُم بِضَآرِّينَ بِهِۦ مِنۡ أَحَدٍ إِلَّا بِإِذۡنِ ٱللَّهِۚ وَيَتَعَلَّمُونَ مَا يَضُرُّهُمۡ وَلَا يَنفَعُهُمۡۚ وَلَقَدۡ عَلِمُواْ لَمَنِ ٱشۡتَرَىٰهُ مَا لَهُۥ فِي ٱلۡأٓخِرَةِ مِنۡ خَلَٰقٖۚ وَلَبِئۡسَ مَا شَرَوۡاْ بِهِۦٓ أَنفُسَهُمۡۚ لَوۡ كَانُواْ يَعۡلَمُونَ﴾

"... ती (दुई फरिश्ता) ले कसैलाई पनि तबसम्म सिकाउँदैनथे,

जबसम्म उनीहरूले भन्दैनथे: 'हामी त केवल परीक्षा हौँ, त्यसैले तिमी काफिर नबन।' तर मानिसहरूले उनीहरूबाट त्यस्तो कुरा सिक्थे, जसद्वारा उनीहरूले पति र पत्नीबीच फाटो पार्थे। यद्यपि अल्लाहको अनुमति बिना त्यसद्वारा उनीहरूले कसैलाई पनि हानि पुऱ्याउन सक्दैनथे। उनीहरूले त्यस्तो कुरा सिक्थे, जसले उनीहरूलाई हानि पुऱ्याउँथ्यो र कुनै लाभ दिँदैनथ्यो। उनीहरूलाई राम्ररी थाहा थियो जसले यसलाई किन्छ उसको लागि परलोकमा कुनै प्रतिफल हुने छैन। उनीहरूले आफ्नो आत्मालाई जसको बदलामा बेचे, त्यो कति नराम्रो कुरा थियो—यदि उनीहरूले बुझ्न सकेका भए।" [अल् बकरह: १०२]

यी महान आयतहरूले प्रमाणित गर्दछन्, जादु (सिहर) कुफ्र हो र जादुगरहरूले मानिस र उसकी पत्नीबीच फाटो पार्छन्। साथै, यी आयतहरूले यो पनि स्पष्ट पार्छन् कि जादु आफैंमा न त लाभ पुऱ्याउन सक्छ न त हानि; बरु त्यो केवल अल्लाहको पूर्वनिर्धारित निर्णय (कौनी कदरी) अनुसार मात्र प्रभाव पार्दछ, किनकि अल्लाह नै राम्रो र नराम्रो सबै कुराका सृष्टिकर्ता हुनुहुन्छ।

यस महान आयतले यो पनि जनाउँछ कि जादु सिक्नेहरू वास्तवमा त्यही कुरा सिक्छन् जसले उनीहरूलाई हानि पुऱ्याउँछ र कुनै फाइदा दिँदैन। अल्लाहको नजिक उनीहरूको कुनै प्रतिफल हुँदैन। यो ठूलो चेतावनी हो, जसले दुनियाँ र आखिरत दुबैमा उनीहरूको गम्भीर घाटा भएको देखाउँछ। उनीहरूले आफ्नो आत्मालाई अत्यन्त सस्तो मूल्यमा बेचेका छन्। त्यसैले अल्लाहले यस कुरामा उनीहरूको निन्दा गर्दै भन्नुभयो:

﴿...وَلَبِئْسَ مَا شَرَوْا بِهِۦٓ أَنفُسَهُمْ ۚ لَوْ كَانُوا۟ يَعْلَمُونَ﴾

"... निश्चय नै, जुन कुराको बदलामा उनीहरूले आफ्नै आत्मा बेचे, त्यो अत्यन्तै नराम्रो कुरा हो—यदि उनीहरूले बुझ्न सकेका भए।" [अल् बकरह: १०२] यहाँ "खरीद (शिरा)" को अर्थ "बेच्नु" हो।

निश्चय नै, यी झूट घड्नेहरूमाथि ठूलो हानि भयो र उनीहरूको अवस्था अत्यन्त गम्भीर भयो—जसले यी ज्ञानहरू मुशरिकहरूबाट लिएर आएका छन् र यसद्वारा कमजोर बुद्धिका मानिसहरूलाई भ्रममा पारेका छन्। निश्चय नै, हामी अल्लाहकै हौं र उहाँतर्फ नै फर्कनेछौं; अल्लाह नै हाम्रो लागि पर्याप्त हुनुहुन्छ र उहाँ कति उत्तम कार्यसाधक हुनुहुन्छ।

हामी अल्लाहसँग जादूगर, काहिन (झाँक्रीहरू) र अन्य सबै ढोंगीहरूको दुष्टताबाट कल्याण र सुरक्षाको लागि प्रार्थना गर्छौं। हामी सर्वोच्च अल्लाहसँग मुस्लिमहरूलाई उनीहरूको दुष्टताबाट जोगाउन र मुस्लिम शासकहरूलाई उनीहरूबाट सावधान रहन र उनीहरूमाथि ईश्वरको न्याय लागू गर्न मार्गदर्शन गर्न प्रार्थना गर्छौं, ताकि मानिसहरूलाई उनीहरूको हानि र दुष्ट कार्यहरूबाट मुक्ति मिलोस्। निश्चय नै, उहाँ अत्यन्त उदार र कृपालु हुनुहुन्छ।

निश्चय नै अल्लाहले आफ्ना सेवकहरूका लागि त्यस्ता उपायहरू निर्धारित गर्नुभएको छ, जसद्वारा उनीहरूले जादुको खराबी आउनुअघि नै त्यसबाट बच्न सक्छन्। साथै, उहाँले यो घटना पछि यसको उपचार गर्न के प्रयोग गर्न सकिन्छ भनेर व्याख्या गर्नुभएको छ। यो उहाँको

उनीहरूप्रतिको कृपा, उपकार र उनीहरूमाथि गरिएको आफ्नो कृपाको पूर्णता हो।

जादूको खतरा हुनुअघि त्यसबाट बच्ने उपायहरू र जादु भइसकेपछि त्यसको उपचार गर्न प्रयोग गरिने शरिअतअनुसार अनुमति प्राप्त (हलाल) उपायहरूको विवरण प्रस्तुत गरिन्छ। यसको व्याख्या यस प्रकार छ:

पहिलो: जादुको प्रभाव पर्नु अघि त्यसको खतराबाट बच्ने उपायहरू; यसको सबैभन्दा महत्वपूर्ण र लाभदायक उपाय शरई अजकार, प्रमाणित दुआहरू र मुआव्विदात (शरण माग्ने प्रार्थनाहरू) द्वारा आत्म-सुरक्षा गर्नु हो। यसमा प्रत्येक फर्ज नमाजपछि सलाम फेरेर आयतुल-कुर्सी पढ्नु पनि समावेश छ, जुन पवित्र कुरआनको सबैभन्दा महान् आयत हो। त्यो अल्लाहको यो वाणी हो:

﴿ٱللَّهُ لَآ إِلَٰهَ إِلَّا هُوَ ٱلۡحَيُّ ٱلۡقَيُّومُۚ لَا تَأۡخُذُهُۥ سِنَةٞ وَلَا نَوۡمٞۚ لَّهُۥ مَا فِي ٱلسَّمَٰوَٰتِ وَمَا فِي ٱلۡأَرۡضِۗ مَن ذَا ٱلَّذِي يَشۡفَعُ عِندَهُۥٓ إِلَّا بِإِذۡنِهِۦۚ يَعۡلَمُ مَا بَيۡنَ أَيۡدِيهِمۡ وَمَا خَلۡفَهُمۡۖ وَلَا يُحِيطُونَ بِشَيۡءٖ مِّنۡ عِلۡمِهِۦٓ إِلَّا بِمَا شَآءَۚ وَسِعَ كُرۡسِيُّهُ ٱلسَّمَٰوَٰتِ وَٱلۡأَرۡضَۖ وَلَا يَـُٔودُهُۥ حِفۡظُهُمَاۚ وَهُوَ ٱلۡعَلِيُّ ٱلۡعَظِيمُ ٢٥٥﴾

अर्थ: अल्लाहबाहेक कोही सत्य उपास्य छैन, उहाँ सधैं जीवित र सम्पूर्ण सृष्टिको आधार एवं संरक्षक हुनुहुन्छ। उहाँलाई न त झोप लाग्छ न निद्रा। आकाशहरूमा र पृथ्वीमा जे-जति छ, सबै उहाँकै हो। उहाँको अनुमति बिना उहाँसामु कसले सिफारिस गर्न सक्छ? उहाँले उनीहरूको अगाडि र पछाडिको सबै कुरा जान्नुहुन्छ। तिनीहरूले उहाँको ज्ञानको

कुनै पनि कुरालाई समेट्दैनन्, बाहेक जुन उहाँ चाहनुहुन्छ। उहाँको कुर्सी आकाश र पृथ्वी सबैमा फैलिएको छ र ती दुवैको हिफाजत उहाँलाई थकाउँदैन। उहाँ सर्वोच्च र महान हुनुहुन्छ। [अल् बकरह: २५५] सुत्दा पनि यसलाई पढ्न सिफारिस गरिन्छ, किनकि रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ:

«مَنْ قَرَأَ آيَةَ الْكُرْسِيِّ فِي لَيْلَةٍ، لَمْ يَزَلْ عَلَيْهِ مِنَ اللَّهِ حَافِظٌ، وَلَا يَقْرَبُهُ شَيْطَانٌ حَتَّى يُصْبِحَ».

"जसले रातमा आयतुल-कुर्सी पढ्छ, उसको लागि अल्लाहको तर्फबाट रक्षक नियुक्त रहन्छ र बिहान नहुँदासम्म कुनै शैतान उसको नजिक आउनेछैन।"

त्यसैगरी सुरक्षाका निम्नलिखित सूरह पढ्नु:

﴿قُلۡ هُوَ ٱللَّهُ أَحَدٌ ١﴾

'कुल हुवल्लाहु अहद' (सूरह अल-इख्लास) पूरा पढ्नु।

﴿قُلۡ أَعُوذُ بِرَبِّ ٱلۡفَلَقِ ١﴾

'कुल अऊजु बिरब्बिल फलक' (सूरह अल-फलक) पूरा पढ्नु।

﴿قُلۡ أَعُوذُ بِرَبِّ ٱلنَّاسِ ١﴾

'कुल अऊजु बिरब्बिन नास' (सूरह अन-नास) पूरा पढ्नु। [सुरह अन्नास: १] यी तीन सुरहहरू प्रत्येक फर्ज नमाजपछि एक पटक पढ्नुपर्छ र फज्र नमाजपछि दिनको सुरुवातमा तथा मग्रिब नमाजपछि

रातको सुरुवातमा तीन–तीन पटक पढ्नुपर्छ।

त्यसै गरी, रातको सुरुवातमा सूरह अल-बकरहका अन्तिम दुई आयतहरू पढ्नु, जुन अल्लाह तआलाको यो वाणी हो:

﴿ءَامَنَ ٱلرَّسُولُ بِمَآ أُنزِلَ إِلَيۡهِ مِن رَّبِّهِۦ وَٱلۡمُؤۡمِنُونَۚ كُلٌّ ءَامَنَ بِٱللَّهِ وَمَلَٰٓئِكَتِهِۦ وَكُتُبِهِۦ وَرُسُلِهِۦ لَا نُفَرِّقُ بَيۡنَ أَحَدٖ مِّن رُّسُلِهِۦۚ وَقَالُواْ سَمِعۡنَا وَأَطَعۡنَاۖ غُفۡرَانَكَ رَبَّنَا وَإِلَيۡكَ ٱلۡمَصِيرُ ٢٨٥﴾

अर्थ: रसूल (मुहम्मद) ले आफ्नो पालनकर्ताबाट उहाँमाथि अवतरित कुरामा विश्वास गरे र सबै मुमिनहरूले पनि विश्वास गरे। सबैले अल्लाह, उहाँका फरिश्ताहरू, उहाँका किताबहरू र उहाँका रसूलहरूमा ईमान ल्याए। (उनीहरूले भन्छन्:) “हामी उहाँका रसूलहरूबीच कुनै भेदभाव गर्दैनौं।” उनीहरूले भने: “हामीले सुनेका छौं र आज्ञापालन गरेका छौं। हे हाम्रो पालनकर्ता! हामी तिमीसँग माफी चाहन्छौं र अन्ततः तिमीतर्फ नै फर्किनेछौं।” सूरहको अन्त्यसम्म पढ्नुपर्ने हुन्छ।

यस सन्दर्भमा नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ:

«مَنْ قَرَأَ الآيَتَيْنِ مِنْ آخِرِ سُورَةِ البَقَرَةِ فِي لَيْلَةٍ كَفَتَاهُ».

“जसले रातमा सूरह अल-बकरहका अन्तिम दुई आयतहरू पढ्छ, ती उसका लागि पर्याप्त हुन्छन्।” यसको अर्थ हो: यसले उसलाई सबै प्रकारका खराबीहरूबाट बचाउँछ (अल्लाह नै सबैभन्दा राम्रो जान्नुहुन्छ)। त्यसैगरी दिन-रात घर, मरुभूमि, आकाश वा समुद्र जस्ता

कुनै पनि स्थानमा ओर्लँदा वा बस्दा अल्लाहका पूर्ण वचनहरूद्वारा शरण माग्नु आवश्यक छ। किनकि नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ:

«مَن نَزَلَ مَنْزِلًا فَقالَ: أَعُوذُ بِكَلِمَاتِ اللهِ التَّامَّاتِ مِن شَرِّ ما خَلَقَ، لَمْ يَضُرَّهُ شَيءٌ حتَّى يَرْتَحِلَ مِن مَنْزِلِهِ ذَلِكَ».

"जसले कुनै स्थानमा ओर्लँदा भन्छ: 'अऊजु बिकलिमातिल्लाहि-त्ताम्माति मिन शर्रि मा खलक्।' (अर्थ: म अल्लाहका पूर्ण वचनहरूद्वारा उहाँले सृष्टि गर्नुभएको सबै कुराको दुष्टताबाट शरण माग्छु), त्यस स्थानबाट निस्कनु (यात्रा जारी गर्नु) सम्म उसलाई कुनै पनि चीजले हानि पुऱ्याउँदैन।"

त्यस्तैगरी मुस्लिमले दिनको सुरुमा र रातको सुरुमा तीन पटक भन्नु:

«بِسْمِ اللهِ الَّذِي لَا يَضُرُّ مَعَ اسْمِهِ شَيءٌ فِي الأَرْضِ وَلَا فِي السَّمَاءِ، وَهُوَ السَّمِيعُ العَلِيمُ».

"बिस्मिल्लाहिल्लजी ला यदुर्रु माअ इस्मीही शैं'उन फिल अर्जि वला फिस्समाई वहुवस्समिउलअलीम।"

(अर्थात्: अल्लाहको नामले, जसको नामसँगै पृथ्वीमा वा आकाशमा कुनै पनि चीजले हानि गर्न सक्दैन, र उहाँ सबै सुन्ने र सबै जान्ने हुनुहुन्छ।)

किनकि यस सम्बन्धमा रसूल (सल्लल्लाहु अलैहे वसल्लम) बाट सही रूपमा प्रोत्साहन आएको छ र यो सबै प्रकारका खराबीहरूबाट सुरक्षाको माध्यम हो।

दोस्रो: जादु भइसकेपछि त्यसको उपचार गर्न प्रयोग गरिने उपायहरू र यो पनि विभिन्न तरिकाहरूले गरिन्छ:

पहिलो: अल्लाहसँग बारम्बार विनम्रतापूर्वक प्रार्थना गर्नु र उहाँसँग हानि हटाउन र कष्ट कम गर्न दुआ गर्नु हो।

दोस्रो: जमिन, पहाड वा अन्यत्र जादुको स्थान पत्ता लगाउने प्रयास गर्नु। यदि त्यो स्थान फेला पर्‍यो र जादु निकालेर नष्ट गरियो भने जादुको प्रभाव समाप्त हुन्छ। यो जादुको लागि सबैभन्दा लाभदायक उपचारहरूमध्ये एक हो।

तेस्रो: शरई अजकार र प्रमाणित दुआहरूद्वारा रुक्या (झारफुक) गर्नु र यस्ता उपायहरू धेरै छन्; तीमध्ये:

अल्लाहका रसूल (सल्लल्लाहु अलैहि व सल्लम) बाट प्रमाणित यो दुआ:

«اللَّهُمَّ رَبَّ النَّاسِ، أَذْهِبِ الْبَأْسَ، وَاشْفِ أَنْتَ الشَّافِي، لَا شِفَاءَ إِلَّا شِفَاؤُكَ، شِفَاءً لَا يُغَادِرُ سَقَمًا».

"अल्लाहुम्म रब्बन्-नास, अज़्हिबिल्-बअस, वशिफ अन्तश्-शाफ़ी, ला शिफाअ इल्ला शिफाउक, शिफाअन् ला युगादिरु सकमा।"

(अर्थात्: हे अल्लाह, मानवजातिका प्रभु, कष्ट हटाउनुहोस् र निको पार्नुहोस्, किनकि तपाईं नै निको पार्नुहुन्छ। तपाईंको उपचार बाहेक अरू कुनै उपचार छैन, यस्तो उपचार जसले कुनै रोग बाँकी नरहोस्।) (तीन पटक)

त्यसैगरी; त्यो रुक्या (झारफुक) जुन जिब्रीलले नबी (सल्लल्लाहु अलैहि व सल्लम) लाई गरे, जुन यस प्रकार छ:

«بِسْمِ اللَّهِ أَرْقِيكَ، مِنْ كُلِّ شَيْءٍ يُؤْذِيكَ، وَمِنْ شَرِّ كُلِّ نَفْسٍ أَوْ عَيْنِ حَاسِدٍ، اللَّهُ يَشْفِيكَ، بِسْمِ اللَّهِ أَرْقِيكَ».

"बिस्मिल्लाहि अर्क़ीक, मिन कुल्लि शैइन् यु'ज़ीक, व मिन शर्रि कुल्लि नफ्सिन् औ ऐनिन हासिद, अल्लाहु यश्फीक, बिस्मिल्लाहि अर्क़ीक।"

(अर्थात: अल्लाहको नामले म तिमीलाई रुक्या (झारफुक) गर्छु, तिमीलाई दुःख दिने प्रत्येक कुराबाट र प्रत्येक आत्माको खराबी तथा ईर्ष्यालु आँखाको खराबीबाट। अल्लाहले तिमीलाई निको पारून्। अल्लाहको नामले म तिमीलाई रुक्या गर्छु।) (तीन पटक)

त्यसैगरी यो त्यस पुरुषका लागि उपयोगी उपचार हो, जो आफ्नी पत्नीसँग यौनसम्बन्ध (सहवास) गर्नबाट रोकिएको हुन्छ— उसले हरियो सिद्र (बेर) का सात पातहरू लिएर ढुंगा वा यस्तै कुनै वस्तुले पिस्ने, त्यसलाई एउटा भाँडोमा राख्ने, र स्नान (गुस्ल) का लागि पर्याप्त पानी हाल्ने र त्यसमा निम्न पाठ गर्ने:

आयतुल कुर्सी र

﴿قُلْ يَـٰٓأَيُّهَا ٱلْكَـٰفِرُونَ ۝١﴾

(कुल् या अय्युहल् काफिरून) पुरा पढ्ने। (अल् काफिरून्: १) र

﴿قُلْ هُوَ ٱللَّهُ أَحَدٌ ۝١﴾

(कुल हुवल्लाहु अहद) पुरा पढ्ने। [अल् इख्लास्: १] र

﴿قُلۡ أَعُوذُ بِرَبِّ ٱلۡفَلَقِ ۝١﴾

(कुल अऊजु बिरब्बिल फलक) पुरा पढ्ने। (अल-फलक: १) र

﴿قُلۡ أَعُوذُ بِرَبِّ ٱلنَّاسِ ۝١﴾

(कुल अऊजु बिरब्बिन नास) पुरा पढ्ने। [सुरह अन्नास: १]

सूरतुल अअराफमा जादूको बारेमा उल्लिखित आयतहरू पढ्ने, जुन अल्लाह तआलाको यो वाणी हो:

﴿وَأَوۡحَيۡنَآ إِلَىٰ مُوسَىٰٓ أَنۡ أَلۡقِ عَصَاكَۖ فَإِذَا هِيَ تَلۡقَفُ مَا يَأۡفِكُونَ ۝١١٧ فَوَقَعَ ٱلۡحَقُّ
وَبَطَلَ مَا كَانُواْ يَعۡمَلُونَ ۝١١٨ فَغُلِبُواْ هُنَالِكَ وَٱنقَلَبُواْ صَٰغِرِينَ ۝١١٩﴾

"हामीले मूसा (अलैहिस्सलाम) लाई वही गर्यौं: आफ्नो लाठी फ्याँक, अनि अचानक त्यो (लाठी) ले उनीहरूले बनाएको झूटलाई निल्न थाल्यो।"

अनि सत्य प्रकट भयो र उनीहरूले गर्दै आएका सबै कार्यहरू असत्य साबित भए।

त्यस स्थानमा उनीहरू पराजित भए र अपमानित भएर फर्किए।" [अल् अअराफ: ११७-११९]

सूरह यूनुसमा रहेका आयतहरू, जुन अल्लाह तआलाको यो वाणी हो:

﴿وَقَالَ فِرۡعَوۡنُ ٱئۡتُونِي بِكُلِّ سَٰحِرٍ عَلِيمٖ ٧٩ فَلَمَّا جَآءَ ٱلسَّحَرَةُ قَالَ لَهُم مُّوسَىٰٓ
أَلۡقُواْ مَآ أَنتُم مُّلۡقُونَ ٨٠ فَلَمَّآ أَلۡقَوۡاْ قَالَ مُوسَىٰ مَا جِئۡتُم بِهِ ٱلسِّحۡرُۖ إِنَّ ٱللَّهَ سَيُبۡطِلُهُۥٓ
إِنَّ ٱللَّهَ لَا يُصۡلِحُ عَمَلَ ٱلۡمُفۡسِدِينَ ٨١ وَيُحِقُّ ٱللَّهُ ٱلۡحَقَّ بِكَلِمَٰتِهِۦ وَلَوۡ كَرِهَ
ٱلۡمُجۡرِمُونَ ٨٢﴾

“फिरऔनले भन्यो: ‘प्रत्येक कुशल जादुगर (सहिर) मेरो अगाडि ल्याऊ।

जब जादुगरहरू आए, तब मूसा (अलैहिस्सलाम) ले उनीहरूलाई भने: 'तिमीहरूले जे फ्याँक्नुछ, फ्याँक।'

जब उनीहरूले (आफ्ना डोरी र लाठीहरू) फ्याँके, तब मूसा (अलैहिस्सलाम) ले भने: ‘तिमीहरूले जे ल्याएका छौ, त्यो जादु हो। निश्चय नै अल्लाहले यसलाई नष्ट पर्नुहुन्छ। निश्चय नै अल्लाह बिगार्नेहरूको कार्यलाई सफल पार्नुहुन्न।

अल्लाह आफ्ना वाणीहरूद्वारा सत्यलाई स्थापित गर्नुहुन्छ, चाहे अपराधीहरूलाई त्यो मन नपरोस्।” [यूनुस: ७९-८२]

त्सैगरी सूरह ताहामा भएका निम्न श्लोकरू पनि पढ्ने:

﴿قَالُواْ يَٰمُوسَىٰٓ إِمَّآ أَن تُلۡقِيَ وَإِمَّآ أَن نَّكُونَ أَوَّلَ مَنۡ أَلۡقَىٰ ٦٥ قَالَ بَلۡ أَلۡقُواْۖ فَإِذَا
حِبَالُهُمۡ وَعِصِيُّهُمۡ يُخَيَّلُ إِلَيۡهِ مِن سِحۡرِهِمۡ أَنَّهَا تَسۡعَىٰ ٦٦ فَأَوۡجَسَ فِي نَفۡسِهِۦ خِيفَةٗ
مُّوسَىٰ ٦٧ قُلۡنَا لَا تَخَفۡ إِنَّكَ أَنتَ ٱلۡأَعۡلَىٰ ٦٨ وَأَلۡقِ مَا فِي يَمِينِكَ تَلۡقَفۡ مَا صَنَعُوٓاْۖ إِنَّمَا
صَنَعُواْ كَيۡدُ سَٰحِرٖۖ وَلَا يُفۡلِحُ ٱلسَّاحِرُ حَيۡثُ أَتَىٰ ٦٩﴾

"उनीहरूले भने: 'हे मूसा! या त तिमी फ्याँक, वा हामीले पहिले फ्याँक्छौं।'

मूसा (अलैहिस्सलाम) ले भने: 'तिमीहरूले नै फ्याँक।' अनि जब उनीहरूले फ्याँके, तब उनीहरूको डोरी र लाठिहरू उनीहरूको जादुको कारणले मूसा (अलैहिस्सलाम) लाई यस्तो लाग्यो कि ती चलिरहेका छन्।

तब मूसा (अलैहिस्सलाम) ले आफ्नो मनमा केही डर महसुस गरे।

हामीले भन्यौं: 'डर नगर, निश्चय नै तिमी नै विजयी हुनेछौ।'

तिम्रो दाहिने हातमा जे छ, त्यो फ्याँक; यसले उनीहरूले बनाएका सबै कुरा निल्नेछ। निश्चय नै उनीहरूले जे बनाएका छन्, त्यो जादुगरको चाल हो र जादुगर जहाँ गए पनि सफल हुँदैन।" [सुरह ताहा: ६५-६९]

माथि उल्लेखित कुराहरू पानीमा पढेपछि त्यस पानीबाट तीन घुट्को पिउने र बाँकी पानीले स्नान गर्ने। यसरी, इन-शा अल्लाह रोग हट्छ। यदि आवश्यक पऱ्यो भने, रोग पूर्ण रूपमा समाप्त नभएसम्म दुई पटक वा अझ बढी प्रयोग गर्न पनि कुनै आपत्ति छैन।

जादु तथा अन्य सबै प्रकारका खराबीहरूबाट बच्न र जादु भइसकेपछि त्यसलाई हटाउन सबैभन्दा ठूलो माध्यमहरू यी अजकार, शरण माग्ने सुरहहरू र उपायहरू हुन्। यदि कसैले यी कुराहरू साँचो ईमान, अल्लाहमाथि भरोसा, उहाँमाथि निर्भरता र यसले जनाएका कुराप्रति मनको प्रसन्नतासहित पालन गर्छ भने।

जादूबाट बच्ने र त्यसको उपचार गर्ने उपायहरूका बारेमा हामीले बयान गर्न सकेका कुराहरू यति नै हुन्; सफलता र सामर्थ्य प्रदान गर्ने त महान् अल्लाह नै हुनुहुन्छ।

यहाँ एउटा महत्वपूर्ण विषय बुझ्नु जरुरी छ: जादुको उपचार जादूगरहरूको क्रियाकलापद्वारा गराउनु, जसमा बलि दिएर वा अन्य कुनै भेटी चढाएर जिन्न वा शैतानलाई प्रसन्न पारिन्छ, त्यो कदापि जायज छैन। वास्तवमा यो शैतानकै कार्य हो र यो 'शिर्क' जस्तो महान् पाप पनि हो। त्यसैगरी, भविष्यवाणी गर्ने, ज्योतिषी र पाखण्डीहरूसँग परामर्श लिनु वा उनीहरूले सुझाएका उपायहरूद्वारा उपचार गराउनु पूर्णतः अवैध छ। किनकि उनीहरू मिथ्यावादी एवं दुराचारी हुन् र अदृश्यको ज्ञान (गैब) राख्ने झूटो दाबी गरेर मानिसहरूलाई भ्रमित पार्ने गर्दछन्। रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले उनीहरूकहाँ जान, सोधपुछ गर्न र उनीहरूका कुरालाई सत्य मान्नलाई कडा रूपमा निषेध गर्नुभएको छ, जसको चर्चा यस लेखको प्रारम्भमै गरिसकिएको छ। यसबाट सावधान रहनु अत्यावश्यक छ। रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई "नुश्रा" (जादुको उपचारका लागि गरिने केही तरिका) बारे सोधिएको थियो, र उहाँले भन्नुभयो:

«هِيَ مِنْ عَمَلِ الشَّيْطَانِ».

"यो शैतानको काम हो।" यसलाई इमाम अह्मद र अबू दाऊदले उत्तम सनदका साथ वर्णन गरेका छन्।

'नुश्रा' भनेको जादु गरिएको व्यक्तिबाट जादु खोल्नु हो। नबी

(सल्लल्लाहु अलैहि वसल्लम) को अभिप्राय भनेको अज्ञानता युगको त्यो तरिका हो जसमा जादुगरलाई जादु खोल्नका लागि सोधिन्छ वा अर्को जादुगरद्वारा त्यस्तै जादु गरेर जादु हटाइन्छ।

जहाँसम्म रुक्या शरई (झारफुक), शरण दिने सुरहहरू र हलाल औषधिहरूद्वारा जादु खोल्ने कुरा छ, त्यसमा कुनै आपत्ति छैन, जस्तै पहिले उल्लेख गरिएको छ। यस विषयमा अल्लामा इब्न अल-कय्यिम र शेख अब्दुर्रहमान बिन हसन (रहमतुल्लाही अलैहिमा) ले 'फत्हुल मजीद' मा स्पष्ट रूपमा उल्लेख गरेका छन् र अन्य धेरै विद्वानहरूले पनि यसलाई स्पष्ट रूपमा उल्लेख गरेका छन्।

अन्त्यमा, हामी अल्लाहसँग प्रार्थना गर्छौं: हे अल्लाह, मुस्लिमहरूलाई प्रत्येक प्रकारको खराबीबाट सुरक्षा प्रदान गर्नुहोस्, उनीहरूको धर्मको रक्षा गर्नुहोस्, उनीहरूलाई धर्मको सही बुझाइ (फिकह) प्रदान गर्नुहोस् र शरिअतविपरीत सबै कुराबाट सुरक्षित राख्नुहोस्।

अल्लाहका भक्त तथा सन्देशवाहक मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) माथि र उहाँका सन्तान र साथीहरूमाथि अल्लाहको कृपा र शान्ति रहोस्।

***

بِسْمِ اللهِ الرَّحْمَنِ الرَّحِيمِ

## दशौं पत्र:

## चिहानमाथि मस्जिद निर्माण नगर्न चेतावनी

अल्लाहको नामबाट प्रारम्भ गर्दछु, जो अत्यन्त कृपाशील र दयावान् हुनुहुन्छ। सबै प्रशंसा अल्लाहकै लागि हो। दरुद एवं सलाम (शान्ति र कृपा) अवतरित होस् अल्लाहका रसूल, अन्तिम सन्देष्टा मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) माथि।

तत्पश्चात्: मैले 'मजल्लत राबिततुल-उलूम अल-इस्लामिय्या' को तेस्रो अंकमा प्रकाशित (मुस्लिम मासिक समाचार) शीर्षक अन्तर्गत एक समाचार देखेको छु। जोर्डन हाशिमी राज्यको इस्लामी विज्ञान संघले रहिब गाउँमा हालै फेला परेको एउटा गुफामाथि मस्जिद निर्माण गर्ने योजना बनाएको छ। यो त्यही गुफा हो जहाँ पवित्र कुरआनमा उल्लेख गरिएका 'अहले कहफ' (गुफावालाहरू) सुतेका थिए। समाप्त।

अल्लाह र उहाँका सेवकहरूप्रति नसीहत (सल्लाह) दिने दायित्वलाई ध्यानमा राख्दै, मैले हाशमी अधिराज्यमा रहेको 'राबिततुल-उलूम अल-इस्लामिय्या' लाई सोही पत्रिका मार्फत एउटा सन्देश दिन उपयुक्त ठानें, जसको विषयवस्तु यस्तो छ: उक्त गुफामा मस्जिद निर्माण गर्ने उनीहरूको योजनालाई कार्यान्वयन नगर्न सल्लाह दिनु। किनभने, नबीहरू र धर्मी व्यक्तिहरूका चिहान वा उनीहरूका अवशेषहरूमा मस्जिद निर्माण गर्नु इस्लामिक शरीअतले पूर्ण रूपमा निषेध गरेको र यसबारे कडा चेतावनी दिएको विषय हो। साथै यसो

गर्नेहरूमाथि लानत (श्राप) पनि आएको छ; किनकि यो शिर्क (बहुदेववाद) का माध्यमहरूमध्ये एक हो र नबीहरू तथा धर्मी व्यक्तिहरूप्रति अतिवाद (गुलु) गर्ने मार्ग हो। वर्तमान परिस्थितिले शरिअतले ल्याएको कुराको सत्यतालाई प्रमाणित गर्छ। यो शरिअत अल्लाहबाट अवतरित भएको कुरालाई स्पष्ट पार्छ। त्यसैगरी, यो रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले अल्लाहबाट ल्याएको र उम्मतलाई पुऱ्याएको सन्देशहरूको स्पष्ट र निर्णायक प्रमाण हो कि रसूल (सल्लल्लाहु अलैहि वसल्लम) यसमा साँचो हुनुहुन्छ। जसले इस्लामी संसारको अवस्था तथा चिहानहरूमाथि मस्जिदहरूको निर्माण, तिनको अत्यधिक सम्मान, सजावट र तिनका लागि संरक्षकहरूको नियुक्तिका कारण उत्पन्न भएको शिर्क र अतिवाद (गुलू) लाई विचारपूर्वक अवलोकन गर्छ, उसले निश्चय नै बुझ्नेछ कि यी कार्यहरू शिर्कका माध्यम हुन्। इस्लामी शरीअतले यस्ता कार्यहरूलाई पूर्ण रूपमा निषेध गरेको छ र चिहानहरूमाथि निर्माण गर्नबाट कडा रूपमा चेतावनी दिएको छ।

यस सन्दर्भमा बुखारी र मुस्लिमले आइशा (रजियल्लाहु अन्हा) बाट वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ:

«لَعَنَ اللَّهُ الْيَهُودَ وَالنَّصَارَى، اتَّخَذُوا قُبُورَ أَنْبِيَائِهِمْ مَسَاجِدَ، قالَتْ عَائِشَةُ: يُحَذِّرُ مَا صَنَعُوا، قالَتْ: وَلَوْلَا ذَلِكَ لَأُبْرِزَ قَبْرُهُ، غَيْرَ أَنَّهُ خُشِيَ أَنْ يُتَّخَذَ مَسْجِدًا».

“अल्लाहले यहूदी र ईसाईहरूलाई लानत गर्नुभएको छ, किनकि उनीहरूले आफ्ना पैगम्बरहरूको चिहानलाई मस्जिद (पूजास्थल)

बनाएका थिए।" आइशा (रजियल्लाहु अन्हा) ले भन्नुभयो: "उहाँले उनीहरूले गरेको कामबाट चेतावनी दिनुभएको थियो।" उहाँले थप भन्नुभयो: "यदि यस्तो डर नभएको भए उहाँको चिहानलाई प्रकट गरिन्थ्यो; तर यस डरले त्यसो गरिएन कि कहीं त्यसलाई मस्जिद (पूजास्थल) नबनाइयोस्।" सहीहैन (बुखारी र मुस्लिम) मा आएको छ, उम्मे सलमा र उम्मे हबीबा (रजियल्लाहु अन्हुमा) ले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई हबशामा देखेको चर्च र त्यसमा भएका तस्वीरहरूको बारेमा वर्णन गरिन्, तब नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो:

«أُولَئِكَ إِذَا مَاتَ فِيهِمُ الرَّجُلُ الصَّالِحُ؛ بَنَوْا عَلَى قَبْرِهِ مَسْجِدًا، وَصَوَّرُوا فِيهِ تِلْكَ الصُّوَرَ، أُولَئِكَ شِرَارُ الْخَلْقِ عِنْدَ اللَّهِ».

"जब तिनीहरूमध्ये कुनै धर्मी मानिसको मृत्यु हुन्थ्यो, तब तिनीहरूले उसको चिहानमाथि मस्जिद (प्रार्थनास्थल) निर्माण गर्थे र त्यहाँ ती (मृतक) का चित्रहरू बनाउँथे। यिनै मानिसहरू अल्लाहको नजरमा सबैभन्दा खराब सृष्टि हुन्।"

सही मुस्लिममा जुन्दब बिन अब्दुल्लाह (रजियल्लाहु अन्हु) बाट वर्णित छ, उनले भने: "मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले मृत्यु हुनुभन्दा पाँच दिनअघि यसो भन्दै गरेको सुनें:

«إِنِّي أَبْرَأُ إِلَى اللَّهِ أَنْ يَكُونَ لِي مِنْكُمْ خَلِيلٌ، فَإِنَّ اللَّهَ قَدِ اتَّخَذَنِي خَلِيلًا، كَمَا اتَّخَذَ إِبْرَاهِيمَ خَلِيلًا، وَلَوْ كُنْتُ مُتَّخِذًا مِنْ أُمَّتِي خَلِيلًا، لَاتَّخَذْتُ أَبَا بَكْرٍ خَلِيلًا، أَلَا وَإِنَّ مَنْ كَانَ قَبْلَكُمْ كَانُوا يَتَّخِذُونَ قُبُورَ أَنْبِيَائِهِمْ وَصَالِحِيهِمْ مَسَاجِدَ، أَلَا فَلَا

تَتَّخِذُوا الْقُبُورَ مَسَاجِدَ، فَإِنِّي أَنْهَاكُمْ عَنْ ذَلِكَ».

"म अल्लाहको सामु यो घोषणा गर्छु कि तिमीहरूमध्ये कोही पनि मेरो घनिष्ठ मित्र (खलील) छैन। किनकि अल्लाहले मलाई आफ्नो खलील (घनिष्ठ मित्र) बनाउनु भएको छ, जसरी उहाँले इब्राहीम (अलैहिस्सलाम) लाई आफ्नो खलील बनाउनु भएको थियो। यदि म आफ्नो उम्मतबाट कसैलाई खलील बनाउने भएको भए, म अबू बक्रलाई बनाउँथेँ। सावधान! तिमीहरूभन्दा अघिका मानिसहरूले आफ्ना नबीहरू र धर्मी व्यक्तिहरूका चिहानहरूलाई मस्जिद (उपासना स्थल) बनाउने गर्थे। त्यसैले तिमीहरू चिहानहरूलाई मस्जिद नबनाऊ। निश्चय नै म तिमीहरूलाई यसबाट रोक्छु।" यस विषयमा धेरै हदीसहरू आएका छन्।

चारै प्रमुख फिक्ही विचारधाराका विद्वानहरूले चिहानमाथि मस्जिद निर्माण गर्नु वा चिहानलाई उपासना स्थल बनाउनु निषेध (हराम वा कडा रूपमा मकरूह) भएको बताएका छन्। उनीहरूले यस सम्बन्धमा रसूल (सल्लल्लाहु अलैहि वसल्लम) का निर्देशनहरूलाई आधार बनाएका छन्। यो निषेधको उद्देश्य अल्लाहको एकेश्वरवाद (तौहीद) को संरक्षण गर्नु, शिर्कतर्फ लैजाने माध्यमहरू रोक्नु र उम्मतलाई ती गलत अभ्यासहरूबाट जोगाउनु हो, जुन अघिल्ला समुदायहरू (यहूदी र इसाईहरू) मा देखा परेका थिए, जहाँ उनीहरूले नबीहरू र धर्मी व्यक्तिहरूका चिहानहरूलाई उपासना स्थल बनाएका थिए।

अतः जोर्डनको इस्लामिक विज्ञान संघ (राबिततुल-उलूम अल-इस्लामिय्या) र अन्य सबै मुस्लिमहरूको कर्तव्य भनेको सुन्नतलाई

अपनाउनु, इमामहरूको मार्गमा चल्नु र अल्लाह तथा उहाँका रसूलले जसबाट चेतावनी दिनुभएको छ त्यसबाट सावधान रहनु हो। यसैमा नै मानिसहरूको सुधार, उनीहरूको सुख र उनीहरूको दुनिया तथा आखिरतको मुक्ति निहित छ। केही मानिसहरूले यसलाई 'अस्हाबे कहफ' को कुरासँग जोडेका छन्:

﴿...قَالَ ٱلَّذِينَ غَلَبُواْ عَلَىٰٓ أَمۡرِهِمۡ لَنَتَّخِذَنَّ عَلَيۡهِم مَّسۡجِدٗا﴾

“...जसले उनीहरूको मामिलामा प्रभुत्व प्राप्त गरे, तिनीहरूले भने: ‘हामी तिनीहरू (असहाब अल-कहफ) माथि अवश्य एउटा मस्जिद बनाउनेछौं।” [अल् कहफः २१]

यसको उत्तर यसरी दिइन्छ: अल्लाहले त्यस समयका प्रमुख र प्रभावशाली व्यक्तिहरूले यस्तो कुरा भनेको उल्लेख गर्नुभएको छ, तर यो उनीहरूको कामलाई स्वीकार वा अनुमोदन गर्ने उद्देश्यले होइन। बरु यो त उनीहरूको निन्दा, दोष देखाउने र उनीहरूको कार्यबाट टाढा राख्ने (चेतावनी दिने) उद्देश्यले हो। यो कुरा यस तथ्यबाट प्रमाणित हुन्छ कि रसूल (सल्लल्लाहु अलैहि वसल्लम), जसमाथि यो आयत अवतरित भएको थियो र जो यसको व्याख्यामा सबैभन्दा बढी जानकार हुनुहुन्थ्यो, उहाँले आफ्नो उम्मतलाई चिहानमाथि मस्जिद निर्माण गर्नबाट निषेध गर्नुभएको छ, यसबारे चेतावनी दिनुभएको छ, र यसो गर्नेहरूलाई लानत (श्राप) तथा निन्दा गर्नुभएको छ।

यदि यो कार्य जायज हुन्थ्यो भने रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले यसबारे यति कठोर रूपमा निषेध गर्नुहुने थिएन, न त यति

धेरै जोड दिनुहुने थियो कि यसो गर्ने व्यक्तिलाई लानत (श्राप) समेत गर्नुहुन्थ्यो, न त उहाँले उनीहरूलाई अल्लाहको नजरमा सबैभन्दा खराब सृष्टि भएको बताउनुहुन्थ्यो। सत्यको खोजी गर्ने व्यक्तिका लागि यो कुरा पर्याप्त र पूर्ण रूपमा सन्तोषजनक प्रमाण हो। यदि हामीले मान्यौं कि अघिल्ला समुदायहरूका लागि चिहानहरूमाथि मस्जिद निर्माण गर्नु जायज थियो भने पनि, हाम्रो लागि उनीहरूको अनुकरण गर्नु जायज हुँदैन; किनकि हाम्रो शरिअतले अघिल्ला सबै शरिअतहरूलाई रद्द (नासिख) गरेको छ। हाम्रा रसूल (सल्लल्लाहु अलैहि वसल्लम) अन्तिम सन्देष्टा हुनुहुन्छ, र उहाँको शरिअत पूर्ण तथा सर्वव्यापी छ। उहाँले हामीलाई चिहानहरूमाथि मस्जिद निर्माण गर्नबाट निषेध गर्नुभएको छ; त्यसैले हामीलाई उहाँको आदेशको विपरीत जानु जायज छैन। बरु हामीमाथि उहाँको अनुसरण गर्नु, उहाँले ल्याउनुभएको कुरामा दृढ रहनु, र पुराना शरिअतहरू तथा मानिसहरूले राम्रो ठानेका तर उहाँको मार्गसँग विरोध गर्ने सबै कुरालाई त्याग्नु अनिवार्य छ। किनकि अल्लाहको शरिअतभन्दा पूर्ण कुनै पनि व्यवस्था छैन, र रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को मार्गदर्शनभन्दा उत्तम कुनै मार्गदर्शन छैन।

हामी अल्लाहसँग विनम्र प्रार्थना गर्दछौं कि उहाँले हामीलाई र सम्पूर्ण मुस्लिमहरूलाई धर्ममाथि दृढतापूर्वक अडिग रहन र अन्तिम रसूल मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) को शरिअतलाई वचन, कर्म, बाह्य र आन्तरिक रूपमा तथा जीवनका सम्पूर्ण पक्षहरूमा मृत्युसम्म मजबुत रूपमा समातिरहन तौफिक प्रदान गरून्। निस्सन्देह,

उहाँ प्रार्थना सुन्नुहुन्छ र अत्यन्त निकट हुनुहुन्छ।

अल्लाहको कृपा र शान्ति उहाँका भक्त तथा अन्तिम सन्देष्टा मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) माथि, उहाँका परिवार, समस्त सहाबीहरू (सहाबा) र प्रलयको दिनसम्म उहाँको सत्य मार्गको अनुसरण गर्ने सम्पूर्ण अनुयायीहरूमाथि अवतरित होस्।

***

بِسْمِ اللهِ الرَّحْمَنِ الرَّحِيمِ

## एघारौं पत्र:

## मस्जिदहरूमा मृतकको दफन

अल्लाहको नामबाट सुरु गर्दछु, सम्पूर्ण प्रशंसाहरू अल्लाहकै लागि हुन्, अल्लाहका रसूल, उहाँका परिवार र उहाँको मार्गदर्शनलाई अनुसरण गर्ने सबैमाथि दरुद र सलाम (शान्ति र कृपा) अवतरित होस्, तत्पश्चातः

मैले १७/४/१४१५ हिजरी मा प्रकाशित 'खर्तुम' पत्रिकामा सय्यद मुहम्मद अल-हसन अल-इदरिसीलाई उम्म-दरमान शहरमा रहेको मस्जिदमा आफ्नो बुबाको छेउमा दफन गरिएको विज्ञप्ति प्रकाशित भएको पाएँ...।

मुस्लिमलाई उपदेश (नसिहत) दिनु र नकारात्मक कामको विरोध गर्नु अल्लाहले अनिवार्य गर्नुभएकोले मैले यो चेतावनी दिन उपयुक्त ठानेँ, मस्जिदहरूमा मृतकलाई दफन गर्नु स्वीकार्य छैन, बरु यो 'शिर्क' (बहुदेववाद) को माध्यम र यहूदी तथा ईसाईहरूको ती अभ्यासहरू मध्ये एक हो जसले गर्दा अल्लाहले उनीहरूको निन्दा गर्नुभयो र रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले उनीहरूलाई श्रापित गर्नुभयो। बुखारी र मुस्लिममा आइशा (रजियल्लाहु अन्हा) बाट वर्णित छ, नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो:

«لَعَنَ اللَّهُ الْيَهُودَ وَالنَّصَارَى، اتَّخَذُوا قُبُورَ أَنْبِيَائِهِمْ مَسَاجِدَ».

अर्थ: "अल्लाहले यहुदी र ईसाईहरूलाई श्राप देउन्, किनकि उनीहरूले आफ्ना पैगम्बरहरूको चिहानलाई पूजास्थल बनाएका छन्।" सही मुस्लिममा जुन्दुब बिन अब्दुल्लाह (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो:

«أَلَا وَإِنَّ مَنْ كَانَ قَبْلَكُمْ كَانُوا يَتَّخِذُونَ قُبُورَ أَنْبِيَائِهِمْ وَصَالِحِيهِمْ مَسَاجِدَ، أَلَا فَلَا تَتَّخِذُوا الْقُبُورَ مَسَاجِدَ؛ فَإِنِّي أَنْهَاكُمْ عَنْ ذَلِكَ».

अर्थ: "तिमीहरू भन्दा पहिलेका मानिसहरूले आफ्ना सन्देष्टा र धर्मी मानिसहरूको चिहानलाई पूजास्थलको रूपमा लिने गर्थे। चिहानहरूलाई पूजास्थलको रूपमा नलिनुहोस्, किनकि म तिमीहरूलाई त्यसो गर्न निषेध गर्दछु।" यस विषयमा धेरै हदीसहरू छन्।

विश्वभरका समस्त मुस्लिमले चाहे ऊ शासक होस् वा सर्वसाधारण; सबैले अल्लाहसँग डराउनुपर्छ र उहाँले निषेध गर्नुभएको कुराबाट बच्नुपर्छ। आफ्नो मृतकलाई मस्जिद बाहिर दफन गर्नुहोस् जसरी नबी (सल्लल्लाहु अलैहि वसल्लम), उहाँका सहाबाहरू (रदियल्लाहु अन्हुम) र उहाँका निष्ठावान् अनुयायीहरूले मस्जिद बाहिर मृतकहरूलाई गाड्ने गर्थे।

जहाँसम्म नबी (सल्लल्लाहु अलैहि वसल्लम) र उहाँका दुई साथी; अबु बकर र उमर (रदियल्लाहु अन्हुमा) को चिहान मस्जिद परिसरमा हो, यो मृतकलाई मस्जिदमा गाड्ने कुनै प्रमाण होइन, किनकि नबी (सल्लल्लाहु अलैहि वसल्लम) लाई आइशा (रदियल्लाहु अन्हा) को घरमा दफन गरिएको थियो र पछि उहाँका दुई साथीहरूलाई पनि उहाँकै छेउमा दफन गरियो।

तर जब वालिद बिन अब्दुल-मलिकले हिज्री सम्वतको पहिलो शताब्दीको सुरुवातमा मस्जिद विस्तार गरे तब उनले उनको घरलाई मस्जिदभित्र समावेश गराए। त्यस कार्यलाई विद्वानहरूले अस्वीकार गरे, तैपनि उनले विस्तार गरे। यो विषय स्पष्ट छ, जसमा कुनै भ्रम छैन।

यसरी प्रत्येक मुस्लिमलाई यो कुरा स्पष्ट हुन्छ: पैगम्बर (सल्लल्लाहु अलैहि वसल्लम) र उहाँका दुई साथीहरूलाई मस्जिदभित्र दफन गरिएका होइनन्।मस्जिदको विस्तारको कारणले गर्दा उनीहरूलाई यसमा समावेश गरिएको हो र यो मस्जिदहरूमा गाड्न अनुमतिको लागि कुनै प्रमाण होइन, किनकि वास्तवमा उनीहरू मस्जिदमा होइनन्, बरु उहाँको घरमा छन्। वलीदको उक्त कार्य यस विषयमा कसैको लागि प्रमाण हुन सक्दैन। वास्तविक प्रमाण केवल अल्लाहको किताब, नाबीको सुन्नत र सलफ (पूर्वज) हरूको 'इज्मा' (सर्वसम्मति) हो। अल्लाहले हामीलाई पनि उनीहरूको असल अनुसरण गर्ने शक्ति प्रदान गरुन्।

सल्लाह (नसीहत) दिन र आफ्नो जिम्मेवारीबाट मुक्त हुनका लागि यो लेख १४/५/१४१५ हिजरी मा लेखिएको हो।

अल्लाहले नै सफलता प्रदान गर्नुहुन्छ। हाम्रा नबी मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम), उहाँका परिवार, उहाँका महान् सहाबाहरू (साथीहरू) र प्रलयको दिनसम्म निष्ठापूर्वक उहाँहरूको अनुसरण गर्ने समस्त अनुयायीहरूमाथि अल्लाहको असिम कृपा, आशीर्वाद र शान्ति रहोस्।

بِسْمِ اللهِ الرَّحْمَنِ الرَّحِيمِ

## बाह्रौं पत्र:

## मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) को शरिअतबाट जो कोही बाहिर निस्कन सक्छ भन्ने दाबी गर्ने व्यक्तिको कुफ्र र गुमराहीको स्पष्ट व्याख्या

समस्त प्रशंसा अल्लाहका लागि हो, जो सारा संसारका पालनकर्ता हुनुहुन्छ। दरूद एवं सलाम होस् सम्पूर्ण रसूलहरूको अन्तिम तथा समापनकर्ता नबी मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) माथि, उहाँका परिवार र उहाँका सबै साथीहरू माथि।

अम्मा बा'दु: मैले 'अश्-शर्क अल-औसत' पत्रिकाको अंक नं. (५८२४), हिजरी सम्वत ५/६/१४१५ मा प्रकाशित लेख हेरेँ, जसलाई आफूलाई "अब्दुल फत्ताह अल-हायक" नामक व्यक्तिले (गलत बुझाइ) शीर्षक अन्तर्गत लेखेका छन्।

लेखको सारांश: उक्त व्यक्तिले इस्लाम धर्मका अनिवार्य रूपमा ज्ञात विषयहरू, स्पष्ट ईश्वरीय प्रमाण (नस्स) र सर्वसम्मत निर्णय (इज्मा) द्वारा प्रमाणित तथ्य—मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) को सन्देश सम्पूर्ण मानवजातिका लागि सार्वभौमिक हो—लाई अस्वीकार गरेको छ। साथै, उसले मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) को अनुसरण र आज्ञापालन नगरी यहूदी वा इसाई धर्ममै रहनेहरू पनि सत्य मार्गमै छन् भन्ने भ्रामक दाबी गरेको छ।

यसका साथै, उसले काफिर (अधर्मी) र अवज्ञाकारीहरूलाई परलोकमा दिइने सजायको सन्दर्भमा समस्त संसारका पालनकर्ता अल्लाहको हिकमत (ज्ञान र प्रज्ञा) र न्यायमाथि प्रश्न उठाउँदै त्यसलाई निरर्थक कार्यको संज्ञा दिएको छ।

उसले शरई (धार्मिक) प्रमाणहरूलाई विकृत गरेको छ, तिनलाई गलत सन्दर्भमा राखेको छ र आफ्नो इच्छा अनुसार व्याख्या गरेको छ। साथै, उसले शरई प्रमाणहरू र स्पष्ट ईश्वरीय प्रमाण (नस्स) लाई बेवास्ता गरेको छ, जसले मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) को सन्देशको सार्वभौमिकता, उहाँबारे सुनेर पनि अनुसरण नगर्ने व्यक्तिको कुफ्र तथा अल्लाहले इस्लाम बाहेक अरू कुनै धर्म स्वीकार गर्नुहुन्न तथ्यलाई स्पष्ट पर्छ र यस्ता अन्य धेरै स्पष्ट प्रमाणहरूबाट पनि उसले मुख मोडेको छ, ताकि अज्ञानी मानिसहरू उसको कुराबाट भ्रमित होऊन। उसले गरेको कार्य स्पष्ट कुफ्र (अविश्वास), इस्लामबाट धर्मत्याग, र सर्वशक्तिमान अल्लाह तथा उहाँका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को अस्वीकार हो, जुन ज्ञान र आस्था भएका मानिसहरूले उक्त लेख पढेपछि स्पष्ट रूपमा बुझ्न सक्छन्।

शासक (वली अल-अम्र) को कर्तव्य: उसलाई अदालतमा पठाइयोस्, ताकि उसलाई तौबा गर्न लगाइयोस् र पवित्र शरीअतले जे आदेश दिन्छ, त्यसअनुसार उसको बारेमा निर्णय गरियोस्।

अल्लाहले मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) को सन्देशको सार्वभौमिकता र सम्पूर्ण जिन्न तथा मानवजातिमाथि उहाँको अनुसरण अनिवार्य भएको कुरा स्पष्ट रूपमा बयान गरिसक्नुभएको छ। यो यस्तो

तथ्य हो, जसबाट सामान्य ज्ञान भएको कुनै पनि मुस्लिम अनभिज्ञ हुँदैन।

अल्लाहले भन्नुभएको छः

﴿قُلْ يَـٰٓأَيُّهَا ٱلنَّاسُ إِنِّى رَسُولُ ٱللَّهِ إِلَيْكُمْ جَمِيعًا ٱلَّذِى لَهُۥ مُلْكُ ٱلسَّمَـٰوَٰتِ وَٱلْأَرْضِ ۖ لَآ إِلَـٰهَ إِلَّا هُوَ يُحْىِۦ وَيُمِيتُ ۖ فَـَٔامِنُوا۟ بِٱللَّهِ وَرَسُولِهِ ٱلنَّبِىِّ ٱلْأُمِّىِّ ٱلَّذِى يُؤْمِنُ بِٱللَّهِ وَكَلِمَـٰتِهِۦ وَٱتَّبِعُوهُ لَعَلَّكُمْ تَهْتَدُونَ ﴿١٥٨﴾﴾

भनिदेऊ: "हे मानवजाति! म तिमीहरू सबैका लागि अल्लाहको रसूल हुँ, जसको आकाशहरू र पृथ्वीमाथि राज्य छ। उहाँ बाहेक कुनै साँचो उपास्य छैन। उहाँ नै जीवन दिनुहुन्छ र मृत्यु दिनुहुन्छ। त्यसैले अल्लाह र उहाँका उम्मी नबीमा ईमान ल्याऊ—जो स्वयं अल्लाह र उहाँका वाणीहरूमा विश्वास गर्छन्—र उहाँको अनुसरण गर, ताकि तिमीहरू मार्गदर्शन प्राप्त गर्न सक।" [अल्-आअराफ: १५८] अल्लाहले भन्नुभएको छः

﴿...وَأُوحِىَ إِلَىَّ هَـٰذَا ٱلْقُرْءَانُ لِأُنذِرَكُم بِهِۦ وَمَنۢ بَلَغَ...﴾

"...मलाई यो कुरआन वही (प्रकाशना) गरिएको छ ताकि म यसद्वारा तिमीहरूलाई र जससम्म यो पुग्छ उनीहरूलाई चेतावनी दिन सकूँ...।" [अल् अनआमः १९] अल्लाहले भन्नुभएको छः

﴿قُلْ إِن كُنتُمْ تُحِبُّونَ ٱللَّهَ فَٱتَّبِعُونِى يُحْبِبْكُمُ ٱللَّهُ وَيَغْفِرْ لَكُمْ ذُنُوبَكُمْ ۗ وَٱللَّهُ غَفُورٌ رَّحِيمٌ ﴿٣١﴾﴾

"भनिदेऊ: यदि तिमीहरू अल्लाहलाई प्रेम गर्छौ भने मेरो अनुसरण गर, तब अल्लाहले तिमीहरूलाई प्रेम गर्नुहुनेछ र तिमीहरूका पापहरू

क्षमा गरिदिनुहुनेछ। अल्लाह अत्यन्त क्षमाशील र दयावान् हुनुहुन्छ।" [आले-इमरान : ३१] अल्लाहले भन्नुभएको छः

﴿وَمَن يَبۡتَغِ غَيۡرَ ٱلۡإِسۡلَٰمِ دِينٗا فَلَن يُقۡبَلَ مِنۡهُ وَهُوَ فِي ٱلۡأٓخِرَةِ مِنَ ٱلۡخَٰسِرِينَ ٨٥﴾

"जसले इस्लाम बाहेक अन्य कुनै धर्म अपनाउँछ, उसको त्यो धर्म स्वीकार गरिने छैन र परलोक (आखिरत) मा ऊ घाटामा पर्नेहरूमध्ये हुनेछ।" [आले इम्रानः ८५] अल्लाहले भन्नुभएको छ:

﴿وَمَآ أَرۡسَلۡنَٰكَ إِلَّا كَآفَّةٗ لِّلنَّاسِ بَشِيرٗا وَنَذِيرٗا...﴾

"हामीले तपाईंलाई सम्पूर्ण मानवजातिका लागि शुभ-सूचना दिने र चेतावनी दिने बनाएर पठाएका छौं...।" [सूरह सबाः २८] अल्लाहले भन्नुभएको छ:

﴿وَمَآ أَرۡسَلۡنَٰكَ إِلَّا رَحۡمَةٗ لِّلۡعَٰلَمِينَ ١٠٧﴾

"हामीले तपाईंलाई सम्पूर्ण जगतका लागि केवल कृपा (रहमत) बनाएर पठाएका छौं।" [अल् अम्बियाः १०७] अल्लाहले भन्नुभएको छ:

﴿...وَقُل لِّلَّذِينَ أُوتُواْ ٱلۡكِتَٰبَ وَٱلۡأُمِّيِّـۧنَ ءَأَسۡلَمۡتُمۡۚ فَإِنۡ أَسۡلَمُواْ فَقَدِ ٱهۡتَدَواْۖ وَّإِن تَوَلَّوۡاْ فَإِنَّمَا عَلَيۡكَ ٱلۡبَلَٰغُۗ وَٱللَّهُ بَصِيرُۢ بِٱلۡعِبَادِ﴾

"...किताब दिइएकाहरू र निरक्षरहरूलाई भनिदिनुहोस्: 'के तिमीहरू इस्लाम स्वीकार गर्छौं?' यदि उनीहरूले इस्लाम स्वीकार गरे भने उनीहरू सही मार्गमा आएका हुन्छन्। यदि उनीहरू विमुख भए भने

तिम्रो कर्तव्य त केवल सन्देश पुऱ्याउनु मात्र हो। अल्लाह आफ्ना दासहरूलाई राम्ररी देखिरहनु भएको छ।" [आले इम्रानः २०]
अल्लाहले भन्नुभएको छ:

﴿تَبَارَكَ ٱلَّذِى نَزَّلَ ٱلْفُرْقَانَ عَلَىٰ عَبْدِهِۦ لِيَكُونَ لِلْعَٰلَمِينَ نَذِيرًا ۝١﴾

"उहाँ अत्यन्त बरकतपूर्ण हुनुहुन्छ, जसले आफ्ना दासमाथि फुरकान (कुरआन) अवतरण गर्नुभयो, ताकि उहाँ सम्पूर्ण संसारका लागि चेतावनी दिने बनून्।" [अल् फुरकानः १]

बुखारी र मुस्लिममा जाबिर (रजियल्लाहु अन्हु) बाट वर्णित छ, नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो:

«أُعْطِيتُ خَمْسًا لَمْ يُعْطَهُنَّ أَحَدٌ قَبْلِي: نُصِرْتُ بِالرُّعْبِ مَسِيرَةَ شَهْرٍ، وَجُعِلَتْ لِيَ الْأَرْضُ مَسْجِدًا وَطَهُورًا، فَأَيُّمَا رَجُلٍ مِنْ أُمَّتِي أَدْرَكَتْهُ الصَّلَاةُ، فَلْيُصَلّ، وَأُحِلَّتْ لِيَ الْمَغَانِمُ، وَلَمْ تَحِلَّ لِأَحَدٍ قَبْلِي، وَأُعْطِيتُ الشَّفَاعَةَ، وَكَانَ النَّبِيُّ يُبْعَثُ إِلَى قَوْمِهِ خَاصَّةً، وَبُعِثْتُ إِلَى النَّاسِ عَامَّةً».

"मलाई पाँच कुराहरू दिइएका छन्, जुन मभन्दा पहिले कसैलाई दिइएको थिएन: मलाई एक महिनाको दूरीसम्म (शत्रुहरूको हृदयमा) भयद्वारा सहायता दिइएको छ; मेरो लागि पृथ्वीलाई मस्जिद र पवित्र बनाइएको छ, त्यसैले मेरो उम्मतका जुनसुकै व्यक्तिलाई जहाँ पनि नमाजको समय पुग्छ, उसले त्यहीँ नमाज पढोस्; मेरो लागि गनीमत (युद्धमा प्राप्त सम्पत्ति) हलाल गरिएको छ, जुन मभन्दा पहिले कसैका लागि हलाल गरिएको थिएन; मलाई शफाअत (सिफारिस) दिइएको छ; र प्रत्येक नबी आफ्ना समुदायका लागि मात्र पठाइन्थ्यो, तर मलाई

सम्पूर्ण मानवजातिका लागि विश्वव्यापी दूतको रूपमा पठाइएको छ।"

हाम्रो नबी मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) सम्पूर्ण मानवजातिका लागि विश्वव्यापी रसूल हुनुहुन्छ भन्ने कुराको यो स्पष्ट प्रमाण हो। यसले यसभन्दा पहिलेका सबै शरिअतहरूलाई रद्द (नस्ख) गरेको छ। साथै, जसले मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) लाई पछ्याउँदैन र उहाँको आज्ञा पालन गर्दैन, ऊ काफिर र अवज्ञाकारी हो र उहाँको दण्डको योग्य हुन्छ। अल्लाह तआलाले भन्नुभएको छ:

﴿...وَمَن يَكۡفُرۡ بِهِۦ مِنَ ٱلۡأَحۡزَابِ فَٱلنَّارُ مَوۡعِدُهُۥۚ...﴾

"...विभिन्न समूहहरूमध्ये जसले उहाँलाई अस्वीकार गर्छ, उसको ठेगाना नरक हुनेछ...।" [हूदः १७] अल्लाहले भन्नुभएको छ:

﴿...فَلۡيَحۡذَرِ ٱلَّذِينَ يُخَالِفُونَ عَنۡ أَمۡرِهِۦٓ أَن تُصِيبَهُمۡ فِتۡنَةٌ أَوۡ يُصِيبَهُمۡ عَذَابٌ أَلِيمٌ﴾

"...त्यसैले जसले उहाँको आदेशको अवज्ञा गर्छन्, उनीहरू सावधान रहून् कि उनीहरूमाथि कुनै परीक्षा (फित्ना) नआओस् वा उनीहरूलाई कुनै पीडादायी सजाय नपरोस्।" [अन्नूरः ६३] अल्लाहले भन्नुभएको छ:

﴿وَمَن يَعۡصِ ٱللَّهَ وَرَسُولَهُۥ وَيَتَعَدَّ حُدُودَهُۥ يُدۡخِلۡهُ نَارًا خَٰلِدٗا فِيهَا وَلَهُۥ عَذَابٞ مُّهِينٞ ١٤﴾

"जसले अल्लाह र उहाँका रसूलको अवज्ञा गर्छ र उहाँका सीमाहरू उल्लङ्घन गर्छ, अल्लाहले उसलाई नरकको आगोमा हाल्नुहुनेछ, जहाँ

ऊ सधैं रहनेछ र उसको लागि अपमानजनक सजाय हुनेछ।" [अन्-निसा: १४] अल्लाहले भन्नुभएको छ:

﴿...وَمَن يَتَبَدَّلِ ٱلْكُفْرَ بِٱلْإِيمَٰنِ فَقَدْ ضَلَّ سَوَآءَ ٱلسَّبِيلِ﴾

"...जसले ईमानको सट्टा कुफ्र अपनाउँछ, उसले निश्चय नै सीधा मार्गबाट पूर्ण रूपमा भटकिसकेको छ।" [अल्-बकरह : १०८] यस अर्थका अन्य धेरै आयतहरू छन्।

अल्लाहले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को आज्ञापालनलाई आफ्नो आज्ञापालनसँग जोड्नुभएको छ। उहाँले स्पष्ट पार्नुभएको छ कि जसले इस्लाम बाहेक अन्य धर्म अपनाउँछ, ऊ घाटामा हुनेछ; उसबाट कुनै प्रकारको फर्ज वा नाफिल स्वीकार गरिने छैन। अल्लाह तआलाले भन्नुभएको छ:

﴿وَمَنْ يَبْتَغِ غَيْرَ الْإِسْلَامِ دِينًا فَلَنْ يُقْبَلَ مِنْهُ وَهُوَ فِي الْآخِرَةِ مِنَ الْخَاسِرِينَ ۝٨٥﴾

"जसले इस्लाम बाहेक अन्य कुनै धर्म खोज्छ, उसको त्यो धर्म कहिल्यै स्वीकार गरिने छैन र ऊ परलोकमा घाटामा पर्नेहरूमध्ये हुनेछ।" [आले इम्रानः ८५] अल्लाहले भन्नुभएको छ:

﴿مَنْ يُطِعِ الرَّسُولَ فَقَدْ أَطَاعَ اللَّهَ...﴾

"जसले रसूलको आज्ञापालन गर्छ, उसले वास्तवमा अल्लाहकै आज्ञापालन गरेको हुन्छ।" [अन्-निसा: ८०] अल्लाहले भन्नुभएको छः

﴿قُلْ أَطِيعُوا اللَّهَ وَأَطِيعُوا الرَّسُولَ فَإِنْ تَوَلَّوْا فَإِنَّمَا عَلَيْهِ مَا حُمِّلَ وَعَلَيْكُمْ مَا

حُمِّلْتُمْ وَإِنْ تُطِيعُوهُ تَهْتَدُوا...﴾

"भनिदेऊ: अल्लाहको आज्ञापालन गर र रसूलको आज्ञापालन गर। यदि तिमीहरू विमुख हुन्छौ भने उहाँमाथि केवल उहाँलाई दिइएको जिम्मेवारी छ, र तिमीहरूमाथि तिमीहरूलाई दिइएको जिम्मेवारी छ। र यदि तिमीहरूले उहाँको आज्ञापालन गर्‍यौ भने तिमीहरू मार्गदर्शन प्राप्त गर्नेछौ।" [सुरह नूर: ५४] अल्लाहले भन्नुभएको छ:

﴿إِنَّ الَّذِينَ كَفَرُوا مِنْ أَهْلِ الْكِتَابِ وَالْمُشْرِكِينَ فِي نَارِ جَهَنَّمَ خَالِدِينَ فِيهَا أُولَئِكَ هُمْ شَرُّ الْبَرِيَّةِ ۝٦﴾

"निश्चय नै किताब दिइएकाहरू र मुशरिकहरूमध्ये जसले कुफ्र गरे, उनीहरू सधैं नरकको आगोमा रहनेछन्। यिनीहरू नै सृष्टिमध्ये सबैभन्दा निकृष्ट हुन्।" [अल्-बय्यिना: ६]

मुस्लिमले सही मा वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो:

«وَالَّذِي نَفْسِي بِيَدِهِ؛ لَا يَسْمَعُ بِي أَحَدٌ مِنْ هَذِهِ الْأُمَّةِ، يَهُودِيٌّ وَلَا نَصْرَانِيٌّ، ثُمَّ يَمُوتُ وَلَمْ يُؤْمِنْ بِالَّذِي أُرْسِلْتُ بِهِ؛ إِلَّا كَانَ مِنْ أَهْلِ النَّارِ».

"अल्लाहको कसम कसम, जसको हातमा मेरो प्राण छ! यस उम्मतका कुनै यहूदी वा इसाईले मेरो बारेमा सुन्छ र त्यसपछि मैले ल्याएको सन्देशमा ईमान नल्याई मर्छ भने, ऊ अवश्य नै नरकवासी हुनेछ।"

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले आफ्नो कथन र

व्यवहारद्वारा इस्लाम धर्ममा प्रवेश नगर्नेहरूको धर्म अमान्य (बातिल) भएको कुरा स्पष्ट पार्नुभएको छ। उहाँले यहूदी र इसाईहरूसँग युद्ध गर्नुभएको छ, जसरी अन्य काफिरहरूसँग पनि युद्ध गर्नुभयो। साथै, उहाँले उनीहरूमध्ये जसले जिजया (कर) दिए उनीहरूबाट स्वीकार गर्नुभएको थियो, ताकि तिनीहरूले इस्लामको दावत (आह्वान) लाई बाँकी मानिसहरूसम्म पुग्न नदिने बाधा नबनाऊन्, र तिनीहरूमध्ये जो कोही इस्लाममा प्रवेश गर्न चाहन्छ उसले आफ्नो समुदायबाट डर—जस्तै रोकावट, प्रतिबन्ध वा हत्या—बिना इस्लाम स्वीकार गर्न सकून्।

बुखारी र मुस्लिममा अबु हुरैरा (रजियल्लाहु अन्हु) बाट वर्णित छ: हामी मस्जिदमा बसिरहेका थियौं, त्यसै बेला अल्लाहका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) बाहिर आउनुभयो र भन्नुभयो:

«انْطَلِقُوا إِلَى يَهُودَ، فَخَرَجْنَا مَعَهُ حَتَّى جِئْنَا بَيْتَ الْمِدْرَاسِ، فَقَامَ النَّبِيُّ ﷺ، فَنَادَاهُمْ فَقَالَ :يَا مَعْشَرَ يَهُودَ، أَسْلِمُوا تَسْلَمُوا، فَقَالُوا: قَدْ بَلَّغْتَ يَا أَبَا الْقَاسِمِ، فَقَالَ لَهُمْ رَسُولُ اللَّهِ ﷺ: ذَلِكَ أُرِيدُ، أَسْلِمُوا تَسْلَمُوا، فَقَالُوا: قَدْ بَلَّغْتَ يَا أَبَا الْقَاسِمِ، فَقَالَ لَهُمْ رَسُولُ اللَّهِ ﷺ: ذَلِكَ أُرِيدُ، ثُمَّ قَالَهَا الثَّالِثَةَ...».

"यहूदीहरूतर्फ जाऊ" भन्ने आदेश भयो, त्यसपछि हामी उहाँसँगै निस्कियौं र बैतुल-मिदरास (यहूदीहरूको अध्ययनस्थल) मा पुग्यौं। तब नबी (सल्लल्लाहु अलैहि वसल्लम) उठ्नुभयो र उनीहरूलाई बोलाउँदै भन्नुभयो: "हे यहूदी समुदाय! इस्लाम स्वीकार गर, तिमीहरू सुरक्षित रहनेछौ।" उनीहरूले भने: "हे अबुल-कासिम! तपाईंले सन्देश पुऱ्याउनुभयो।"

तब अल्लाहका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले

उनीहरूलाई भन्नुभयो: “म यही चाहन्छु, इस्लाम स्वीकार गर, सुरक्षित रहनेछौ।” उनीहरूले भने: “हे अबुल-कासिम! तपाईंले सन्देश पुऱ्याउनुभयो।”तब अल्लाहका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले फेरि भन्नुभयो: “म यही चाहन्छु,” त्यसपछि उहाँले तेस्रो पटक पनि सोही कुरा भन्नुभयो...।” पूरा हदीस।

यसको मतलब: नबी (सल्लल्लाहु अलैहि वसल्लम) यहूदीहरूको अध्ययनस्थलमा गएर उनीहरूलाई इस्लामको निम्तो दिनुभयो र भन्नुभयो: “इस्लाम स्वीकार गर, तिमीहरू सुरक्षित रहनेछौ।” उहाँले यो कुरा उनीहरूका सामु बारम्बार दोहोऱ्याउनुभयो।

त्यसैगरी, नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले हेराक्लियस (हरक्ल)लाई इस्लामतर्फ आह्वान गर्दै एउटा पत्र पठाउनुभयो, जसमा उल्लेख थियो कि यदि उनले इन्कार गरे भने, उनको इन्कारका कारण इस्लाम स्वीकार नगर्ने मानिसहरूको पापको भार पनि उनैमाथि पर्नेछ। बुखारी र मुस्लिममा वर्णन भएअनुसार, हेराक्लियसले अल्लाहका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को पत्र मगाए, त्यसलाई पढे र त्यसमा यस्तो लेखिएको थियो:

«بِسْمِ اللَّهِ الرَّحْمَنِ الرَّحِيمِ، مِنْ مُحَمَّدٍ رَسُولِ اللَّهِ إِلَى هِرَقْلَ عَظِيمِ الرُّومِ، سَلَامٌ عَلَى مَنِ اتَّبَعَ الْهُدَى، أَمَّا بَعْدُ: فَإِنِّي أَدْعُوكَ بِدِعَايَةِ الْإِسْلَامِ، أَسْلِمْ تَسْلَمْ، وَأَسْلِمْ يُؤْتِكَ اللَّهُ أَجْرَكَ مَرَّتَيْنِ، فَإِنْ تَوَلَّيْتَ، فَإِنَّ عَلَيْكَ إِثْمَ الْأَرِيسِيِّينَ وَ

बिस्मिल्लाहिर-रहमानिर-रहीम। मुहम्मद, अल्लाहका रसूलबाट हेराक्लियस, रोमका महान शासकलाई। जो कोही सत्य मार्गदर्शनको

अनुसरण गर्छ, उसमाथि शान्ति होस्। त्यसपछि: म तिमीलाई इस्लामको निम्तो दिन्छु। इस्लाम स्वीकार गर, तिमी सुरक्षित रहनेछौ। इस्लाम स्वीकार गर, अल्लाहले तिमीलाई दुई गुणा प्रतिफल दिनुहुनेछ। तर यदि तिमी विमुख भयौ भने, तिमीमाथि अरीसीयिन (तिम्रो प्रजाहरू) को पापको भार पर्नेछ।

﴿يَـٰٓأَهۡلَ ٱلۡكِتَـٰبِ تَعَالَوۡاْ إِلَىٰ كَلِمَةٖ سَوَآءِۭ بَيۡنَنَا وَبَيۡنَكُمۡ أَلَّا نَعۡبُدَ إِلَّا ٱللَّهَ وَلَا نُشۡرِكَ بِهِۦ شَيۡـٔٗا وَلَا يَتَّخِذَ بَعۡضُنَا بَعۡضًا أَرۡبَابٗا مِّن دُونِ ٱللَّهِۚ فَإِن تَوَلَّوۡاْ فَقُولُواْ ٱشۡهَدُواْ بِأَنَّا مُسۡلِمُونَ ٦٤﴾

"हे किताब दिइएकाहरू! यस्तो एउटा समान वाक्यतर्फ आउ, जुन हाम्रो र तिमीहरूको बीचमा समान छ—कि हामी अल्लाह बाहेक अरू कसैको उपासना नगरौं, उहाँसँग कुनै पनि चीजलाई साझेदार नबनाऔं र हामीमध्ये कसैले अर्कोलाई अल्लाह बाहेक 'रब' (पालनकर्ता) नमानोस्। यदि तिनीहरू विमुख हुन्छन् भने भनिदेऊ: 'गवाही बस, हामी त मुस्लिम हौं।" [आले इम्रान: ६४]

त्यसपछि, जब उनीहरू फर्किए र इस्लाम स्वीकार गर्न अस्वीकार गरे, तब पैगम्बर (सल्लल्लाहु अलैहि वसल्लम) र उहाँका सहाबाहरूले उनीहरूसँग युद्ध गरे र उनीहरूमाथि जिजिया (कर) लगाइयो।

मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) को शरियाले अघिल्ला धर्महरूलाई रद्द गरिसकेपछि उनीहरू पथभ्रष्ट र असत्य धर्ममा छन् भन्ने कुरा स्पष्ट पार्न, अल्लाहले मुस्लिमहरूलाई प्रत्येक दिन, प्रत्येक नमाजमा र प्रत्येक रकअतमा उहाँसँग सही, सीधा र स्वीकार्य मार्गको

लागि प्रार्थना गर्न आदेश दिनुभएको छ, जुन हो—इस्लाम। त्यसैगरी, उसलाई क्रोधित गरिएकाहरूको मार्गबाट टाढा राखियोस्—जो यहूदीहरू र उनीहरूजस्ता मानिसहरू हुन्, जसले आफूहरू असत्यमा रहेको थाहा पाउँदापाउँदै पनि त्यसमै अडिग रहन्छन्। त्यसैगरी उसलाई भट्किएकाहरूको मार्गबाट पनि टाढा राखियोस्—जो ज्ञानबिनै उपासना गर्छन् र आफूहरू सही मार्गमा छन् भन्ने दाबी गर्छन्, जबकि उनीहरू वास्तवमा भट्किएको मार्गमा हुन्छन्। तिनीहरू हुन्—इसाईहरू र तिनीहरूजस्ता अन्य समुदायहरू, जो अज्ञानता र भ्रममा आधारित उपासनामा लागेका छन्। यी सबै यसका लागि हुन् कि मुस्लिमले पूर्ण निश्चितताका साथ जानोस्, इस्लाम बाहेक प्रत्येक धर्महरू असत्य (बातिल) हुन्। जसले इस्लाम बाहेक अरू तरिकाले अल्लाहको उपासना गर्छ, ऊ पथभ्रष्ट हो र जसले यो कुरामा विश्वास गर्दैन, त्यो मुस्लिम होइन। यस विषयमा कुरआन र सुन्नतमा धेरै प्रमाणहरू छन्।

त्यसैले उक्त लेखका लेखक—अब्दुल फत्ताह—ले इमानदारीपूर्वक सच्चा तौबा गर्न हतार गर्नुपर्छ र आफ्नो तौबाको घोषणा गर्ने एउटा लेख लेख्नुपर्छ। जसले इमानदारीपूर्वक सच्चा तौबा गर्छ, अल्लाहले उसको तौबा स्वीकार गर्नुहुन्छ; किनकि महान् अल्लाहले भन्नुभएको छ:

﴿...وَتُوبُوٓاْ إِلَى ٱللَّهِ جَمِيعًا أَيُّهَ ٱلۡمُؤۡمِنُونَ لَعَلَّكُمۡ تُفۡلِحُونَ﴾

"...हे ईमानवालाहरू! तिमीहरू सबै अल्लाहतर्फ तौबा गर, ताकि तिमीहरू सफल हुन सक।" [अन्नूरः ३१] अर्को स्थानमा अल्लाहले भन्नुभएको छ:

﴿وَٱلَّذِينَ لَا يَدۡعُونَ مَعَ ٱللَّهِ إِلَٰهًا ءَاخَرَ وَلَا يَقۡتُلُونَ ٱلنَّفۡسَ ٱلَّتِي حَرَّمَ ٱللَّهُ إِلَّا بِٱلۡحَقِّ وَلَا يَزۡنُونَۚ وَمَن يَفۡعَلۡ ذَٰلِكَ يَلۡقَ أَثَامٗا ٦٨ يُضَٰعَفۡ لَهُ ٱلۡعَذَابُ يَوۡمَ ٱلۡقِيَٰمَةِ وَيَخۡلُدۡ فِيهِۦ مُهَانًا ٦٩ إِلَّا مَن تَابَ وَءَامَنَ وَعَمِلَ عَمَلٗا صَٰلِحٗا فَأُوْلَٰٓئِكَ يُبَدِّلُ ٱللَّهُ سَيِّـَٔاتِهِمۡ حَسَنَٰتٖۗ وَكَانَ ٱللَّهُ غَفُورٗا رَّحِيمٗا ٧٠﴾

"जसले अल्लाहसँग अन्य कुनै देवतालाई पुकार्दैनन्, अल्लाहले हराम गरेको प्राणलाई अनाहक हत्या गर्दैनन्, र व्यभिचार (जिना) गर्दैनन्। जसले यीमध्ये कुनै गर्छ, उसले कठोर सजाय भोग्नेछ।

कियामतको दिन उसको सजाय दोब्बर गरिनेछ र ऊ त्यसैमा अपमानित भएर सधैं रहनेछ।

तर ती मानिसहरू बाहेक, जसले पश्चात्ताप गरे, ईमान ल्याए र सत्कर्म गरे। अल्लाहले तिनीहरूका खराब कर्महरूलाई असल कर्महरूमा परिवर्तन गरिदिनुहुनेछ। अल्लाह अत्यन्त क्षमाशील र दयावान् हुनुहुन्छ।" [अल् फुर्कानः ६८-७०] त्यसैगरी नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ:

«الإِسْلَامُ يَهْدِمُ مَا كَانَ قَبْلَهُ، وَالتَّوبَةُ تَهْدِمُ مَا كَانَ قَبْلَهَا».

"इस्लामले आफूभन्दा पहिलेका सबै (पापहरू) नष्ट गरिदिन्छ, र तौबाले पनि आफूभन्दा पहिलेका सबै (पापहरू) नष्ट गरिदिन्छ।" नबी (सल्लल्लाहु अलैहि वसल्लम) को अर्को वचन छ:

«التَّائِبُ مِنَ الذَّنْبِ كَمَنْ لَا ذَنْبَ لَهُ».

"पापबाट पश्चात्ताप गर्ने व्यक्ति पाप नगरेको जस्तै हुन्छ।"

यस अर्थमा कुरआनका आयतहरू र हदीसहरू धेरै छन्।

म अल्लाहसँग प्रार्थना गर्दछु कि उहाँले हामीलाई सत्यलाई सत्यको रूपमा देखाउने र त्यसलाई पालन गर्ने क्षमता प्रदान गरून्, र हामीलाई असत्यलाई असत्यको रूपमा देखाउने र त्यसबाट टाढा रहने क्षमता प्रदान गरून्। साथै, हामीलाई, लेखक अब्दुल-फत्ताहलाई र सम्पूर्ण मुस्लिमहरूलाई सच्चा तौबा गर्ने तौफीक प्रदान गरून्, र हामी सबैलाई भ्रामक प्रलोभनहरू, इच्छाहरू तथा शैतानको आज्ञापालनबाट सुरक्षित राखून्। निस्सन्देह, उहाँ नै हाम्रा संरक्षक हुनुहुन्छ र हरेक कुरामा सर्वशक्तिमान् हुनुहुन्छ।

हाम्रा पैगम्बर मुहम्मद, उहाँको परिवार, उहाँका सहाबीहरू र न्यायको दिनसम्म भलाइका साथ उहाँहरूको अनुसरण गर्ने सबैमाथि अल्लाहको कृपा र शान्ति रहोस्।

❋❋❋

## विषयसूची

पहिलो पत्र ........................................................2

सही आस्था र यसका विपरीत कुराहरू ................................2

पहिलो आधारः सर्वशक्तिमान अल्लाहप्रति आस्था: ................6

दोस्रो आधार: फरिश्ताहरूप्रति आस्था राख्नु, .......................22

तेस्रो आधारः किताबहरूप्रति आस्था राख्नु र यसमा पनि दुई कुरा समावेश छन्: ..................................................24

चौथो आधार: रसूलहरूमा ईमान राख्नु, ...............................27

पाँचौं आधार: अन्तिम दिन (प्रलयको दिन) प्रति आस्था राख्नु .28

छैटौं आधार: भाग्य (तक्दिर) मा विश्वास ...........................29

सही आस्था विपरीत सिद्धान्तहरू.......................................35

दोस्रो पत्र: नबी (सल्लल्लाहु अलैहि वसल्लम) सँग मद्दत माग्ने सम्बन्धी हुकुम....................................................46

तेस्रो पत्र ..............................................................66

जिन र शैतानहरूसँग सहायता माग्नु तथा उनीहरूका लागि भाकल (नजर) गर्नुको हुक्म..................................................66

चाैथो पत्र ............................................................91

अप्रमाणित तथा शिर्कयुक्त विर्द (ज़िक्र–दुआ) द्वारा गरिने उपासनाको हुकुम ...................................................91

पाँचाैं पत्र: ............................................................122

नबी ﷺ को जन्मदिन (मौलीद) र अन्य यस्ता जन्मोत्सवहरू मनाउने हुकुम।..........................................................................122
छैटौं पत्र: ...........................................................................135
इस्रा र मेराजको रात उत्सव मनाउने सम्बन्धमा इस्लामिक निर्णय ..........................................................................................135
सातौँ पत्र: ...........................................................................143
शअबान महिनाको मध्य रात उत्सव मनाउने सम्बन्धी हुक्म ...143
आठौँ पत्र: ...........................................................................162
मस्जिदे नबवीका सेवक शेख अहमदको नाममा फैलाईएको झुठो वसीयत (इच्छापत्र) को बारेमा एक महत्त्वपूर्ण चेतावनी .............162
।..........................................................................................162
नवौं पत्र: जादू, ज्योतिष र यससँग सम्बन्धित कुराहरूको हुकुम ..........................................................................................182
दशौं पत्र: चिहानमाथि मस्जिद निर्माण नगर्न चेतावनी...........200
एघारौं पत्र: मस्जिदहरूमा मृतकको दफन............................207
बाह्रौं पत्र: मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) को शरिअतबाट जो कोही बाहिर निस्कन सक्छ भन्ने दाबी गर्ने व्यक्तिको कुफ्र र गुमराहीको स्पष्ट व्याख्या...................................................210

***

ne397v4.0 - 04/06/2026

رئاسة الشؤون الدينية
بالمسجد الحرام والمسجد النبوي

رسالة الحرمين

# Message of The Two Holy Mosques

Guidance content for the visitors of the Holy Mosque and the Prophet's Mosque in languages.